समाजलाई उजागर गर्ने जमर्को गरिएको छ । प्रेम र रोइला भन्ने वित्तिकै रोइलाद्वारा अभिव्यञ्जित मानव मूल्य र महत्ताका बारेमा प्रेमात्मक भावनाको स्थान र महत्त्वको किटानी गर्ने जमर्को गरिएको छ । जसद्वारा जुन क्षेत्र र परिसरमा केन्द्रित रही रोइलाको संकलन गरिएको थियो, त्यसै क्षेत्रको जनजीवनको मात्र भावनात्मक प्रेमको छनक पाइने होइन । प्रायः गरेर मानव समुदायका आन्तरिक व्यथा, कथा, कहानी, सद्भाव, विकृति, सिर्जन, सुस्केरा, सुसेली, थकाइ, उल्लास आदिको नै प्रत्यक्ष अप्रत्यक्ष सुख र दुःखको अभिव्यक्ति एवम् उसको आन्तरिक र वाह्य जीवनचक्रका बारेमा पनि समेटेको पाउन सकिन्छ । त्यसैले मानवको समष्टि दर्पण रोइलाद्वारा हेर्न नपाइने भए पनि प्रायः अधिकांश पक्षको भने हामीले असल तरिकाले चिरफार गर्न सक्यो भने पाउन सकिन्छ । रोइलामा प्रस्तुत जीवनचक्रको यथार्थिक विश्लेषण पश्चात् मात्रै थाहा लाग्दछ, वास्तवमा हामी आफ्नो जीवन ठोसमा भन्दा तरलमा, अडिन भन्दा बग्नमा बिताइ रहेका छौं । मूलतः लोकसाहित्य एवम् रोइला समाजकै उपज हो र त्यस भित्रकै गुदीहरू रोइलामा पाउन सकिन्छ, जुन सतही रूपमा मानव समाजको अवलोकनद्वारा सम्भव छैन :

यतै आउ मयालो ,
बोलाई रहन दिक्क छ ,
बस्ने ठाउँ ठिक्क छ ॥

सुथरीले तान ,
पिपलुको छायाँलाई ,
हितकारी मायालाई ॥

माया प्रेमका बारेमा छोटोमा अर्थपूर्ण रूपमा प्रस्तुत गर्नु हम्मे पर्दछ । यसको दायरा यति ठुलो छ कि जसलाई झट्ट आँक्न पनि सकिँदैन । मायालुको पछि लाग्ने र आफ्नो जीवनको महत्त्वपूर्ण हीतका खातिर आफ्नो मनका अन्तरकुन्तरमा रहेका कुराहरू पनि छरप्रस्टै पोख्ने बानि भएका मानिसहरू हाम्रो समाजमा छ्यास्छ्यास्तै पाउन सकिन्छ । मायालुविनाको जीवन रालोविनाको घण्टा जस्तै हुन्छ । त्यसैले प्रेमीले प्रेमिकालाई र प्रेमिकाले प्रेमीलाई विनाहिच्किचाहट नारी र पुरुष रथका दुई पाग्रा हुन्, रथलाई सकुशल गुडाई निश्चित ठाउँमा पुऱ्याउन दुवैको उत्तिकै आवश्यक भूमिका रहेजस्तै हामी दुई मध्ये एकको अभावमा दुवैलाई सफलता मिल्दैन । यस प्रकारका कुरा सुन्दा त यथार्थजस्तो लाग्ने गर्छ र वास्तविकता नै यही हो पनि भनिन्छ । तर यस्ता आदर्शका कुरा गर्नेहरूका भनाइमा पनि उत्तिकै इमान्दारिता, सत्यता र कर्तव्य निष्ठता रहेकै हुन्छ भनी मान्न कठिन पर्छ ।

प्रेम सधै दोहोरो नै हुन्छ भन्न सकिन्न । कहिलेकाँही एकलकाटे प्रेमले पनि उर्वर थलो प्राप्त गर्न सक्छ । प्रायः यस्ता प्रवृतिका जराहरू जतिजति गहिराइमा पुग्दछन् त्यतित्यति ढुङ्गामा पर्न सक्छन् र परिणाम ऐजरुमा परिवर्तन हुन सक्छ । उक्त रोइलाद्वारा आउनका लागि आग्रह गरिएको र बस्ने ठाउँको राम्रो बन्दोवस्त समेत मिलाइएको अवस्थामा मान खोज्नु भन्दा आऊ भन्दै अव बोलाउन नसकिने जानकारीको समेत संकेत दिइएको छ । यसरी उक्त रोइलामा पनि एकतर्फी आग्रह गरिएको प्रतीत हुन्छ । मायालुहरू प्रायः हितकारी नै हुन्छन्, अपवाद कहींकतै वैगुनी र बैमानी भए भन्दैमा सबैलाई एउटै ढर्रामा हाल्नु हुँदैन । त्यसैले नै माथिका रोइलाद्वारा मायालाई हितकारी भनिएको हो:

आउन भित्र बस ,,
बाहिर चिसो भै भयो ,
माया मारे झै भयो ॥



Scanned by CamScanner

मानेनौ नी बाउले
चिनी किनी खाऊ भन्दा ,
झ्याप्पै माया लाऊ भन्दा ॥

मित्रले मित्रलाई आदर गरी आतित्यथा ग्रहण गर्न आग्रह गरिएका घटनाहरू सुन्न र देख्न नपाइने होइन । तर सबैले सबैको भावना सहज रूपमा बुझ्न नसक्ने हुनाले एकले हार्दिकताका साथ दिएको निमन्त्रणा एवम् आतित्यथालाई बुझ्न नसक्नु पनि मानवको दुष्प्रवृतिकै कारणले नै त्यो भएको हो भनी मानिएको पाइन्छ। एकले गरेको अभिवादनलाई अर्काले सहृदयताका साथ फर्काएन भने पनि मन खिन्न हुने गर्दछ। त्यसैले हामीहरूले पनि अर्काले गरेको मायाप्रेमलाई बेवास्ता गर्ने बानी खराव होभनी बुझ्नु पर्दछ । हामीहरूलाई माया गर्नेलाई हामीहरूले पनि किन प्रेम गर्नबाट चुक्ने भनिएको छ ।

कसैकसैले मायाप्रेमको खोक्रो आडम्बर बोकेर जीवनका प्रत्येक पाटालाई नियाल्नुको सट्टा शारीरिक रूपरंगलाई हेरेर बाहय कलेवरद्वारा प्रभावित भए भन्दै हत्तनपत्त माया लाऊ भनी आग्रह गरेको पाइन्छ । शारीरिक रूपाकृति नै मानवलाई वास्तविक मेल गराउने मूलतत्व होइनन् । कथंकदाचित मेल भै नै हाल्यो भने पनि त्यो दिगो हुँदैन । मानवको भावनात्मक एकीकरण तव मात्र हुन्छ, जव उसका आन्तरिक विधिव्यवहारहरूमा मेल खाने गर्दछन् । नबुझी नजानी गरिएको कृत्रिम लोलोपोतोले फन्दामा पार्ने बाहेक केही गर्दैन । भिकिँदे गाँडभन्दा थपिदे गाँड हुन पुग्यो भने जसको मोहले नानावेखन्नका कल्पनारूपी भवन खडा गरेर बाँधेको लगनगाँठो जीन्दगीको प्रत्येकपलको पासो बन्न सक्छ । त्यसैले कसैले कसैप्रति क्षणिक प्रभाविला भावाभिव्यक्ति पोखो भन्दैमा प्रेमरूपी समुद्रमा डुमिनु वा झ्याप्पै माया लाउनु भनेको नै चेतना रूपी आँखा गुम भएको मान्न सकिन्छ :

हिउँद हुने जाडो ,
बर्खा लाग्ने झरी यो ,
माया जालमा परियो ॥
तिम्ले एक जाल बुन्दा ,
मैले नौ जाल बुनुला ,
त्यही जालमा थुनुला ॥

माझीले मछलीलाई फसाई आरुनो अनुकुल प्रयोग गर्न नदी खोलामा ढडिया थापेर राख्नु, पोखरी तलाउमा र आँधी एवम् नदीहरूमा जाल र बल्छी फाली भोजनको साथी बनाउने गरेको हुन्छ । मानिसले मानिसलाई अनगिन्ती प्रलोभन दिएर परिस्थितिको दास बनाएको पाइन्छ । आरुनो हितमा अर्काको अस्थित्व नामेट पार्न पनि नहिच्किचाउने मानवको स्वार्थी प्रवृतिसँग परिचित हुँदाहुँदै पनि कहिलेकाँही वासन्ती हावाहरूले जता लग्यो उतै बहकिने बानिले गर्दा आकाशका तीनतारा देख्न पुग्छन् भने कसैकसैले जस्तालाई तस्तै ढिडालाई निस्तै पनि बनाएको पाइन्छ :

देखेनौ र बाउले ,
मै मौरी झै घुमेको ,
ज्यान परान हुमेको ॥
माया लाउन आको ,
दैला मुनी कोबिले ,
छेक्यो ढाका टोपीले ॥

कहिलेकाँही नपत्याइँदा प्रतिफलहरू पनि एकले अर्काप्रति गरेको विधिव्यवहारले प्रदान गर्ने गर्दछन् । कहिलेकाँही अकण्टक रूपमा लाग्दालाग्दै पनि अप्रत्यासित



Scanned by CamScanner

रूपमा वस्तु, अवस्था, स्थिति आदि जब्बर पर्खालको रूपमा खडा भएको पाइन्छ :

माया कलेजीमा ,
टक्क नजर आँखिमा ,
टक्क नजर आँखिमा ॥।
दन्त मोहनीले ,
अन्त जान दिएन ,
बस्न मन थिएन ॥।

प्रेमी र प्रेमीकाहरू जब एकको अभावमा पागल तुल्य हुन थाल्दछन्, तब सबै कामकाज एकातिर पन्छाएर मौरी झैं भनभनी घुम्न थाल्दछन्। उक्त घुमाइ कहिलेकाँही सफलतामा टुङ्गिन सक्छ भने कहिले काँही कुनै वस्तुले छेकेर निरर्थक तुल्याइदिन पनि सक्छ । तर पनि कलेजीमा रहेको मायालाई वाह्य रूपमा प्रकट गराउन प्रत्येक प्रेमातुर जोडिहरू ज्यान फालेर कसिएको पाइन्छ। आन्तरिक रूपमा रहेको अव्यक्त माया शाब्दीक रूपमा व्यक्त पश्चात् त सुनौंला, तर त्यसद्वारा आत्मातुष्टि पूर्ण हुन सक्दैन । जबसम्म आरुना आँखाले आरुनो आकाँक्षान्मुख प्रवृतिहरू देख्न पाईदैनन्, तबसम्म सन्तोशाभास पनि नहुन सम्छ।

कहिले काँही एकान्तको जम्काभेटले मोहित हुन पुगिन्छ, क्षणिक नजर लडाइले र मुस्कुराहटले भुतुक्क भइन सकिन्छ। बस्ने फुर्सद र मन छैन तर पनि माया र प्रेमको बन्धनमुक्त हुने परिस्थिति देखा नपर्दा छट्पटाउनु त्यति कृत्रिम नमान्नु पर्ने हो ।:

खरको गाँज खोजी ,
तितरीले फुल पाऱ्यो ,
यो नानीले झुल पाऱ्यो ॥।
तिर्खा लाग्दा पानी ,
असेट लाग्दा कहाँ जाने ,
असेट लाग्दा कहाँ जाने ॥।

प्राकृतिक उपजहरूलाई रोइलामा कच्चा सामग्री बनाएर परिस्थितिलाई अनुकुल बनाइएको हुन्छ । यो विषय बोधगम्य हुने हुनाले यहाँ प्रकृतिलाई प्रेमबोधक अर्थात् प्रतीकको रूपमा उल्लेख गरिएको अवगत गराउन चाहन्छु । नानीको बानीद्वारा झुल परेको अवस्थामा यदि पानीद्वारा मेटिने तिर्खा लाग्यो भने त मेट्न सकिएला, तर असेट लाग्दा के गरौंला ? भावनात्मक रूपमा लडारिएका नव एवम् पुरानाका बीचमा समयको अन्तरालमा विछोड हुनुपर्दा असेट लाग्छ नै। जो जसलाई भनेर आफू समर्पित भै सकेको छ, जसको मन मात्र होइन, ज्यान सुम्पी सकेको छ र अभिनयात्मक होइन, भावनात्मक रूपमा भिन्न रहन नसक्ने आभाश पनि भइसकेको छ। यस्तो स्थितिमा दैवसंजोग हामी दुईको बीचमा पर्खालरूपी हावा नआउला भन्न कहाँ सकिन्छ । उक्त हावाका झोकले दुवैलाई एक्लै र फुलबारीमा अथवा मरुभूमिमा पुऱ्याइदियो भने मेरो हालत के होला। मानिलियौं, विभिन्न फुलहरू ढकमक्क फुलिरहेको ठाउँमा मायालुको साथमा हुँदा त मन बहलाउँन सकिन्छ। एक्लै र उजाड एवम् जर्जर र वैराग्य लाग्ने प्रकारको मरुभूमिमा पुगियो भने विगतलाई सम्झेर मन खिन्न बनाउनुबाहेक अर्को उपाए नरहेको अवस्था हुन सक्छ । विगतलाई संझेर लागेको असेट मेटाउन नपाउँदा वैरागिएर कतिपयले यो गाउँमा नै नआउने दृढोक्ति गरेको पनि पाइन्छ। कसैकसैले बिपरित लिङ्गीलाई आफूतिर आकर्षित गर्न भनी मेरो यो कुराको अवगत भयो भने मप्रति आकर्षित भै मेरो इच्छा पूर्ति हुनेछ भन्ने आसयले आरुना भनाइहरू छरपष्टै राख्ने गरेको पाइन्छ । आरुनो नाम, थर, गाउँ, ठाउँ, पेसा,



Scanned by CamScanner

व्यवसाय, आयश्रोत आदिका अभिव्यक्तिले कसैकसैलाई त प्रभावित पनि पार्ला । माया लाउन आग्रह गर्दै गरेको मौलिक प्रस्तुति नै उक्त रोइलालाई मान्न सकिन्छ :

बरिखा लाउँला खेती ,
हिउँदै लाउँला पिरती ,
हिउँदै लाउँला पिरती ॥।
ए दाइ बर्खा लाग्यो ,
को पर्खेर आउँछ र ?
कल्ले माया लाउँछ र ?

कृषकहरूका लागि वर्षामास मानो खाएर मुरी उब्जाउने समय भएको हुनाले खेती लगाउने कार्य मै तल्लिन रहेका हुन्छन् । मायाप्रेमका गफगाफ गरेर समय बिताउनु भनेको स्वयंको लागि अहितकर सावित हुनसक्छ। त्यसैले भावनात्मक रूपमा मन मिलाउन हिउँद उपयुक्त मानिन्छ किनभने कृषकहरूले सारा बालीनाली थन्क्याउने, थन्क्याएर लगाउने, लगाएर प्रायः गरेर फुर्सदका दिन बिताई रहेका हुन्छन् । यिनै कारणहरूले कर्मजीवि एवम् कर्मभीरु कृषकले आफ्ना मनभित्रका कुराहरू रोइलामाध्यम पोख्दा जीवनको वस्तुस्थितिलाई उजागर गर्ने गरी पोखेको पाइन्छ । वर्षामा कर्म नगरी लडारिन जाने वा हिड्ने कृषि पेशामा निर्भर जीवनमा आधारित कुनै पनि प्रेमी वा प्रेमीकाको भविष्य उज्वल छैन । जसले जेलाई महत्त्व दिनु पर्ने हो, त्यसले उक्त महत्त्वको पहिचान गर्न सकेन भने त उसको जीवन सफल हुँदैन । जेहोस् जस कसैले पनि माया हितको लाउन पाए हुन्थ्यो र अर्काले आफूलाई लगाएको माया पनि हितकै भए हुन्थ्यो भन्ने जिकिर उक्त रोइलाद्वारा गरिएको छ ।

मानिस सबै एउटै प्रवृतिका नहुने कुरा त सर्व स्वीकार्य नै मानिन्छ । सात डाँडा एवम् सात समुद्र पारी गए पनि नछोड्ने बाचा बाधेमा मानिसहरूको कमी पनि हाम्रो समाजमा पाइँदैन । कसै कसैले माया प्रेमको फन्दामा परेर ज्यानसमेत फालेका घटनाहरू सुन्न पाइन्छ । यसमा पनि वास्तविक प्रेम नरहेर अन्धो प्रेमले जग बसाएको नपाइने होइन् । जेहोस् एकले अर्कालाई मन पराएपछि कुनै पनि अवस्था र स्थिति पर्खालको रूपमा नरहन सक्छ। रोइलामा पनि वर्षा बाधाको रूपमा नरहेर माया प्रकट गर्न सहज रूपमा फट्को मारिएको अभिव्यक्ति दिइएको छ :

खैजडीको स्वर ,
गाइदेऊ गीत सरासर ,
लाइदेऊ माया बराबर ॥।
खन्ने कोदालीले ,
माटो फाल्ने बेल्चाले ,
लाउछौ माया त्यै चालले ॥।

**निष्कर्ष**

मूलतः माया प्रेम भन्ने बित्तिकै केटाले केटीलाई, तन्देरीले तरुनीलाई, वेश्याले फुँडालाई मात्र गरिन्छ भन्ने कुरा होइन । आमाले छोरा वा छोरीलाई, बाबुले आमा र परिवारका अन्य सदस्यहरूलाई, आफन्तहरूलाई पनि उत्तिकै माया गरेको पाइन्छ । प्रकृति प्रेम, वस्तु प्रेम, अवस्था प्रेम, परिवेश प्रेम आदि विभिन्न दृष्टिकोणबाट प्रेमको परिचय दिन र पाउन सकिन्छ। त्यसैले माथि वर्णन गरे जस्तै मात्र सीमित दायरामा प्रेम शब्दले दिने अर्थबोध नरहेको प्रस्टै हुन्छ । जेहोस् रोइलाद्वारा अभिव्यक्त माया प्रेमका पाटाहरूलाई केही हदसम्म भए पनि वर्णनात्मक रूपमा चिरफार गर्ने जमर्को गरिएको छ। लोकजीवनमा प्रयुक्त यस शब्दले लोकसाहित्यमा पनि महत्त्वपूर्ण स्थान पाएको स्पष्ट हुन्छ ।



Scanned by CamScanner

अर्थान्तरन्यासले अलंकृत रोइलाहरू आँधीखोलाको सेरोफेरोमा देवदेवालयहरूमा पूजाआजा गर्दा, गाउँघरमा यज्ञ यज्ञादि गर्दा, मेलापात जाँदाआउँदा आदि विभिन्न अवसरहरूमा गाउने गरिन्छ। जुन परिवेश र परिस्थितिमा संकलन गरिएको हो, त्यसै ठाउँको हावा, पानी, माटो, उकालो, ओरालो, पाखा, मैलो, पसिना, दुःख, पिडा, हाँसो, आँसु आदिको गन्ध पाइनु पनि मौलिकताकै कसि मानिएको छ।

मूलतः आँधीखोले रोइलामा मानव भावनालाई पढ्न पाइन्छ। सच्चा भावुक हृदयको स्वाभाविक र सहज उद्‌गारमा कोकिलकण्ठीहरू रमाएका हुन्छन्। मानव स्वभावत रौचिरादर्शनमा भन्दा पनि तरलतामा बग्न मन पराउनेहरूसँग रमाउँछन्। त्यसैले लोकगीत लोकसाहित्यको सर्वाधिक हराभरा र लोकप्रिय लोकविधा हुनाले यससँग घुलमिल हुन चाहनेहरूको जमात पाइनु पनि एक प्रकारको प्रवृति नै हो। यिनै कारणहरूले गर्दा आँधीखोले रोइलाले पनि स्वस्थ्य साहित्यको परिचय दिँदै सर्वसाधरणको मन जितेको हो।

**सन्दर्भसूची**


अधिकारी, विश्वप्रेम (२०५७), आँधीखोले लोकसंस्कृति र लोकगीत, स्याङ्जा, विजयकुमार अधिकारी।

.................. (२०५२), पश्चिमाञ्चलका लोकगीत र परम्परा, स्याङ्जा, विजयकुमार अधिकारी।

अधिकारी, नारायणप्रसाद (२०४३), स्याङ्जाली लोकगीतको संकलन, वर्गीकरण र अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रिविवि।

आर.डी. र एल. एल. (२०२३), नेपालका विभिन्न जाति र लोकगीत एक परिचय : काठमाडौं, जगदम्बा प्रकाशन।

आप्टे, वामन शिवराज (सन् १९८७), संस्कृत-हिन्दी कोश, दिल्ली, बाराणसी, पाटन, मद्रास, मोतीलाल बनारसीदास।

उपाध्याय, कृष्णदेव (सन् १९९५), लोक साहित्य की भूमिका, इलाहावाद, षष्टम्, साहित्य भवन (प्रा.) लिमिटेड : के.पी. कक्कड रोड।

श्रीवास्तव, पुर्णिमा (सन् १९७५), लोकगीतों में समाज, जयपुर-१, मंगल प्रकाशन गोविन्द राजियों का रास्ता।

कन्दङ्वा, काजीमान (२०२०), नेपाली जनसाहित्य, काठमाडौं, रोयल नेपाल एकेडेमी।

थापा, धर्मराज (२०३०), गण्डकीका सुसेली, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

............र सुवेदी, हंसपुरे (२०४१), नेपाली लोकसाहित्यको विवेचना, काठमाडौं, पाठ्यक्रम विकास केन्द्र, त्रिविवि।

दिवस, तुलसी (२०३२), नेपाली लोकसंस्कृति संगोष्ठी, काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।




Scanned by CamScanner

न्यौपाने कृष्णप्रसाद (२०७०) , हाम्रो संस्कृति , लोकजीवन , काठमाडौं , रन्नता न्यौपाने ।

पन्त, कालीभक्त (२०४३) , हाम्रो साँस्कृतिक इतिहास , काठमाडौं , दोस्रो , स्वयम् ।

मल्ल, सावित्री (२०५२) , पाल्पाका लोकगीतको अध्ययन र विश्लेषण , पाल्पा , कक्षपति प्रकाशन ।

मगर, केशरजंग बराल (२०५२) , पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति , काठमाडौं , ने.रा.प्र.प्र. ।

वनवासी, देवीप्रसाद (२०५५) , आँधीखोले लोकसंस्कृति : स्याङ्जा , चित्रलेखा प्रकाशन ।

वन्धु, चुडामणि (२०५२) , नेपाली लोकसाहित्य , काठमाडौं , एकता बुक्स ।

सुवेदी, हंसपुरे (२०५५) , नेपाली लोकजीजन , लोकविश्वास, काठमाडौं , साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पादक मण्डल) (२०४०) , नेपाली वृहत् शब्दकोश , काठमाडौं , नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान



Scanned by CamScanner

# कविता शिक्षणका कार्यकलाप

जमुना अर्याल*

**सार**

*प्रस्तुत लेख "कविता शिक्षणका कार्यकलाप"मा केन्द्रित रहेको छ । यसमा पुस्तकालय विधिको प्रयोग गरिएको छ । कविता शिक्षणका कार्यकलाप के के हुन्छन् र कसरी कक्षाकोठामा कविता शिक्षण गर्नु पर्दछ भन्ने विषयलाई गहन तरिकाले यो लेखमा चर्चा गरिएको छ । कविता शिक्षण गर्दा लयबोध, छन्दज्ञान, शब्दार्थ, भावबोध, व्याख्या गर्ने, सारांश भन्न लगाउने, लिखित तथा मौखिक अभिव्यक्ति अभ्यास गराउने, सिर्जनात्मक अभ्यासमा सम्लग्न गराउने आदि कार्यकलाप कक्षाकोठामा गराउनु पर्दछ । विद्यार्थीका त्रुटि सच्याइदिँदै भाषा शिक्षकले उचित निर्देशन र सहयोग गर्नुपर्दछ । यो लेखका माध्यमबाट एम.एड., बि.एड.का विद्यार्थीहरु, अनुसन्धाता, शिक्षक, प्राध्यापक, पाठ्यपुस्तक लेखकसम्मका व्यक्तिहरु लाभान्वित हुन सक्छन् । यो लेख सरल भाषामा प्रस्तुत गरिएको छ ।*

**मुख्य शब्दहरु** : छन्दोबद्ध, कार्यकलाप, भावबोध, सारांश, अभिव्यक्ति कला, सिर्जना, उच्च स्तरीय

**विषय प्रवेश**

कविता छन्दोबद्ध वा लयबद्ध तुल्याइ रचना गरिने साहित्यिक विधा हो । यो भाव अभिव्यक्तिको विशिष्ट प्रकार भएको हुनाले यो अन्य विधाका तुलनामा केही जटिल हुन्छ (ढुङ्गेल र दाहाल ; २०६७:१८८) । पद्य र गद्य दुबै भाषामा रचना हुन सक्नु शास्त्रीय र लोक छन्दको प्रयोग हुनु, गद्य कवितामा समेत आन्तरिक लय हुनु बढी काल्पनिक हुनु जस्ता विशेषताले धेरै जसो कविताहरु सामान्य भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरुका निम्ति दुरुह बन्दछन् । कविता शिक्षण गर्दा शिक्षकले विद्यार्थीलाई नै भाव वा अर्थ बुझ्नका निम्ति क्रियाशील बनाउनु पर्दछ । कविता विशिष्ट साहित्यिक, सिर्जनात्मक तथा अनुभूतिको विषय भएकोले यसलाई कसरी शिक्षण गरेमा शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी बन्छ र विद्यार्थीलाई कविताप्रति आकर्षित बनाउन सकिन्छ भन्ने विषयमा सोच्दा यसको शिक्षण प्रक्रियाले पनि महत्त्वपूर्ण भूमिका खेल्ने कुरालाई बिर्सन सकिदैन । मुख्य त गति यति लय मिलाई पढ्न र त्यसमा भावबोध सम्बन्धी अभ्यास गराउँदा सामूहिक र व्यक्तिगत रुपमा अभ्यास गराइ शिक्षण गर्नुपर्दछ (भण्डारी र अन्य, २०६८:७४) । कविता शिक्षणका कार्यकलापलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**गति यति र लयबोध**

कविता शिक्षण गर्दा लयबोधलाई प्राथमिकता दिनुपर्दछ । कवितामा गति यति लयले महत्वपूर्ण भूमिका खेलेको हुनाले विद्यार्थीहरुलाई तत् सम्बन्धी अभ्यासमा जोड दिनुपर्दछ । सबभन्दा पहिला भाषा शिक्षकले कवितालाई गति यति लय मिलाइ शुद्धसँग आदर्श वाचन, नमूना

*गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस



Scanned by CamScanner

वाचन गरि दिनुपर्दछ । त्यसपछि विद्यार्थीलाई समूहगत र व्यक्तिगत रुपमा अभ्यास गराउनु पर्दछ (लामिछाने, २०६७:२०१) । यसरी विद्यार्थीले त्रुटि गरेका ठाउँमा शिक्षकले सच्याइदिनु पर्दछ । गति यति लयबोधमा निपूर्ण गराउनु कविता शिक्षणको प्रमुख कार्यकलाप हो ।

**छन्दको ज्ञान**

कविता गति यति लय मिलाइ वाचन गर्ने क्रममा छन्दको ज्ञान पूर्णत शास्त्रीय पक्षसँग सम्बन्धित रहेको पाइन्छ । शास्त्रीय छन्दको ज्ञानले काव्य सौन्दर्यको पहिचान तथा काव्य मर्म बुझ्न सहयोग पुग्ने भएकाले यसको कार्यकलाप महत्त्वपूर्ण मानिन्छ । गद्य शैलीसँग सम्बन्धित कवितामा लयात्मकताले महत्त्व राख्ने र त्यसबाटै काव्य सौन्दर्य पक्षको अनुभूति गर्न सकिने हुन्छ तापनि पद्यमा रचिने कविताको गहिराइमा पुग्न विद्यार्थीमा छन्दको ज्ञान प्रदान गर्नुपर्दछ ।

(लामिछाने;२०६७:२०२) । यसरी छन्दको ज्ञान विद्यार्थीलाई प्रदान गर्नु महत्त्वपूर्ण पक्ष मानिन्छ ।

**शब्दार्थ र वाक्य बोध**

गति यति लय मिलाइ छन्द अनुसार कविता वाचन गरेपछि कविताका श्लोकमा भएका कठिन शब्दको अर्थ र ती शब्दको वाक्य बनाउने कार्यकलापमा विद्यार्थीलाई अभ्यस्त गराउनु पर्दछ । शब्दबाट कविताको श्लोकमा भएका शब्दको अर्थ र ती वाक्य बनाउन सकेमा कविताको भाव बताउन र समीक्षा गर्न सक्ने क्षमताको विकास हुने भएकाले यो कार्यकलाप उपयोगी सिद्ध मानिन्छ (लम्साल र अन्य, २०६६:१०७)। यसरी शब्दले दिने सन्दर्भगत अर्थ र कवितामा त्यसको महत्त्वका बारेमा खुलस्त पारिएन भने त्यसको औचित्य नै रहदैन त्यसैले कविताको मर्म वा सन्दर्भ स्पष्टसँग खुलाउने क्रममा शब्दको कोशीय वा परिधीय अर्थमध्ये आवश्यकता र स्तरअनुसार शब्दार्थ र वाक्यबोधका कार्यकलाप गराउनु पर्दछ ।

**भावबोध र भावविस्तार**

कक्षाकोठामा कविताबाट भावबोध गर्ने र आनन्द लिने क्षमताको विकास गर्न यो कार्यकलाप महत्त्वपूर्ण मानिन्छ (ढकाल, २०६८:१४८) । यसरी भावबोध र भाव विस्तार सम्बन्धी कार्यकलाप सञ्चालन गर्दा प्रश्नोत्तरकै माध्यमबाट कार्यकलापलाई अघि बढाउनु पर्दछ । प्रश्नका माध्यमबाट विद्यार्थीले दिएका उत्तरका आधारमा सम्बन्धित कविताको भाव पहिल्याउन प्रेरित गर्नुपर्दछ । यस क्रममा कवितासँग सम्बन्धित सामग्रीको प्रयोग गरिएका खण्डमा कविताको भाव बुझ्न सजिलो हुन्छ । कवितामा निहित भावपूर्ण अंशको विस्तार गर्न लगाई कविताले दिन खोजेको सन्देश प्राप्त गर्न सकिन्छ । कविताको भावग्रहण गर्न सक्ने क्षमताको अभिबृद्धि गराउन यस कार्यकलापले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

**सारांश खिच्ने वा भन्ने**

कविताको भावबोध पछि त्यसको समग्र भाव वा सारांश खिच्नुपर्दछ । कवितामा भएका प्रमुख कुराहरुको टिपोट गर्नाले बोध क्षमताको विकास हुनुका अतिरिक्त बोलाइ तथा लेखाइ सिपको विकासमा सहयोग पुग्दछ । कवितामा व्यक्त भाव बुझ्न सक्ने क्षमताको विकास गराउन यस कार्यकलापको भूमिका उच्च रहेको पाइन्छ (लामिछाने, २०६७:२०१) । यसरी कविताको मुख्य भाव वा सारांश भन्न सक्ने बन्न सक्नुलाई कविताको मूल मर्मसँग सम्बन्धित पक्ष मानिन्छ ।

**अभिव्यक्ति क्षमता विकासको अभ्यास**

कविता शिक्षणका विविध कार्यकलाप सञ्चालन गरी शिक्षण सिकाइ कार्यकलाप सम्पन्न गरि सकेपछि विद्यार्थीमा अभिव्यक्ति क्षमताको विकास हुनु जरुरी हुन्छ । कविताको प्रकृति अनुसार अभिव्यक्ति दिन सक्ने बनाउनुको तात्पर्य कक्षाकोठामा, कविता सम्मेलनमा तथा गोष्ठीहरुमा सहज र स्वभाविक रुपले वाचन तथा



Scanned by CamScanner

कार्यक्रम सञ्चालन गर्न सक्ने तुल्याउनु हो । निर्दिष्ट कविता वाचन गर्न दिएपछि त्यसका बारेमा मनमा लागेका कुरा बताउन लगाउने वा बिना शीर्षकको कविता दिइ त्यसको सुहाउँदो शीर्षक राख्ने क्षमताको विकासको लागि यो कार्यकलाप बढी फलदायी हुन्छ । यस्ता कार्यकलापको विकासले बोध तथा अभिव्यक्ति क्षमतामा सहयोग पुग्दछ (पौडेल, २०६६:१८८) । यसरी कविता शिक्षणका क्रममा कक्षाकोठामा गरेका कार्यकलापले ठूला सभा समारोहमा पनि अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन जान्छ

**सिर्जनात्मक क्षमताको विकासमा अभ्यास**

कविता शिक्षणका विविध कार्यकलाप कक्षाकोठामा गरेपछि विद्यार्थीमा एक किसिमको उच्च स्तरीय सिपको विकास भइसकेको हुन्छ । यस्तो अवस्थामा विद्यार्थीहरुलाई नै कविता रचना गर्नतर्फ अभ्यास गराउनु वान्छनीय हुन्छ। विद्यार्थीको उमेर र स्तर हेरी निश्चित शीर्षक दिएर स्वतन्त्र रुपले कविता रचना गर्न लगाउनाले क्रमश उनीहरुमा सिर्जनात्मक क्षमताको विकास हुँदै जान्छ । सिर्जना गरेका कविता वाचन गर्न लगाउने, भित्ते पत्रिका, स्मारिका आदिमा छाप्नाले पनि यस कार्यकलापतर्फ विद्यार्थीको रुचि बस्दछ। यसरी भाषा शिक्षकले विद्यार्थीलाई कविता लेख्न विभिन्न किसिमको निर्देशन दिनुपर्दछ (ढुङ्गेल र दाहाल २०६७:१६०) । यसरी सिर्जनात्मक क्षमताको विकासमा अभ्यास गराउने कार्यकलापले विद्यार्थीमा उच्च स्तरीय सिप तथा क्षमताको विकास हुन जान्छ ।

**निष्कर्ष**

अभिव्यक्तिको विशिष्ट प्रकार कविता भएकाले कक्षाकोठामा यो विधा शिक्षण गर्दा विभिन्न कार्यकलाप गर्नुपर्ने हुन्छ। कविता शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा उचित गति यति लय एवम् भाव अनुरुप वाचन गर्न सक्ने कविताको भावलाई सारमा भन्न सक्ने आफ्ना अनुभूति एवम् कल्पनालाई व्यक्त गर्न सक्ने, सिर्जनात्मक क्षमताको विकास गर्ने हो (लम्साल र अन्य, २०६६:९३) । यसका अतिरिक्त कवितामा प्रयोग भएका बिम्ब, प्रतीक, अलङ्कारको भाव बुझ्न र बुझाउन सक्ने क्षमताको विकास गर्नु पनि हो। यी गहन खालका उद्देश्य पूरा गर्नका लागि कविता शिक्षणका क्रममा लयवोध, छन्दज्ञान, शव्दार्थ भावबोध, सारांश भन्ने, अभिव्यक्ति सम्बन्धी अभ्यास गराउने, सिर्जनात्मक क्षमताको विकास गराउने, अभ्यास गराउने जस्ता कार्यकलाप कक्षा कोठामा गर्नुपर्ने हुन्छ। यस्ता कार्यकलापमा भाषा शिक्षक तालिम प्राप्त र योग्य भएमा शिक्षण सहज तरिकाले प्रभावकारी बन्न जान्छ।

**सन्दर्भ सामग्री**

ढकाल, शान्तिप्रसाद (२०६८) नेपाली भाषा शिक्षण, काठमाडौं: शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६७) नेपाली भाषा शिक्षण, काठमाडौं: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, नेत्रप्रसाद (२०६६) नेपाली भाषा शिक्षण, काठमाडौं: पैरवी प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८) नेपाली भाषा शिक्षण, काठमाडौं: पिनाकाल पब्लिकेसन ।

लम्साल, रामचन्द्र र अन्य (२०६६) नेपाली भाषा शिक्षण, काठमाडौं: भूँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६७) नेपाली भाषा शिक्षण, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।



Scanned by CamScanner

# शैक्षिक सामग्रीको प्रयोगले शिक्षणमा पारेको प्रभाव

टोपेन्द्र गौतम*


## सार

*प्रस्तुत आलेख शैक्षिक सामग्रीको प्रयोगले शिक्षणमा पारेको प्रभाव भन्ने शीर्षकमा शाब्दिक तथ्याङ्कको प्रयोग गरि गुणात्मक एवम् व्याख्यात्मक ढाँचामा आधारित छ । यस लेखले शैक्षिक सामग्री प्रयोगमा ल्याउँदा गरिएको शिक्षण क्रियाकलापबाट ८० प्रतिशत सिकाई उपलब्धि स्तर रहेको र शैक्षिक सामग्री प्रयोग नगरी शिक्षण गर्दा ४० प्रतिशत सिकाई उपलब्धि स्तर रहेको कुरा प्रष्ट्याएको छ । शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग सरदर ६० प्रतिशत विद्यालयहरूमा हुने गरेको तर सरदर ४० प्रतिशत विद्यालयहरूमा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग हुन नसकेको कुरा प्रष्ट छ । यदि उपलब्ध भएमा पनि कार्यान्वयनमा ल्याउन नसकेको कुरा उल्लेख गरिएको छ । स्थानीय रूपमा उपलब्ध शैक्षिक सामग्री भन्दा बजारबाट खरिद गरि ल्याईएका शैक्षिक सामग्रीहरू शिक्षणमा बढी प्रयोग हुने गरेका छन् । विद्यालयहरूमा बढी मूल्य पर्ने खालका आधुनिक शैक्षिक सामग्रीहरूको उपलब्धता कमै रहेको छ । शैक्षिक सामग्रीको प्रयोग गरि शिक्षण गर्दा सिकाई प्रभावकारी हुनुको साथै कक्षाकोठा सान्त, मनोरञ्जनपूर्ण हुनुको साथै विद्यार्थीहरू क्रियाशील रहने गरेको तर शिक्षण सामग्री प्रयोग नगरि शिक्षण गर्दा विद्यार्थीहरू निश्कृय र एकहोरो रहनुका साथै ध्यान विषयवस्तुतिर भन्दा अन्तैतिर मोडिदा विद्यार्थीहरूलाई विषयवस्तुको धारणा बसाल्न निकै कठिन रहेको देखिन्छ । विद्यालय तहमा शैक्षिक सामग्रीको निर्माण गरी प्रयोगमा ल्याउन समेत चुनौतीहरू वा समस्याहरू रहेका छन् । जसले गर्दा शिक्षणमा प्रभाव पारेको प्रष्ट देखिन्छ ।*


**मुख्य शब्द** : शैक्षिक सामग्री, स्थानीय शैक्षिक सामग्री, आधुनिक शैक्षिक सामग्री, सरोकारवालाहरू

## परिचय

शिक्षण एक वृहत, मिश्रित र जटिल क्षेत्र हो । जो एक वैज्ञानिक प्रविधि र कलाको समिश्रण हो । हामीले विद्यार्थीहरूमा हासिल हुन सक्ने भनी चाहेका विविध किसिमका उपलब्धिहरू मात्र होइन, ति उपलब्धिहरू कुन विधि, तरिका वा माध्यमद्वारा हाँसिल हुन सक्छन् भन्ने विषयमा ठोस मान्यता पाउन कठिन छ । शिक्षण कार्य विद्यार्थी र शिक्षकबीच कक्षाकोठामा सम्पन्न गर्ने विविध रणनीतिहरू अवलम्बन गरी सम्पन्न गर्ने गरिन्छ । जसमा मुख्य केन्द्रविन्दुको रूपमा विद्यार्थीलाई लिइन्छ । शिक्षण कार्यमा शिक्षक निपूर्ण हुनु पर्दछ अन्यथा शिक्षण अपूर्ण भई सिकारूका अपेक्षित उद्देश्यहरू पूरा हुन सक्दैनन् ।

शिक्षण सिकाइ क्रियाकलाप पश्चात

*शिक्षण सहायक, जुम्ला बहुमुखी क्याम्पस, जुम्ला

ISSN : 2392-4519 (Print)

Scanned by CamScanner

विद्यार्थीहरूमा अपेक्षा राखेका उद्देश्यहरू पूरा हुनु नै उपलब्धि हो । अर्थात् उत्पादित जनशक्ति अहिलेको विश्व परिवेशमा समायोजन हुन सक्ने बनाउन शिक्षकले विभिन्न प्रकियाहरू अपनाई शिक्षण गर्नु पर्दछ । शैक्षिक सामग्री भन्नाले शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकले प्रयोग गर्ने विभिन्न साधनहरूलाई बुझिन्छ जसले सिकारूहरूमा ज्ञान, सीप र अभिवृद्धिको विकास गराउँछ। सिकाइलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्री नै शैक्षिक सामग्री हुन् । यसरी प्रयोग गरिने सामग्रीले कक्षा शिक्षणलाई आकर्षक, रोचक, विषयवस्तु केन्द्रित एवम् सरल र सहज गराउन सहयोग गर्दछ । यसले सिकाइलाई प्रभावकारी बनाउने मात्र नभई शिक्षकलाई शिक्षण कार्य सञ्चालन गर्न सहजता प्रदान गर्दछ (कोइराला , २०६३ ) ।

शिक्षण सिकाइलाई प्रभावकारी वनाई अपेक्षित उपलब्धि हासिल गर्न शिक्षकले विभिन्न शैक्षिक सामग्रीहरूको उपयुक्त प्रयोग गर्नु पर्दछ । शैक्षिक सामग्रीले सिकाइलाई थप मनोरञ्जन प्रदान गर्नुका साथै सिकाइ चीरस्थायी र उपलब्धिमुलक बनाउने कुरा निर्बिबाद नै छ । शैक्षिक सामग्रीहरू जहिले पनि विषयवस्तुसँग सान्दर्भिक हुनु पर्दछ । समय, परिवेश र विषयवस्तु अनुसार शैक्षिक सामग्रीहरू निर्माण तथा प्रयोग गर्न सक्ने क्षमता शिक्षकमा हुनु नितान्त आवश्यक छ । विषयवस्तु अनुसारका शैक्षिक सामग्रीहरू निर्माण, छनौट र प्रयोग गर्ने कला शिक्षकमा हुनुपर्ने हुन्छ । शैक्षिक सामग्रीको प्रयोगले कठिन विषयवस्तुलाई सहज वनाई विद्यार्थी समक्ष पुऱ्याइ दिन्छ । जहिले पनि शैक्षिक सामग्रीहरू निर्माण तथा छनौट गर्दा स्थानीय रूपमा उपलब्ध कम मूल्य पर्ने र मूल्य नपर्ने खालका सामग्रीहरू प्रयोग गर्नु पर्दछ । शैक्षिक सामग्रीले विद्यार्थीहरूमा सिकाइलाई दिगो बनाई सिर्जनशीलताको विकास हुन्छ भने शिक्षकहरूमा पेशाप्रति आकर्षण र अनुसन्धान गर्ने प्रवृत्तिको विकास गराउँदछ ।

शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई मूर्तरूप दिन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई सजीव, अर्थपूर्ण , प्रभावकारी, सिर्जनात्मक, फलदायी, व्यावहारिक, आकर्षक एवम् रूचिकर बनाई वैज्ञानिक एवम् मनोवैज्ञानिक शिक्षण गर्न शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहन्छ । शैक्षणिक सामग्रीहरूलाई मुद्रित, दृष्य, श्रव्य र श्रव्यदृष्य गरी जम्मा ४ भागमा बर्गीकरण गरिएको छ । यसरी शैक्षिक सामग्रीहरू प्रयोगबाट शिक्षणमा एकरूपता आई विद्यालयमा शैक्षिक प्रगति, अनुशासन तथा व्यवस्थापन कायम भई सिकाई उपलब्धी हासिल गर्न सकिन्छ । सर्वप्रथम विद्वान डेसिमेरिवस इसमसले "Memorization" अर्थात् शिक्षण सिकाइ सम्भनेको सट्टा तस्वीर र खेल्ने वस्तुहरूद्वारा शिक्षण गऱ्यो भने राम्रो हुने कुरा बताए । यसैगरी विभिन्न विद्वानहरूले शिक्षण सिकाइ उपलब्धी बृद्धि गर्न शिक्षण सामग्रीको महत्वपूर्ण भूमिका रहने कुरा बताएका छन् । यसै गरी शिक्षाविद कोबुनले सन् १९६८ मा एक अध्ययन अनुसन्धान गरी देख्न पाउने शैक्षिक सामग्रीबाट ८३ प्रतिशत सिकाइ सिक्न सकिन्छ, भनेर सुनेर २० प्रतिशत सिकाइ , पढेर १० प्रतिशत सिकाई , हेरेर ३० प्रतिशत सिकाइ , सुनेर तथा हेरेर ५० प्रतिशत सिकाइ , भनेर ७० प्रतिशत सिकाइ र भनेर तथा गरेर ९० प्रतिशत सिकाइ हुन्छ भनि ठहर गरे (सिंह,२०६७) ।

उपयुक्त शैक्षिक सामग्रीको प्रयोगद्वारा गरिएको सिकाइ दिगो र व्यावहारिक हुन्छ । यस प्रसङ्गमा एउटा चिनियाँ भनाइ छ - सुनेको कुरा बिर्सन्छ , देखेको कुरा सम्भिन्छ , आफैले गरेर सिकेका कुरा बुझिन्छ अर्थात



Scanned by CamScanner

शैक्षिक सामग्रीको प्रयोगले सिकेका कुराहरू हेर्न र आफै सामग्रीहरू चलाएर सिकाइ गर्न र विषयवस्तुलाई स्पष्टसँग बुझ्न मद्दत पुग्छ । अतः शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई सार्थक बनाउने महत्वपूर्ण भूमिका खेल्छ । शैक्षिक सामग्रीको प्रयोग १० औं शताब्दीदेखि चीनबाट शुरू भएको कुरा धार्मिक ग्रन्थको अध्ययनबाट बुझिन्छ । हाम्रो नेपालमा शैक्षिक विकासक्रमलाई हेर्दा गुरूकुल शिक्षा प्रणालीबाट सुरू भएको पाईन्छ (अधिकारी, २०६५ ) ।

नेपालको सन्दर्भमा हेर्दा बि.सं १९१० मा जंगबहादुर राणाले दरबार हाइस्कूलको स्थापना गरी औपचारिक विद्यालय शिक्षाको थालनीबाट शैक्षिक सामग्रीको प्रयोग गरिएको पाइन्छ । यसरी नै राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ र राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले समेत शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने कुरामा जोड दिएको छ। यसरी अहिले शिक्षाको उपलब्धि वृद्धि गर्न जिल्ला शिक्षा कार्यालय मार्फत् विद्यालयहरूमा नै शैक्षिक सामग्री खरिद गर्न नेपाल सरकारद्वारा रकम उपलब्ध गराउने गरेको पाइन्छ । यसरी विभिन्न भनाइ एवम् तथ्यपूर्ण अनुसन्धानबाट प्रमाणित हुन्छ कि शिक्षण सिकाइ उपलब्धि बृद्धिमा शैक्षिक सामग्रीले शिक्षणलाई अर्थपूर्ण, ठोस, प्रभावकारी, आकर्षक, चाखलाग्दो, उत्साही एवम् व्यावहारिक र उद्देश्यमूलक बनाउने कुरामा भरपुर सहयोग पुग्दछ ।

आजको विश्व परिवेश दिन दुगुणा र रात चौगुना परिवर्तनशील छ। मानिसका इच्छा, आकांक्षा र चाहनाहरू पनि त्यही पेरिफेरिमा परिवर्तनशील हुने गर्दछ। शैक्षिक क्षेत्रमा हेर्दा विश्वमा विभिन्न प्रविधिहरूको विकास र शैक्षिक विष्फोटनले गर्दा शिक्षण कार्य जटिल बन्दै गइरहेको छ। शिक्षण परम्परागत प्रकृतिमा घोकेर ,कण्ठ गरेर सिकाइ उपलब्धि हासिल हुन सक्दैन । त्यसकारण सिक्षण सिकाइलाई दिगो, सरल, एवम् सहज बनाउन र सिकाइमा प्रभावकारिता ल्याउन शैक्षिक सामग्रीको अत्यन्तै महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षक एक परिवर्तनको संवाहक भएकोले उसले सिकारूका इच्छा, चाहनाहरू बुझी विषयवस्तु सान्दर्भिक स्थानीय रूपमा उपलब्ध स्रोतलाई सामग्रीको रूपमा निर्माण गरि प्रयोग गर्न सक्ने क्षमता हुनु पर्दछ । सिकाइ उपलब्धि हासिल गराउने मुख्य जिम्मेवारी बोकेको हुनाले शिक्षकलाई शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी समय समयमा पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्दछ भन्ने अवधारणा पाइन्छ । जुम्ला जिल्लामा पनि शैक्षिक सामग्रीको अभावका कारण विद्यालयहरूमा प्रभावकारी शिक्षण र सिकाइ उपलब्धिमा प्रभाव पारेको देखिन्छ । यस्ता समस्याहरूले गर्दा नराकोट र लुड्कु स्रोत केन्द्रका विद्यालयहरू पनि अछुतो रहन सकेका छैनन् । विकट हिमाली क्षेत्रमा विद्यालय, विद्यार्थी , भौतिक पूर्वाधार आदि सबैकुरा अत्यन्तै कमजोर देखिन्छन् । स्थानीय रूपमा तयार गर्न सकिने शैक्षिक सामग्रीको निर्माण र प्रयोग नहुनु र खरिद गरी ल्याउनका लागि आर्थिक अभाव रहनु दुर्भाग्य देखिन्छ भने सरकारबाट अनुदान नआउनु पनि चुनौतीको रूपमा देखा परेको पाइन्छ । यसरी सिकाइ उपलब्धि बृद्धिमा शैक्षिक सामग्रीले पारेको प्रभाव विश्लेषण गर्दै यस्ता समस्याहरूको समाधानका उपायहरू खोज्ने प्रयास गरिएको छ ।

शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा विद्यालयका शिक्षकहरूको भूमिका ज्यादै महत्वपूर्ण हुन्छ । शैक्षिक सामग्रीको अवस्था पहिचान र विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । त्यसैगरी शैक्षिक सामग्रीको



Scanned by CamScanner

प्रयोगबाट सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययन गर्नु, शैक्षिक सामग्री निर्माण र प्रयोगमा देखिएका समस्याहरू पहिचान गर्नु र समस्या समाधानका उपायहरूको खोजी गर्नु यस लेखका उद्देश्यहरू रहेका छन् ।

**शोध विधि**

यो अनुसन्धानमा शाब्दिक तथ्याङ्कको प्रयोग गरि अध्ययनको गुणात्मक एवम् व्याख्यात्मक ढाँचा प्रयोग गरिएको छ । यस अध्ययनका नमुना छनौटका लागि उद्देश्यात्मक विधि (Purposive Sampling Method ) प्रयोग गरि वि.नि., स्रोत व्यक्ति, अध्ययनमा छनौट भएका विद्यालयहरूका शिक्षक, प्र.अ., विद्यार्थी, वि.व्य.स. पदाधिकारीलाई छनौट गरेको थियो भने विद्यालयहरू क्रमशः प्रा.वि., नि.मा.वि, मा.वि. र उ.मा.वि. हरूको नमुना छनौटको लागि सामान्य संभावनायुक्त विधि (Simple Random Sampling Method) प्रयोग गरि नमूना छनौट गएिको थियो । जस अनुसार जुम्ला जिल्लाका १० वटा स्रोत केन्द्रहरू मध्ये २ वटा स्रोत केन्द्रहरू कनका सुन्दरी उ.मा.वि. लुड्कु र भैरव उ.मा.वि. नराकोट स्रोतकेन्द्र अन्तरगत जम्मा ३८ वटा विद्यालयहरूमध्ये पाँचवटा विद्यालयहरूलाई सम्भावनायुक्त नमुना छनौटको रूपमा लिइएको थियो ।

तथ्याङ्क सङ्कलनको लागि प्रश्नावलीहरू, अन्तवार्ता, खुला छलफल र अवलोकन फारमहरू लाई तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोतहरूका रूपमा प्रयोग गरिएको थियो भने अर्कोतर्फ यस अध्ययनको द्वितीय स्रोतको रूपमा जि.शि.का.का. अभिलेखहरू , स्रोत केन्द्रका अभिलेखहरू , विभिन्न शैक्षिक तथ्याङ्क, शैक्षिक सामग्री सम्बन्धि पत्र पत्रिका, शोधपत्रहरू , विद्यालयको अभिलेख , सन्दर्भपुस्तक, लेखरचना आदिलाई द्वितीय स्रोत भित्र समावेश गरिएको थियो । सङ्कलित कोरा तथ्याङ्कलाई तालिकीकरण गरि तथ्याङ्कको अर्थपूर्ण विश्लेषण र प्रस्तुतीकरण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । यसको विश्लेषण व्याख्यात्मक रहेको छ ।

**नतिजा र छलफल**

यस अध्ययनको निमित्त जुम्ला जिल्लास्थित दशवटा स्रोतकेन्द्रहरूमध्ये दुईवटा स्रोतकेन्द्रहरूका जम्मा ३८ वटा विद्यालयहरूमध्ये केवल पाँचवटा विद्यालयहरूका शिक्षकहरू, प्र.अ., विद्यार्थी, वि.व्य.स. पदाधिकारी, जिल्ला शिक्षा कार्यालयका स्रोतव्यक्ति, वि.नि. सँग विभिन्न तथ्याङ्कका प्राथमिक स्रोत र द्वितीय स्रोत प्रयोग गरी यी दुबै स्रोतबाट प्राप्त तथ्याङ्कहरूको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या यस प्रकार रहेको छ :

**शैक्षिक सामग्रीको अवस्था**

छनोटमा परेका विद्यालयहरूको अध्ययन गर्दा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग सरदर ६० प्रतिशतले गर्ने गरेको पाइयो भने सरदर ४० प्रतिशत विद्यालयहरूले शैक्षिक सामग्रीको निर्माण र प्रयोग नगरेको पाईयो । छनोटमा परेका विद्यालय मध्ये कनका सुन्दरी उ.मा.वि. लुड्कु र मालिका उ.मा.वि. धापामा शैक्षिक सामग्रीको प्रयोग सन्तोषजनक रूपमा रहेको पाइयो । अन्य विद्यालयहरूमा उपलब्ध सामग्रीहरू त्यति उपलब्ध हुन नसकेको र उपलब्ध भएकोमा पनि प्रयोगमा नल्याएको पाइयो । अध्ययन क्षेत्रका विद्यालयहरूको भौतिक पक्षलाई हेर्दा फर्निचर, कक्षाकोठा, पुस्तकालय , कार्यालय, शौचालय, खानेपानी, खेलमैदान तथा घेराबार जस्ता आवश्यक पूर्वाधारहरू पर्याप्त नभएको पाइयो । शिक्षण क्रियाकलापमा प्रयोग गरिने स्थानीय रूपमा



Scanned by CamScanner

उपलब्ध सामग्रीहरू कम मात्रामा पाइयो । जसमा बजारबाट खरिद गरि ल्याइएका पोष्टर तथा नक्साहरू अलि अलि उपलब्ध रहेको पाइयो भने शिक्षकद्वारा निर्माण गर्ने खालका सामग्रीहरू त्यत्ति उपलब्ध देखिएनन् । बढी मूल्य पर्ने खालका आधुनिक शैक्षिक सामग्रीहरूमा कम्प्युटर, क्यासेट प्लेयर, टेप रेकर्डर र माइक्रोस्कोप ३ वटा विद्यालयहरूमा पाइयो भने १ वटा विद्यालयमा क्यासेट प्लेयर, टेप रेकर्डर र माइक्रोस्कोप मात्र पाइयों भने १ वटा विद्यालयमा भने क्यासेट प्लेयर, टेपरेकर्डर जस्ता सामग्रीहरू उपलब्ध नै थिएनन् ।

**शैक्षिक सामग्रीको प्रयोगबाट सिकाइ उपलब्धीमा पारेको प्रभाव**

अध्ययनका क्रममा ती विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोग गर्दा र नगर्दाको स्थिति बुझ्दा शैक्षिक सामग्रीहरूको कहिलेकाँही प्रयोग गर्दा र शैक्षिक सामग्री प्रयोग नगरि शिक्षण गर्दा विद्यार्थीको शैक्षिक उपलब्धि स्तरमा भिन्नता रहेको पाइयो । यसरी शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सिकाइ प्रभावकारी हुनुका साथै कक्षाकोठा शान्त, मनोरञ्जनपूर्ण र विद्यार्थीहरू क्रियाशील भएको पाइयो भने शिक्षण सामग्री प्रयोग नगरि शिक्षण गर्दा विद्यार्थीहरू निश्क्रिय र एकहोरो हुनुका साथै ध्यान विषयवस्तुतिर भन्दा अन्तैतिर मोडिएको र विद्यार्थीहरूलाई विषयवस्तुको धारणा बसाल्न कठिन रहेको पाइया छनौटमा परेका विद्यालयहरूको अध्ययन गर्दा शैक्षिक सामग्री प्रयोगमा ल्याउँदा गरिएको शिक्षण सिकाई क्रियाकलापबाट ८० प्रतिशत सिकाइ उपलब्धि स्तर देखियो भने शैक्षिक सामग्री प्रयोग नगरि गरिएको शिक्षणबाट ४० प्रतिशत सिकाई उपलब्धि स्तर देखियो । यसरी शैक्षिक सामग्री प्रयोग गरि शिक्षण गर्दा सिकाइ उपलब्धी स्तर दोब्बर वृद्धि भएको पाइयो । यसरी शैक्षिक सामग्रीको प्रयोबाट सिकाइ उपलब्धिमा प्रभाव परेको पाइयो ।

**शैक्षिक सामग्री निर्माण र प्रयोगमा देखिएका चुनौतीहरू तथा समस्याहरू**

विद्यालय तहमा शैक्षिक सामग्री निर्माण गरि प्रयोगमा ल्याउन विभिन्न चुनौतिहरू तथा समस्याहरू देखियो । शैक्षिक सामग्रीको अभाव हुनु, विद्यालयको कमजोर भौतिक व्यवस्थापन, शैक्षिक सामग्री निर्माण र प्रयोगमा तत्परता नदेखाउनु, विद्यार्थी सँख्याको आधारमा शिक्षक दरबन्दी न्युन हुनु, साप्ताहिक पाठ्यभार बढी हुनु, तालिम अप्राप्त शिक्षकहरूको बाहुल्यता रहनु, शैक्षिक सामग्रीहरू खरिद गरी ल्याउनका लागि आर्थिक अभाव हुनु, सरकारी स्तरबाट आवश्यकता अनुसार पृष्ठपोषण तथा अनुगमन नहुनु, सरोकारवालाहरूको जिम्मेवारी बहन बोध नहुनु जस्ता समस्याहरू तथा चुनौतीहरूका कारण शिक्षण सिकाइ क्रियाकलापमा प्रभाव पारेको पाइयो ।

**समस्या समाधानका उपायहरू**

शैक्षिक सामग्रीको निर्माण र प्रयोगबाट उत्पन्न समस्याहरू वा चुनौतीहरूलाई हल गर्न तपसिलका उपायहरू अपनाउनुपर्ने हुन्छ :

शिक्षकहरूले प्राप्त ज्ञान, सीपलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न शैक्षिक सामग्रीको खरिद तथा निमार्णमा जोड दिनुपर्ने, समय समयमा शिक्षकहरूलाई शैक्षिक सामग्रीको निर्माण र कार्यान्वयन सम्बन्धमा पुनर्ताजगी तालिमको व्यवस्था गरिनुपर्ने, विषयवस्तुसँग सान्दर्भिक शैक्षिक सामग्री प्रयोगमा ल्याई सिकाइ उपलब्धि



Scanned by CamScanner

बृद्धि गर्नुपर्ने, विद्यालय तहको सिकाइ उपलब्धी बृद्धि गर्न र शैक्षिक सामग्रीको प्रयोगलाई प्रभाकारी एवम् उपलब्धिमुलक बनाउन विद्यालयमा भौतिक पूर्वाधार तथा शैक्षिक निर्माणमा सबै सरोकारवालाहरू सक्रिय भई लाग्नुपर्ने, सस्ता र सुलभ सामग्रीहरू निर्माण तथा प्रयोगमा जोड दिनुका साथै आवश्यकता अनुसार महँगा र आधुनिक शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने, सम्बन्धित निकाय तथा सरोकारवालाहरूले संघ संस्थाबाट उपलब्ध रकमलाई सही रूपमा शैक्षिक सामग्रीहरूको निर्माणमा लगानी गरिनुपर्ने ।

**निष्कर्ष**

विश्वमा विभिन्न प्रविधिहरूको विकास र शैक्षिक विष्फोटनले गर्दा शिक्षण कार्य झन पछि झन जटिल बन्दै गइरहेको छ । शिक्षण परम्परागत प्रकृतिमा घोकेर, कण्ठ गरेर सिकाइ उपलब्धी हाँसिल हुन नसक्ने हुँदा शिक्षण सिकाइलाई दिगो, सरल एवम् सहज बनाउन र सिकाइमा प्रभाकारिता ल्याउन शैक्षिक सामग्रीको अत्यन्तै महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षक एक परिवर्तनको सम्वाहक भएकोले उसले सिकारूहरूका इच्छा, चाहानाहरू बुझी विषयवस्तु सान्दर्भिक हुने गरी स्थानीय रूपमा उपलब्ध स्रोतलाई शैक्षिक सामग्रीको रूपमा निर्माण गरी प्रयोग गर्न सक्ने क्षमता हनुपर्दछ । त्यसको साथै आधुनिक प्रविधियुक्त शैक्षिक सामग्रीको प्रयोग गर्न सक्ने क्षमता हुनुपर्दछ । जुम्ला जिल्लामा पनि शैक्षिक सामग्रीको अभावका कारण विद्यालयहरूमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन सकेको देखिँदैन । जसले गर्दा सिकाइ उपलब्धी स्तर न्यून रहेको पाइन्छ । छनौटमा परेका विद्यालयहरूमध्ये सालाखाला ६० प्रतिशत विद्यालयहरूले मात्र शैक्षिक समामग्रीको निर्माण तथा प्रयोग गरेको पाइन्छ । जुम्ला जिल्ला स्थित नराकोट र लुड्कु स्रोतकेन्द्रका विद्यालयहरू विकट हिमाली क्षेत्रका भएकाले यहाँको भौतिक पूर्वाधार अत्यन्तै कमजोर अवस्थामा रहेको देखिन्छ । शैक्षिक सामग्री प्रयोगमा ल्याउँदा गरिएको शिक्षण सिकाइ क्रियाकलापबाट सरदर ८० प्रतिशत सिकाइ उपलब्धीस्तर रहेको देखिन्छ । भने शैक्षिक सामग्री प्रयोग नगरि गरिएको शिक्षणबाट ४० प्रतिशत सिकाइ उपलब्धी स्तर रहेको देखिन्छ । यसरी शैक्षिक सामग्री प्रयोग गर्दा सिकाइ उपलब्धी स्तरमा दोब्बर बृद्धि भएकोले शैक्षिक सामग्रीको प्रयोग अनिवार्य देखिन्छ ।

स्थानीय रूपमा तयार गर्न सकिने शैक्षिक सामग्रीको निर्माण र प्रयोग नहुनु, शैक्षिक सामग्री खरिद गरि ल्याउनका लागि आर्थिक अभाव रहनु, विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी न्यून हुनु, तालिम अप्राप्त शिक्षकको बाहुल्यता रहनु, सरकारी स्तरबाट आवश्यकता अनुसार पृष्ठपोषण तथा अनुगमण नहुनु, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्वन्धि तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था नगरिनु आदि जस्ता समस्या वा चुनौतीहरूले गर्दा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा प्रभाव पारेको पाईन्छ । यस्ता समस्या वा चुनौतीहरूलाई समाधान गर्न शिक्षकहरूलाई शैक्षिक सामग्रीको निर्माण र कार्यान्वयन सम्बन्धमा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्दछ, शिक्षकहरूले सस्ता र सुलभ शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा जोड दिनुपर्दछ । विद्यालयहरूले संघ संस्थाबाट उपलब्ध रकमलाई सही रूपमा शैक्षिक सामग्रीहरूको निर्माणमा लगानी गर्नुपर्दछ । सरकारी स्तरबाट आवश्यकता अनुसार शिक्षण सामग्रीको निर्माण एवम् प्रयोग के कस्तो भइरहेको छ भनी विद्यालयहरूमा अनुगमन तथा सुपरिवेक्षण गर्नुका साथै सुधारको लागि पृष्ठपोषण दिने कार्य गर्नुपर्दछ ।



Scanned by CamScanner

**आभार**

जुम्ला जिल्ला स्थित नराकोट स्रोतकेन्द्र र लुड्कु स्रोतकेन्द्र अन्तर्गतका पाँचवटा विद्यालयका शिक्षकहरू, विद्यार्थीहरू, प्र.अ. हरू साथै स्रोतकेन्द्रका स्रोत व्यक्तिहरू, जिल्ला शिक्षा कार्यालयका जि.शि.अ.,वि.नि.हरू जो अध्ययनमा सहभागी हुनुभएको थियो, उहाँहरू सबैलाई हार्दिक आभार प्रकट गर्दछु ।

**सन्दर्भसूची**

अधिकारी, विष्णुप्रसाद ( २०६५-२०६७), नेपालको शैक्षिक दर्पण, काठमाडौं : आशिष बुक्स् हाउस ।

कोइराला, विद्यानाथ ( २०६३ ) ,शैक्षिक सामाग्रिको भूमिका , शिक्षक मासिक , कार्तिक, वर्ष ५, अंक ७, ललितपुर : शिक्षक मासिकको कार्यालय ।

खनाल , पेशल (२०६४ ), शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर, काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

खत्री, डम्बरबहादुर (२०६४),शैक्षिक सामग्रीले शिक्षणमा पारेको प्रभाव, अप्रकाशित शोधपत्र, सुर्खेतःशिक्षा क्याम्पस ।

सिंह, नागेश्वर (२०६७), शिक्षा मनोविज्ञान, काठमाडौं : आशिष बुक्स हाउस ।

पौडेल, लेखनाथ ( २०६३ ), शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, चन्द्रबहादुर ( २०६७ ), शिक्षण विधि , काठमाडौं : पैरबी बुक्स हाउस ।

नेपाल सरकार शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ( आठौं शंशोधन सहित ), काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

Cresweel, J.W. (2012). *Research design: Qualitative, quantitative and mixed method approach* (3rd ed.). New Delhi: Sage Publication.

Flick,U.(2012). *An introducation to qualitative research* (4th ed.). New Delhi: Sage Publication.

Marshall, C. & Rossman, G.B. (1999). *Designing qualitative research.* Thoussand Oaks, California: sage Publication



Scanned by CamScanner

# शिक्षाको गुणस्तरमा मानवस्रोत व्यवस्थापनले खेलेको भूमिका

रामप्रसाद सुबेदी*


**सार**

*शिक्षामा गुणस्तर अपरिहार्य तत्त्व हो । शिक्षामा सामान्यीकरण, विकाउ पवृत्ति आदि गुणस्तरीयताका आवश्यक सर्त हुन् । मानवीय स्रोतको भर्ना, छनोट, पदस्थापना, सामान्यीकरणजस्ता कुरामा जति प्रभावकारिता आउँछ, त्यति नै शिक्षा विकाउ र प्रभावकारी हुन्छ । शिक्षाको सामान्यीकरणका लागि जीवन उपयोगी सीप, गरेर सिक्ने शिक्षण विधि अत्यावश्यक छन् । शिक्षाको व्यवस्थापन राम्रो भए प्रभावकारी शिक्षण हुन्छ, त्यसले शिक्षाको गुणस्तरमा वृद्दि गर्दछ । शिक्षण संस्थामा रहेका मानवीय स्रोतको राम्रो व्यवस्थापनले गुणस्तरमा वृद्धि गर्दछ किनकि संस्थामा जे जति राम्रो नराम्रो हुन्छ त्यो सबै कारण मानव नै हो । त्यसैले मानवश्रोतको योजना, भर्ना, छनौट , पदस्थापना , सामान्यीकरण आदि मुख्य चरणलाई आधार मानी यो लेख तयार गरिएको छ । यसको मुख्य उद्देश्य शिक्षाको गुणस्तरमा मानवीय श्रोत व्यवस्थापनले खेलेको भूमिकामा छलफल गर्नु हुनेछ ।*


**परिचय**

कुनै पनि राष्ट्रको विकासको आधारशीला त्यहाँको शिक्षा प्रणाली हो । शिक्षाले नै राष्ट्रको लागि आवश्यक मानव संसाधनको विकास गर्दछ । तिनै दक्ष मानव शक्तिले सीमित स्रोत साधनको उचित परिचालन गरी राष्ट्रलाई उन्नत र समृद्ध र विकसित बनाउँछन् । शिक्षाको माध्यमबाट नै व्यक्तिले ज्ञान, सीप र प्रवृत्तिको विकास गरी समग्र व्यक्तित्व विकास गर्नुको साथै आर्थिक दक्षता पनि प्राप्त गर्दछ । शिक्षाले नै व्यक्तिको स्वच्छताको जगेर्ना, द्वन्द्वको शान्तिपूर्ण समाधान प्रजातान्त्रिक आचरण र आपसी सद्भावको पूर्ण विकास गर्दछ । शिक्षाले विज्ञान, प्रविधि र सभ्यताको विकास गराउँदछ । सांस्कृतिक सम्पदाको हस्तान्तरण गर्दछ । देशका लागि आवश्यक जनशक्ति निर्माण गरी आधुनिकतातर्फ उन्मुख गराउँछ । वर्तमान विश्वले प्राप्त गरेको तीव्र विकास विज्ञान र प्रविधिको विस्फोटनका साथै सभ्यताको चरम विकास शैक्षिक सफलताको परिणाम हुन् । हाम्रो राष्ट्रिय एकतालाई प्रभावकारी बनाउन र शैक्षिक पद्धतिलाई समयसापेक्ष र देशको आवश्यकतामुखी बनाउनु पर्दछ । शिक्षा, उन्नति र स्वावलम्बनको बाहक हो । प्रत्येक व्यक्तिको जीवनको आधार नै शिक्षा हो । त्यसकारण जहिले पनि शिक्षाको उद्देश्यलाई राष्ट्रको आवश्यकतासँग मिलाउँदै जानुपर्दछ (पौडैल, २०६६ : १) ।

शिक्षा प्रदान गर्ने र शिक्षा लेनदेन गर्ने स्थल विद्यालय हो । विद्यालय समाजको सानो रूप हो । विद्यालयले व्यक्तित्व निर्माण गर्न सक्नुपर्दछ । विद्यार्थीको व्यक्तित्व समाजले निर्धारण गर्दछ । विद्यार्थीको आवश्यकता र चाहनालाई आत्मसात् गरी विद्यालयले पूर्ण विकास गराउन सक्नुपर्दछ । सामाजिक परिवेशअनुसार आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक विभिन्न व्यक्तिहरूमा विद्यार्थीलाई विकसित गर्न सक्ने भूमिका

*उप-प्राध्यापक पृथ्वीनारायण क्याम्पस



Scanned by CamScanner

विद्यालयको हुनुपर्दछ। विद्यालय समाजको प्रतिनिधित्व गर्ने संस्था भएकाले यसले सामाजिक अन्धविश्वासलाई हटाई समाजलाई आधुनिक बाटो देखाउन सक्नुपर्दछ। आधुनिक गतिशील समाजमा समय, परिस्थिति र सामाजिक मागअनुसारको नयाँनयाँ मूल्य मान्यताहरूको आवश्यक ज्ञान आपूर्ति गर्ने निकाय नै विद्यालय हो ।

डिवेको विचारमा विद्यालय आफ्नो चारदिवार बाहिरको बृहत् समाजको प्रतिबिम्ब हो। जसमा जीवनमा जीवनयापन व्यतीत गर्ने कुराहरू सिकाइन्छ र सो शुद्ध सरलकृत र उत्तमरूपले व्यवस्थित समाज हुन्छ। यो एक सक्रिय र रचनात्मक वातावरणको हुनुपर्दछ। विद्यालयले बालकलाई स्वअनुभव र स्वक्रियाकलाप सिक्न सकिने अवसर प्रदान गर्नुपर्दछ ।

विद्यालयलाई केवल शिक्षकले सूचना प्रदान गर्ने र विद्यार्थीले ज्ञान प्राप्त गर्ने स्थलको रूपमा हेरिनु हुँदैन। वास्तवमा विद्यालय सीप र विविध प्रकृति हासिल गर्ने स्थान हो (चाउवे, १९९५ : २)।

विद्यालयले पूर्वनिर्मित र पूर्वतयारीका आधारमा मात्र शिक्षा नदिई विद्यार्थीका व्यक्तिगत इच्छा चाहना र आवश्यकतालाई आधार बनाउनु पर्दछ । विद्यार्थी एक स्वतन्त्र प्रभावशाली र सृजनशील व्यक्ति हो । त्यस्तो व्यक्तिलाई अरुको विचार लाद्नुको सट्टा उसका विचारहरूको प्रस्फुटन हुन सक्ने गरी शैक्षिक वातावरणको निर्माण गर्नुपर्दछ । विद्यालयले समाजको प्रतिनिधित्व गर्नु पर्ने भए पनि अहिले यो सम्बन्ध तोडिएको देखिन्छ। सामान्यतया विद्यालयले निर्माण गर्ने वातावरण सामाजिक वातावरणका विपरीत देखिन्छ। तथापि विद्यालय समाजको बाह्य अंग होइन । कहिलेकांही समाज र विद्यालयको वातावरणमा यस्ता भिन्नताहरू देखिए जसका कारण बालकको व्यक्तित्व र विद्यालयको प्रगतिमा बाधा पुगेको देखियो। त्यसैले विद्यालय समुदाय सम्बन्ध ज्यादै महत्वपूर्ण देखिन्छ । विद्यालय समुदाय सम्बन्ध दरिलो बनाउने २ वटा उपायहरू छन्। ती हुन् :

१. विद्यालय सामाजिक जीवनको केन्द्रबिन्दुमा हुनुपर्दछ।
२. विद्यालय स्वयम्ले शिक्षक र विद्यार्थीलाई समाजमा प्रवेश गराएर शिक्षाद्वारा समाजलाई प्रभावित गर्नुपर्दछ।

मानवीय स्रोत व्यवस्थापन भन्नाले कुनै पनि संघ संस्था वा संगठनमा काम गर्ने मानिसलाई जनाउँछ। संघ संस्थाका निर्धारित लक्ष्य र उद्देश्यहरू पूरा गर्ने मानिसलाई जनाउँदछ। संघ संस्थामा निर्धारित लक्ष्य र उद्देश्यहरू पूरा गर्न विभिन्न स्तर, दक्षता, सक्षमता, कुशलता र योग्यता भएका जनशक्तिको आवश्यकता पर्दछ। कुनै पनि संघ संस्थामा मानवीय स्रोत व्यवस्थापनको ठूलो भूमिका हुन्छ ।

निर्जीव मेसिन पूँजी, कच्च सामग्री जस्ता साधन स्रोत जतिसुकै भए पनि त्यसलाई प्रभावकारी ढङ्गले प्रयोग र परिचालन गर्न जीवित साधनको रूपमा रहेको मानवीय संसाधनको प्रयोग अपरिहार्य हुन्छ । साधन र स्रोत जतिसुकै, जस्तोसुकै भए पनि त्यसको सही परिचालन भएन भने त्यसको कुनै अर्थ हुँदैन। त्यसको परिचालन मानव संसाधनले गर्दछ ।

संगठनको उद्देश्य प्राप्तिका लागि संगठनको कामसँग सम्बन्धित व्यक्ति जोसँग संस्थाको कार्य सम्पादनका लागि विभिन्न क्षमता, दक्षता आदिको साथमा संगठनमा रहेको हुन्छ। तिनीहरूलाई नै मानवीय स्रोत व्यवस्थापन (मानव संसाधन भनिन्छ)। आधुनिक सुविधा सम्पन्न व्यवसायिक युगमा जुनसुकै संगठन जतिसुकै साधन सम्पन्न भए पनि मानवीय स्रोतविनाको संगठन कल्पना गर्न सकिँदैन। आधुनिक प्राविधिकयुक्त साधनको सञ्चालन गर्नका लागि मानव संसाधनको आवश्यकता पर्दछ (खड्का, २०६३ : २)।

उपलब्ध साधन र स्रोतलाई संघ संस्थाको लक्ष्य तथा उद्देश्यअनुरूप अधिकतम उपलब्धि हुने गरी सही



Scanned by CamScanner

प्रयोग र परिचालन गर्नु व्यवस्थापन हो । गतिशीलता, परिवर्तनशीलता, निरन्तरता निर्देशन दिने पक्षले व्यवस्थापनलाई प्रभावकारी बनाएको हुन्छ । संगठन गर्ने, प्रबन्ध गर्ने, नेतृत्व गर्ने, उत्प्रेरणा प्रदान गर्ने, समन्वय गर्ने, संचार गर्ने, नियन्त्रण गर्ने जस्ता कार्यहरू व्यवस्थापनमा निरन्तर भइरहन्छन् ।

संगठनमा कर्मचारीहरूले गर्ने कामको प्रकृति निर्धारण गर्नु श्रम आवश्यकता पहिचान गर्नु, भर्ना गर्नु, उम्मेदवार छनोट गर्नु, नयाँ कर्मचारीहरूलाई पुनर्ताजगी तालिम दिनु, ज्याला तथा तलब व्यवस्थापन गर्नु, राम्रो कामलाई प्रोत्साहन र सुविधाहरू प्रदान गर्नु, कार्यसम्पादनको मूल्यांकन गरी काउन्सिलिङ् गर्नु, तालिम तथा विकास गर्नु, कर्मचारीहरूलाई कामप्रति प्रतिवद्धता बनाउनु आदिको व्यावहारिक पक्ष नै मानवीय स्रोत व्यवस्थापन हो । यसका साथै समान अवसर प्रदान गर्नु, सकारात्मक कार्य गर्नु, कर्मचारीहरूको स्वास्थ्य तथा सुरक्षामा उचित ध्यान पुऱ्याउनु तथा असल श्रम सम्बन्ध कायम गर्नु पनी मानवीय स्रोत व्यवस्थापनअन्तर्गत पर्दछ । मानवीय स्रोत व्यवस्थापन संगठनात्मक सफलताका लागि कर्मचारीहरूद्वारा काम गराउने एउटा कला हो । संगठन चाहे ठूलो होस् वा सानो, नाफामूलक होस् वा सेवामूलक सबै प्रकारका संगठनहरूमा मानवीय स्रोत व्यवस्थापनको आवश्यकता पर्दछ ।

मानवीय स्रोत व्यवस्थापन भन्नाले कामलाई व्यवस्थित गरी मानिस र अन्य साधनहरूको साथमा मानिसको सीप र दक्षता प्रयोग गरी प्रभावकारी ढंगले संगठनात्मक क्रियाकलाप संचालन गरी निर्धारित लक्ष्य प्राप्ति गर्नु भन्ने बुझिन्छ । यसअन्तर्गत कार्य सम्पादन प्रभावकारी ढंगले गराउनु, मानवसंसाधन योजना, तर्जुमा गर्नु, संगठन निर्माण गर्नु, नियन्त्रण गर्नु, उत्प्रेरणा जगाउनु, निर्देशन दिनु आदि समावेश हुन्छन् ।

मानवीय स्रोत व्यवस्थापन पुरानो कर्मचारी व्यवस्थापनको विकसित रूप हो । यदि मानवीय स्रोतलाई राम्ररी व्यवस्थापन गरियो र यिनलाई राम्ररी अभ्यासमा ल्याउन सकियो भने यिनको क्षमतामा अभिवृद्धि भई संगठनप्रतिको प्रतिबद्धता कायम भई उत्पादकत्वमा समेत वृद्धि हुन्छ (अधिकारी, २०६० : १) ।

अग्रवाल (सन् २००४) का अनुसार मानवीय स्रोत व्यवस्थापनले मानवीय उर्जा र दक्षतालाई संगठनात्मक उद्देश्य उन्मुख गराउँदछ । यसका लागि मानवीय स्रोत व्यवस्थापनका ४ तत्वहरू छन् । ति हुन प्राप्ती, विकास, प्रयोग र अनुरक्षण ।

प्राप्तिअन्तर्गत मानव संसाधन योजना, कार्य विश्लेषण, कर्मचारी भर्ना छनौट, सामाजीकरण आदि पर्दछन् । यसैको आधारमा उपयुक्त संख्या ठीक ठाउँमा र ठीक समयमा व्यक्तिले प्रवेश पाउने निश्चित हुन्छ । विकास अन्तर्गत विकासका लागि मूल्याङ्कनको आवश्यकता सेवाकालीन तालिम व्यवस्थापन विकास कार्यहरू र पेशागत स्तर (व्यक्तित्व) विकास पर्दछन् । यसले कर्मचारीमा दक्षताको विकास गरी वर्तमान कार्य हाक्न सक्ने क्षमताको विकास गर्दछ । प्रयोगअन्तर्गत कर्मचारी उत्प्रेरणा कार्य सम्पादन मूल्याकङ्न र क्षतिपूर्ति व्यवस्थापन पर्दछन् । यसले उत्पादकत्व सुधारसँग सम्बन्ध राख्दछ । अनुरक्षणअन्तर्गत अनुशासन, गुनासा र कर्मचारी सहयोग कार्यक्रमहरू पर्दछन् ।

हरेक क्षेत्रमा कार्यरत मानवीय स्रोत (मानव संसाधन) हरूलाई भिन्नभिन्न नामले पुकारिन्छ । त्यसैगरी विद्यालयका मानवीय स्रोत भन्नाले शिक्षक बुझिन्छ । शिक्षक भनेको त्यस्तो व्यक्ति हो, जसले विद्यार्थीहरूको शैक्षिक, नैतिक र सामाजिक परिवर्तन गरी समाजमा योग्य अनुशासित व्यक्ति बनाउन महत्वपूर्ण भूमिका खेल्दछ (न्यौपाने, ०६८ :६) ।

शिक्षा प्रदान गर्ने वा शिक्षित सामुदाय निर्माण गर्न पूर्ण जिम्मेवारी लिएको व्यक्ति नै शिक्षक हो । शिक्षकले कुनै पनि व्यक्ति समाज वा गाउँलाई शिक्षा दिएर विकास पक्षमा अग्रसर हुने प्रेरणा दिन्छ । उसले



Scanned by CamScanner

को प्रौढ, को बालक, को युवा, कुनै पनि व्यक्तिलाई लिङ्गभेद र वर्णभेद नगरी शिक्षित हुने सुवर्ण अवसर प्रदान गर्दछ । त्यसैले शिक्षक गाउँको विकासको खम्बा हो । उसको शिक्षा दीक्षा पाएर बालबालिकाहरू हुर्कन्छन् । जसले भोलिका दिनहरूमा गाउँ समाजको विकासमा टेवा पुऱ्याउँछन् । यसरी अप्रत्यक्ष रूपले पनि गाउँ समाजको विकासको पूर्वाधार तयार गर्ने व्यक्ति शिक्षक नै हो भनेर ठोकुवा गर्न सकिन्छ । यो शिक्षक भन्ने शब्दलाई अक्षर छुट्याएर प्रत्येक अक्षरका शिष्टता क्षमा र करुणाको पूजारी मात्र नभनी मानवता सभ्यताका निर्माण भन्न समेत हाम्रो हृदयका अन्तर कुन्तर लालयित हुन्छ । अतः राष्ट्र विकासको जग बसाल्ने काम शिक्षकले गर्दछन् ।

प्रगतिवादअनुसार शिक्षक मार्गदर्शकका रूपमा मूल्याकंनकर्ताका रूपमा बालबालिकाको अध्ययन गरी उनीहरूको आवश्यकता अभिरुचि गर्नु सामाजिक उतप्रेरकका रूपमा र वातावरण निर्माताको रूपमा हुनुपर्दछ (ढकाल, कोइराला, २०६६ :६१) निर्माणवादका अनुसार शिक्षक सहजकर्ताको रूपमा प्रस्तुत भई बालकलाई सिक्ने वातावरण बनाइदिने अवसर उपलब्ध गराइदिने, सहयोग गर्ने र सुसारेको जस्तो भूमिका निर्वाह गर्नुपर्दछ । त्यस्तै शिक्षक समन्वय कर्ता निर्देश, सल्लाहकार, प्रशिक्षकको रूपमा रहनुपर्दछ ।

सफल शिक्षक बन्न मुख्यतया तीन वटा कुराहरू चाहिन्छ ती हुन् : विषय वस्तुको ज्ञान, बालक सम्बन्धी ज्ञान र शिक्षण विधिको ज्ञान ।

विद्यालयमा मानवीय स्रोत (शिक्षक/कर्मचारी) व्यवस्थापनका लागि मानव संसाधनको योजना भर्ना छनौट नियुक्ति र सामाजिकीकरण प्रकृया अपनाउनु पर्दछ ।

**मानवीय स्रोतको योजना**

मानवीय स्रोत योजना संगठनका लागि मानवीय स्रोत साधनको पहिचान गर्नु मानव संसाधनको आवश्यकता निर्धारण गर्नु, कार्य विश्लेषण गर्ने मानव संसाधन भर्ना र छनौट गर्न क्षमता अभिवृद्धि लागि कार्यक्रम संचालन गर्ने आदि बारेमा योजना तर्जुमा गर्ने कार्य नै मानवीय स्रोत योजना हो । योग्य सक्षम र उत्प्रेरित मानव संसाधनको लागि प्रभावकरी मानवीय स्रोत योजनाको आवश्यकता पर्दछ (खड्का, ०६३:२८) ।

कुनै पनि संघ संस्थामा कहिले कस्तो प्रकारको जनशक्ति कति संख्यामा आवश्यक हुन्छ भनी पूर्वअनुमान गरी निर्णयमा पुग्नुलाई मानवीय स्रोत योजना भनिन्छ । कुनै देश तथा संगठनको लागि भविष्यमा के कस्तो जनशक्ति के कति आवश्यक हुन्छ भन्ने कुराको निर्धारण गर्दा भएको उपलब्ध जनशक्तिको स्थिति संगठनको नीति र कार्यक्रम, उपलब्ध जनशक्तिको गुणस्तर, प्रकार, दक्षता, स्रोत योजना गर्दा उत्तम, मध्यम र निम्नस्तरीय जनशक्ति के कति मात्रामा आवश्यक पर्ने हो सो बारेमा पूर्वानूमान गर्नुपर्दछ (थापा र साथीहरू ०६२: १४८) ।

मानवीय स्रोत योजना प्रकृयामा निम्न ४ चरणहरू पर्दछन् ।

१. मानवीय स्रोत आवश्यकता पूर्वानुमान

२. मानवीय स्रोत प्राप्यता तुलना

३. आवश्यकता र प्राप्यता तुलना

४. कार्ययोजना ।

**भर्ना**

भर्ना भन्नाले संख्यामा आवश्यक पर्ने कर्मचारीहरूको पदपूर्ति गर्नको लागि प्रर्याप्त मात्रामा आवेदन दिनमा गर्ने प्रकृया हो । जसबाट उपयुक्त कामको लागि उपयुक्त एवं योग्य व्यक्तिको छनौट गर्न सम्भव होस् संस्थालाई सूचारु रूपले संचालन गर्नको लागि उपयुक्त कर्मचारी भर्नाको महत्वपूर्ण भूमिका रहन्छ (थापा र साथीहरू, २०६२ :१५५) ।



Scanned by CamScanner

मानवीय स्रोत भर्नालाई एउटा प्रकृयाको रूपमा हेर्न सकिन्छ । जसमा संगठनका लागि आवश्यक पर्ने कर्मचारी पूर्वानुमान गरेर सम्भाव्य कर्मचारीहरूलाई कामको लागि आवेदन दिन उत्प्रेरित गरिन्छ । आकर्षक विज्ञापनले भर्ना सुनिश्चित गर्दछ । व्यवस्थापकले गुणस्तरीय भर्नामा विशेष ध्यान दिनुपर्दछ किनभने गुणस्तरीय भर्नाले मानव संसाधनलाई गुणस्तरीय बनाउँछ । संगठनात्मक सफलताका लागि गुणस्तरीय मानवीय स्रोत अनिवार्य हुन् ।

कुनै पनि तहको कुनै पनि दरबन्दीमा रही निश्चित समयमा काम गरिसकेको शिक्षक प्राध्यापक बिना कुनै प्रक्रिया स्वतः रूपमा स्थायी हुँदा बढुवा हुँदा यस प्रकृया उपयुक्त नहुन सक्छ । यो नीतिले शैक्षिक क्षेत्रमा ठूलो समस्या निम्त्याउन सक्छ। नेपालको विद्यालय तह, क्याम्पस तहमा कुनै कुनै बेला गरिएका यस्ता भर्ना कार्यको प्रभाव सकारात्मक भन्दा नकरात्मक नै बढी हुने गरेको छ ।

**छनौट**

कर्मचारीहरूका लागि उम्मेदवारहरू मध्येबाट दर्खास्त संकलन गरिसकेपछि सो मध्येबाट उपयुक्त व्यक्तिको चयन गर्ने कार्यलाई छनौट भनिन्छ। छनौटका कार्य आवेदन फारमहरू विशलेषण गर्नेदेखि लिएर संस्थाका लागि उपयुक्त व्यक्तिलाई कर्मचारीको रूपमा नियुक्ति गर्न कार्य सम्म हुन्छ । तसर्थ मानव संसाधन छनौट एउटा निरन्तर प्रकृया हो । यसले संस्थाका आवश्यकता र सक्षम व्यक्तिको बीचमा पुलको काम गर्दछ। जसले संस्थालाई आवश्यक पर्ने सक्षम व्यक्तिहरू निरन्तर उपलब्ध गराइरहन्छ ।

मानव संसाधनको छनौट मानव संसाधन व्यवस्थापनको एउटा महत्वपूर्ण कार्य हो संगठनका लागि आवश्यक पर्ने सबैभन्दा उत्तम आवेदनक छान्ने कार्यलाई छनौट भनिन्छ । मावन संसाधन छनौटलाई प्रभावकारी बनाउन भर्नाले महत्वपूर्ण भूमिका खेल्दछ । भर्नाका गुणस्तरीयता कायम गर्न सकिएमा असल व्यक्ति छनौट हुने सम्भावना बढी रहन्छ। सही व्यक्तिलाई सही कामको लागि छनौट गर्नुपर्दछ। मानव संसाधन छनौट गर्दा आवेदन दिनेहरू मध्येबाट अन्तरवार्ता लिने, छनौट परीक्षा लिने, सन्दर्भ जाँच लिने, शारीरिक जाँच गर्ने प्रक्रिया पूरा गरी अन्तमा लिने वा नलिने भनी निर्णय गरिन्छ (खड्का, ०६३ :१०३) ।

यूनेस्कोले ज्ञान सीप अभिवृद्धि मूल्य जस्ता क्षमतालाई ख्याल गरी उपयुक्त कर्मचारीको छनौट गर्नुपर्ने कुरामा जोड दिएको छ । मानौं विद्यालय निरीक्षकको भर्ना गर्नुछ भने शिक्षक, विधि, शैक्षिक सामग्री, मूल्याङ्कन, व्यवस्थापन, शैक्षिक नीति, नियम आदिको स्पष्ट जानकारी भएका व्यक्तिलाई छनौट गर्नुपर्दछ । ऊसँग विद्यालय संगठन यसका पद्धति कार्यालय व्यवस्थापन समय र कार्य योजना वित्तीय व्यवस्थापनको सीप हुन आवश्यक हुन्छ ।

**पदस्थापन**

छनौटका प्रक्रियाहरूबाट सफल ठहरिएका आवेदकलाई नियुक्त गरी कार्य सम्पादन गर्नका लागि निश्चित जिम्मेवारी र अधिकार सहित उपयुक्त काममा पदस्थापन गर्नु छनौट प्रक्रियाको अन्तिम चरण हो । जुन संख्यामा जुन स्थानमा पदमा जुन कार्य गर्ने प्रक्रिया अवलम्बन गरिएको हो, सोही अनुरूप सफल उमेदवारलाई पदस्थापन गर्नुपर्दछ । कर्मचारीलाई पदस्थापन गर्नु पूर्व उसलाई उक्त संस्थाको नियम, कानून, प्रयोग, प्रचलन संस्थाका जानकारी आदि पक्षबारे अभिमुखीकरण कार्यक्रम आयोजना गर्नुपर्दछ । यसका साथै पूर्वसेवाकालीन तालिमको व्यवस्था गर्नुपर्दछ।

प्रायः स्थायी नियुक्ति ६ महिना देखि १ वर्षको परीक्षण कालमा रहनेगरी गरिन्छ। उक्त अवधिसम्म कुनै बेठीक नभएमा उक्त परीक्षण काल हटेपछि स्थायी नियुक्ति दिइन्छ। परीक्षण कालको अवधिसम्म शिक्षक कर्मचारीको



Scanned by CamScanner

कार्यसम्पादन सन्तोषजनक नभएमा उसलाई सेवाबाट हटाउने प्रावधान निजामति सेवा ऐन शिक्षा ऐन आदिमा व्यवस्था गरिएको छ । लोक सेवा आयोगले भने अर्को कार्यकाल हेरेर सो समयमा सुधार नभए पनि नियुक्ति दिनुपर्ने व्यवस्था गरेको छ । त्यसको लागि परीक्षणकाल थप गर्न सकिने व्यवस्था समेत गरेको छ ।

नेपालमा शिक्षक छनौट सम्बन्धी व्यवस्था शिक्षक सेवा आयोगमार्फत् हुने व्यवस्था छ तर पनि विगत निकै वर्षदेखि शिक्षक भर्ना सम्बन्धी प्रभावकारी कार्य हुन सकिरहेको छैन (थापा र साथीहरू, २०६२, ०६७) ।

**सामाजीकरण**

संस्थाको आफ्नो किसिमको मूल्य, मान्यता, संगठन, ढाँचा वा विभागहरू भौगोलिक अवस्था नीति तथा नियमहरू चलन तथा व्यवहारहरू आदि हुन्छ । यसरी संस्थाको आफ्नै किसिमको वातावरणमा विभिन्न पृष्ठभूमिबाट आएका व्यक्तिहरूलाई समायोजन तथा घुलमिल बनाउने क्रियाकलापलाई सामाजीकरण भनिन्छ। यस प्रक्रियाले संगठनमा रहेका विभिन्न विभाग तथा व्यक्तिहरूसँग नयाँ कर्मचारीलाई चिनजान गराउने मात्र नभई संस्थामा विकास भएका बेग्ला बेग्लै किसिमको मूल्य मान्यता तथा भूमिकामा समायोजन गराउँदछ (खरेल, २०५६ :२१३) ।

नयाँ कर्मचारीहरूलाई संगठनको संस्कृतिसँग घुलमेल गराउने प्रक्रियालाई सामाजीकरण भनिन्छ । संगठनको एउटा संस्कृति हुन्छ । त्यसैले नव आगन्तुक कर्मचारीहरूलाई पनि त्यस संस्कृतिसँग परिचित गराउनुपर्दछ। जसलाई कर्मचारी सामाजीकरण भनिन्छ।

**सामाजीकरणले**

क) कर्मचारीहरूबीच समान व्यवहार गर्ने वातावरण सिर्जना गर्दछ । जसबाट आपसी सुझबुझ बढाउँदछ र आपसी द्वन्द्वलाई घटाउँछ ।

ख) कर्मचारीहरूबीच हुने सुझबुझ सम्बन्धी अस्पष्टतालाई अन्त गराउँदछ ।

ग) कार्य सम्पादनमा सुधार गर्दछ ।

घ) संगठनात्मक स्थायित्वमा वृद्धि गर्दछ ।

ङ) कर्मचारीहरूलाई चिन्ताबाट मुक्त गर्दछ ।

च) अटेरी र विद्रोही व्यक्तिलाई निष्काशन गर्ने अवसर प्राप्त हुन्छ ।

**शैक्षिक गुणस्तर**

मानवीय स्रोत व्यवस्थापन प्रक्रियाअनुसार कर्मचारी पदस्थापन गरिपछि उसको कार्य सम्पादनमा गुणस्तरीयता ल्याउन तालिम, प्रशिक्षण, उत्प्रेरणा, पुरस्कार, प्रोत्साहन आदि पनि आवश्यक पर्दछ । विद्यालयमा अपनाइने मानवीय स्रोत व्यवस्थापन प्रक्रियाले शैक्षिक गुणस्तरमा प्रभाव पार्दछ ।

विद्यालयले लगानी गरेअनुसार कुन स्तरको कस्तो खालको जनशक्ति उत्पादन भएको छ भनी मूल्य निर्धारण गर्नु नै शैक्षिक गुणस्तर हो । शिक्षामा गरिएको लगानीको आधारमा प्रतिफलको आशा गरिएको हुन्छ । दक्ष र सक्षम जनशक्ति नै देश निर्माणको बलियो आधार हुन सक्छ । यसरी गुणस्तरले उत्पादित जनशक्तिको कार्य कुशलतामा जोड दिन्छ (ढुङ्गाना, २०६० :२२) ।

समग्र शिक्षा प्रणालीलाई उत्पादनशील बनाई सक्षमता अभिवृद्धि गर्नुसँग शैक्षिक गुणस्तर सम्वन्धित छ । शिक्षामा यसका समग्र संरचनालाई पूर्ण क्षमतामा संचालित गर्नु र उच्चतम प्रतिफल हासिल गर्नु नै शैक्षिक गुणस्तर हो । भावनात्मक सर्वोच्चता, कार्यात्मक सर्वोच्चता, लेखनमा सर्वोच्चता, सोच बिचारमा सर्वोच्चता जस्ता कार्यमा गरिहने सर्वोच्चतालाई गुणस्तरीय शिक्षा भनिन्छ ।



Scanned by CamScanner

गुणस्तरीय शिक्षाको महत्वपूर्ण पक्ष सक्षम, दक्ष, सुयोग्य, कर्तव्यन्ष्टि प्रतिवद्ध एवम् तालिम प्राप्त जनशक्तिको आपूर्ति हो । विशेषगरी व्यवस्थापन र शिक्षणलाई प्रभावकारी बनाई शैक्षिउपलब्धिको स्तर उच्च राख्न र शैक्षिक प्रणालीको आन्तरिक दक्षतामा अभिवृद्धि गरी शैक्षिकक्षतिमा न्यूनीकरण गर्नका लागि गुणस्तरिय शिक्षा आवश्यक छ

**निष्कर्ष**

देश विकासको परिवर्तन ल्याउने भनेको शैक्षिक संस्था भएकोले शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि प्रशस्त समस्या र चुनौती रहको हुन्छ। सैद्धान्तिक रूपमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि मानवीय स्रोत व्यवस्थापन गर्न जति सजिलो मानिन्छ तर व्यवहारिक रूपमा विभिन्न परिस्थितिका कारण त्यसलाई कार्यान्वयन गर्न त्यति नै कठिन रहेको हुन्छ । शिक्षक नियमितता, शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोग, विद्यालय समुदायबीचको सम्बन्ध, शिक्षकलाई तालिमको अवसर, पेशागत दक्षता, शिक्षक विद्यार्थीलाई नियमित उत्प्रेरित गर्ने व्यवस्था, प्र.अ., वि.व्य.स., वि.नि./तथा स्रोत व्यक्तिवाट नियमित अनुगमन रेखदेख मूल्याङ्कन तथा परामर्श सेवा, परम्परागत सोच चेतनाको अभाव, आर्थिक अभाव पक्षपातपूर्ण मूल्याङ्कन तथा व्यवहार, राजनैतिक चलखेल र हस्तक्षेप सम्बन्धित पक्षबीचमा समन्वयको अभाव हचुवामा निर्णय गर्ने र फुसर्दमा पछुताउने प्रवृत्ति, अयोग्य व्यक्तिको छनौट, द्वन्द व्यवस्थापन नहुनु, शिक्षा नियमावलीको व्यवहारिक प्रयोग नहुनुजस्ता समस्याहरू रहेको विद्यमान अवस्थामा गुणस्तरीय बखान गर्नु अत्युक्ति हुँदैन। त्यसैले यी चुनौती हटाउनका लागि विभिन्न सचेतनामूलक कार्यक्रम, विद्यार्थी सहभागिता र सक्रियतामा जोड, शिक्षक नियमितामा जोड, रमणीय शैक्षिक वातावरण निर्माण सकारात्मक सुपरीवेक्षण, सहयोगात्मक परामर्श सेवा, शिक्षाप्रति सकारात्मक सोचको विकास, विद्यालय तथा अभिभावकको आर्थिक अवस्थामा सुधार, व्यवहारिक तथा व्यावसायिक शिक्षामा जोड शिक्षक, विद्यार्थी अभिभावक तथा सरोकारवालाहरूबीचको सम्बन्ध विस्तार, राजनैतिक चलखेल तथा हस्ताक्षेपवाट मुक्त गर्ने सम्बन्धित पक्षहरूको सहभागितामा निर्णय गर्ने, विद्यार्थी केन्द्रित बालमैत्री कक्षाकोठा व्यवस्थापन, योग्य व्यक्तिको प्रवेश, दण्डहीनताको अन्त्य, शैक्षिक नीति नियमको व्यवहारिक प्रयोगजस्ता विषयमा सुधारात्मक उपायबाट नै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मानवीय स्रोत व्यवस्थापन सहज हुन सक्छ ।

**सन्दर्भसूची**


अधिकारी, देवराज (२०६०) मानव संसाधन व्यवस्थापन, काठमाडौं : बुद्ध एकेडेमी पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि।

के.सी. फत्त बहादुर (२०६४) मानव संसाधन व्यवस्थापन, काठमाडौं : सुकुन्दा पुस्तक भवन भोटाहिटी ।

खड्का, शेरजङ्ग, (२०६३), मानव संसाधन व्यवस्थापन, काठमाडौं : प्रधानबुक्स हाउस प्रदशनिमार्ग ।

खरेल, श्रीकृष्ण (२०५६), मानव संसाधन व्यवस्थापनका आधारहरू, काठमाडौं : एसिया पब्लिकेशन प्रा.लि. ।

घिमिरे, सुजन (२०६६) नि.मा.वि. तहको सामाजिक शिक्षा शिक्षणमा १० महिने सेवाकालिन तालिमको प्रभावकारिता (अप्रकाशित शोधपत्र), पोखरा : पृथ्वीनारायण क्याम्पस ।

पोखरेल विहारी विनोद/श्रेष्ठ प्रकाश, ( ), मानव संसाधन व्यवस्थापन, काठमाडौंः खनाल पब्लिकेशन प्रा.लि. नयाँ बानेश्वर ।




Scanned by CamScanner

# गोपालप्रसाद रिमालको साहित्यिकता

लालमणि पोखेल*

**सार**

*प्रस्तुत आलेख नेपाली साहित्यका प्रसिद्ध स्रष्टा गोपालप्रसाद रिमालको समग्र साहित्यिक व्यक्तित्वलाई उजागर गर्ने सन्दर्भमा तयार पारिएको हो । यस अनुसन्धानमा रिमालका साहित्यिक प्रवृत्तिहरूलाई सरसर्ती केलाउने प्रयास भएको छ । मुलतः पुस्तकालयीय अध्ययन पद्धतिलाई आधार मानिएको यस खोजी कार्यबाट नेपाली साहित्यका बहुचर्चित सर्जक गोपालप्रसाद रिमालको साहित्यिक व्यक्तित्वका बारे जिज्ञासा राख्ने आम प्रबुद्धवर्गहरू लाभान्वित हुनेछन् भन्ने अपेक्षा राखिएको छ ।*

**मुख्य शब्दावली** : यथार्थवादी चेत, गद्यात्मकता, बिम्बात्मकता, प्रतीकात्मकता, नारी समस्यामूलकता, क्रान्तिकारी तथा विद्रोही, चेतना, नारी बहुलपात्र, द्वन्द्वात्मकता

**पृष्ठभूमि**

गोपालप्रसाद रिमाल परिवर्तनकामी व्यक्तित्व हुन् । उनी परम्पराको ढर्रामा हिँड्ने व्यक्ति होइनन् । उनी अयथार्थ वा कल्पनामा तरङ्गिने अनि भावुकतामा बहकिने व्यक्ति पनि होइनन् । उनी त यथार्थको फ्रेममा सजिने सर्जक हुन् । त्यसैर त उनलाई परम्परित ध्वनि र पुरातन शैली रुच्दैन । रिमाल सामाजिक अव्यवस्थाका घोर विरोधी र निरङ्कुशताका भयानक आँधी हुन् । उनी हेरफेर र उलटपुल चाहने सर्जक हुन् । यिनलाई आधुनिकताले निम्त्याएको विकृति पनि पच्दैन । यिनमा आधुनिकताका नाममा अल्लारे बन्ने र परम्पराका नाममा अभिजात्तीय रचना सृजना गर्ने प्रवृत्ति पनि मन पर्दैन । मानवताका पक्षपाती रिमालले सामाजिक यथातथ्यको इमान्दारिताका साथ उजागर गर्ने स्वभाव राख्छन् । रिमाल गत्यात्मकता चाहन्छन् । व्यवस्थापन चाहन्छन् । आधुनिकता चाहन्छन् । यिनी अव्यवस्था र विद्रुपताका विरोधी बनेर देखापरेका छन् । प्रजातन्त्र र मानवीय स्वतन्त्रता चाहने यिनी मान्छेमाथि हुने अत्याचार र उत्पीडन सहन नसक्ने, विकृति देख्नै नरुचाउने र विसङ्गति पचाउनै नसक्ने व्यक्तित्व हुन् । जब-जब यिनी सामाजिक अत्याचार, मानवीय अपहेलना अनि विद्रुप समाज व्यवस्था देख्न पुग्छन् त्यसबखत यिनको कन्सिरी तात्न थाल्छ । अनि यिनी विद्रोहको आगो ओकेल्न थाल्छन् अनि बडवानल बनेर आफ्ना कृतिमार्फत् हरप्रकारका असङ्गतिलाई डढाउन सुरिन्छन् ।

रिमाल आफ्नो जमानाका चर्चित नाटककार र कवि व्यक्तित्व हुन् । सङ्ख्यात्मकतालाई भन्दा गुणात्मकतालाई दृष्टि दिने रिममालले सरलताभित्र सरसता र गहनता भर्छन् । यिनी दूरान्वय र अस्पष्टतालाई नरुचाउने लेखक हुन् । आफ्ना थोरै रचनाका माध्यमबाट नेपाली साहित्यमा स्थापित बनेका रिमालले नेपाली साहित्यलाई आमाको सपना कविता सङ्ग्रह, मसान र यो प्रेम नाटक तथा माया एकाङ्की गरी चारवटा मात्र

*गुप्तेश्वर महादेव वहुमुखी क्याम्पस, पोखरा



Scanned by CamScanner

रचना दिएका छन् । सङ्ख्यात्मक उर्वरता नचाहे पनि यिनलाई गुणात्मक फट्को मार्नका लागि थोरै कृति नै पर्याप्त बने । रिमाल औपचारिकता र बन्धन चाहने व्यक्ति थिएनन् । यिनको जीवनशैली पनि आफ्नै प्रकारको रह्यो । यिनी उन्मुक्त वा फुक्का जीवनशैलीमै रमाएकैले यिनलाई जागीरे जीवन कहिल्यै रुचिकर बनेन । यिनले राजनीति पनि गर्न चाहे तर त्यस दिशातर्फ यिनी विविध कारणले असफल बने । यिनले तत्कालीन अवस्थामा आफूलाई साहित्यका माध्यमबाट सामाजिक परिवर्तनका हिमायतीका रूपमा भने प्रमाणित गरेरै छाडे । रिमाल नेपाली समाजको अग्रगमन, विकास एवं समुन्नति चाहन्थे । यिनी त सच्चा प्रजातन्त्रवादी र निरङ्कुशताका घोर विरोधी थिए । यिनका आमाको सपना, एक दिन एकचोटि आउँछ, रातो र चन्द्र सूर्यजस्ता रचनाले त्यसैको पुष्टि गर्छन् । अन्यायका विरूद्ध सदा आगो उकेल्ने रिमाल आँधी र झञ्झाका कविता रच्ने अङ्ग्रेजी साहित्यका पी. बी सेलीका निकट देखापरे । रिमाल सामाजिक विद्रुपताविरुद्ध बोलिरहे अनि निरङ्कुशताको साङ्लो तोड्नका निम्ति उफ्रि नै रहे । तात्कालिक विषम सामाजिक र राजनीतिक अवस्थामा कत्ति डर र सङ्कोच नमानी एकोहोरो परिर्वन र प्रजातन्त्रका पक्षमा कुर्लिरहेका रिमाल हक्की र नीडर स्रष्टा थिए भनिएन भने यिनीप्रति अन्याय हुन जान्छ । रिमालले आजीवन सामाजिक कुसंस्कार र राजनीतिक बेइमानीविरुद्ध धावा बोलिरहे । प्रजातन्त्र, समुन्नति र विकास चाहेका रिमाललाई जीवनका उत्तरार्धतिर नराम्ररी बहुलाउनु पऱ्यो । यिनलाई अर्कातिर राजनीतिक तथा सामाजिक विकृतिले चापेको चाप्यै पाऱ्यो । रिमालले आफूले भने वा चाहेजस्तो व्यवस्था आफ्नो जीवनमा देख्न र भोग्न पाएनन् । तर पनि यिनले निरङ्कुशताको जञ्जीरभित्रै प्रजातन्त्रको बिगुल फुक्न र आफ्ना रचनाका माध्यमबाट हुङ्कारका गीत गाउँन छाडेनन् । रिमालका लागि निरङ्कुश राज्य व्यवस्था र त्यसपश्चात्को प्रजातान्त्रिक वातावरण पनि अनुकूल बनेन । देशमा प्रजातन्त्र आएपछि पनि यिनी आक्रोशले ताती नै रहे, नाङ्गो खुकुरी लिएर नाची नै रहे । आकाङ्क्षाहरूमा डढेलो लागेपछि, आशाहरू धुजाधुजा भएपछि, नागरिकहरूप्रति बेइमानी भएपछि र देशभक्त एवं स्वतन्त्रताका सेनानीहरूलाई अलमल्याइएपछि एउटा सचेत जनकलाकारको मनस्थिति खलबलिनु स्वाभाविकै पनि थियो ।

रिमालको एउटा मात्र कविता सङ्ग्रहः- आमाको सपना र दुईवटा नाट्यकृति छन्:- मसान र यो प्रेम । यिनको आमाको सपना २०१९ सालमा प्रकाशित कविता सङ्ग्रह हो । यस रचनाले २०१९ सालको मदन पुरस्कार समेत प्राप्त गऱ्यो । त्यस्तै यिनको मसान नाटक २००२ सालमा प्रकाशित पहिलो नाट्यकृति हो । रिमालको यो प्रेम २००० सालमा रचिएको भए भए पनि यसको प्रकाशन २०१७ सालमा हुन पुगेको देखिन्छ । रिमालले नेपाली साहित्यलाई थोरै कृति दिए पनि ती सबै नेपाली साहित्यका जगत्मा ऐतिहासिक महत्त्व राख्ने खालका छन् । रिमालले नेपाली कवितामा सर्वप्रथम गद्य लयको सुरुवात गरे भने नेपाली नाट्य साहित्यमा यिनीबाटै सामाजिक यथार्थवादी चिन्तन भित्रन पुग्यो । रिमाल भिन्दै परम्परामा हुर्किएका व्यक्ति हुन् । यिनलाई परम्परित ध्वनि मन पर्दैनथ्यो । यिनी युगान्तकारी परिवर्तन ल्याउन चाहने व्यक्तित्व हुन् । पश्चिमी साहित्यका महान् यथार्थवादी नाटककार इब्सेनले जसरी परम्परालाई भत्काउदै, रुढिवाद र फगत आदर्शलाई त्याग्दै समाजमा व्याप्त असङ्गति, यौनदुराचार, सामाजिक शोषण, वैयक्तिक स्वतन्त्रताको हनन आदि पक्षलाई जसरी हुबहु टिप्ने प्रयत्न गरे त्यस्तै खालको प्रयत्न रिमालले आफ्ना नाटकमा गरेका छन् । रिमालले आफूपूर्वका लेखकहरूद्वारा स्थापित मानकलाई मिचेकै हुन्, परम्परित डोरेटोलाई भत्काएकै हुन् ।



Scanned by CamScanner

रिमाललाई भावनामा डुबुल्की मार्नु थिएन । फगत आदर्शलाई पछ्याउनु थिएन न त थियो परम्पराको बिडो धान्नु नै । समझैं यिनले नाटकमा पद्य भाषा प्रयोग गर्न चाहेनन् । खोक्रो राष्ट्रवाद र पतिब्रताका गुनगान गाउँन रुचाएनन् । हुन पनि सामान्य मान्छे गद्यमै बोल्छ । हामी गद्य भाषामै आफ्ना अभिव्यक्ति सार्वजनिक गर्छौं । रिमाललाई जीवन र समाजका आदर्श पक्ष पटक्कै रुचेनन् । यिनी त सामान्य जनमानसको रुचि बुझ्ने कलाशिल्पी थिए । यिनलाई बनावटी र चेपारेपन मन परेन । त्यसैले त यिनी यथार्थवादी बनेर निक्ले । यिनले आफ्नो जमानामा आफू हुर्केको समाजमा जे-जस्तो विकृति पाए, जे-जस्तो विसङ्गति देखे त्यसलाई हु-बहु तथा दुरुस्त रूपमा टिप्ने प्रयत्न गरे । रिमाल परिवर्तन चाहन्थे, हेरफेर चाहन्थे, नौल्याइँ चाहन्थे । यिनी परम्परालाई निरन्तरता दिने सर्जक नभएर त्यसको क्रमभङ्गता रुचाउने शिल्पी थिए । यिनी त सामाजिक विद्रुपताका विरुद्धमा धावा बोल्ने सर्जक थिए । रिमाल आँटिला र हिम्मतिला व्यक्तित्व थिए । जसरी यिनी नेपाली कविता परम्परामा पद्य लयलाई भाँच्दै नवीन गद्य लयको आमन्त्रण गर्न पुगे त्यसैगरी यिनी नाटकमा पनि नारी समस्या, विद्रोही चेतना र सामाजिक यथार्थवादी चिन्तन अङ्कन गर्दै युगान्तकारी नाटककार बन्न पुगे । रिमाल त इब्सेनझैं विकृतिविरुद्ध लड्ने हक्की स्रष्टा थिए । इब्सेन र रिमालमा कुन अर्थमा समता छ तलको उद्धरण पढी हेरौं :-

हेल्मर (नायक पति) : कस्तो निष्कारणकी र कस्ती बैगुनी तिमी छ्यौ,

नोरा ! तिमी यहाँ (मेरो घरमा) सुखी भएकी थिइनौ ?

नोरा (नायिका पत्नी) : थिइनँ, खाली खुशी ! अनि तपाईं सधै ममाथि दयावन्त हुनुभएको थियो । तर हाम्रो घर खेल्ने कोठासिवाय केही भएको छैन । म तपाईंकी पुतली-स्वास्नी भएकी छु ठीक जस्तो घरमा म बाबाकी पुतली-बालिका भएकी थिएँ अनि यहाँ केटाकेटीहरू मेरा पुतली भएका छन् । तपाईंले मेरो साथमा खेल्दा मैले ठूलो लहडबाजी सम्झें ठीक त्यस्तै मैले उनीहरूको साथमा उनीहरूले लहडबाजी सम्झें । यही हो जो हाम्रो विवाह भएको छ, हेल्मर ।

हेल्मर ... तिम्रो धर्म छैन ?

नोरा - मलाई डर लाग्दछ, हेल्मर, म ठीकसित बुझ्दिनँ धर्म के हो ।

(इब्सेन, डल्स हाउस)

युवति ... तपाईंलाई मेरो मासुको माया हैन ? तपाईंलाई त्यो चाहिन्छ भने लौ बहिनीले जस्तै गरेर म छाडेर जान्छु । अनि दुवैको लाशमाथि गिद्ध भएर बस्नोस् । त्यसै गरू ? (कृष्ण नीलो हुन्छ) मफतको यो कति कचकच ! लौ हिडें अब ।

कृष्ण ... पोइलाई यसरी छोडेर जानु तिम्रो कर्तव्य हो ?

युवति- आमा गुहारेर केही भएन, दयाको खुट्टा परेर केही चलेन । अब लठ्ठी देखाएर तर्साउन खोजेको । बल्ल आफ्नो सच्चा स्वरूपले देखापर्नु भो ... पोइ । मैले यो मसान पनि छोड्न नपाउने ? आफूलाई चाहिँ जे गरे पनि हुने अधिकार अर्कालाई बिराउनै नहुने कर्तव्य ! यो कहाँको न्याय हो ? तपाईं मलाई साँच्चै नै छोड् दिनू भन्नुहुन्छ भने मैले तपाईंलाई अघि नै भनिदिइसकेकी छु मेरो लाश लिएर बस्नोस् । एक किसिमले म तपाईंकी बिहाइते पनि त हुन आइनँ ! म त तपाईंकी भोगिनी रखौटी !

(रिमाल, मसान) ।

माथिका दुई उद्धरणमा नोरा र युवतीका अभिव्यक्ति कम्ती मार्मिक छैनन् । नोरा युवतीझैं सन्ततिहीना त होइन तर पनि उसले आफूप्रति लोग्नेले गरेको व्यवहारलाई निको मानेकी छैन । उसले



Scanned by CamScanner

श्रीमान्‌बाटै आफूलाई घरकी पुतली बनाइएको महसुस गरेर विद्रोह गरी घर त्यागेकी छ । उता रिमालको मसानकी युवतीले पनि आफूलाई आफ्नो पति वा पोइ भनाउँदोले भोग्या वा रखौटी बनाएको ठानेकी छ । उसले कृष्णद्वारा आफू पुतली बनाइएको अभिव्यक्ति दिँदै मातृवात्सल्य र नारी अस्मिता नबुझ्ने स्वाँठ कृष्णलाई कडा चुनौती दिँदै घर वा मसान त्यागेर हिँडेकी छ । उसको नारीमुक्ति र हुङ्कारको स्वर निकै चोटिलो र बेगिलो देखिन्छ । युवतीले नारीलाई यौनतिर्खा मेटाउने साधन बनाउने र उनीहरूलाई भोग्या र रखौटी ठान्ने पुरुषहरूको कडा प्रतिवाद गरेकी छ । ऊ यहाँ रणचण्डी भएर उपस्थित भएकी देखिन्छे । ऊ पतिहरूले आफ्ना स्वास्नीहरूलाई खेलौना र पुतलीभन्दा अर्को वस्तु नदेख्ने प्रवृत्तिका विरुद्धमा सशक्त रूपमा उत्रिन पुगेकी छ । नोरामा झैं उसमा पनि नारी विद्रोहको स्वर प्रबल देखिन्छ ।

सामान्य विषयलाई गहन रूपमा चित्रण गर्ने रिमाल आफ्ना नाटकमा कहीं र कतै आदर्श बनेका छैनन् । वर्गीय दृष्टिले निम्न र मध्यमवर्गीय पात्रलाई प्रश्रय दिनु, कसैले नदेखेको सूक्ष्म र तुच्छ मानिएको विषयप्रति नजर डुलाउनु, सामान्य तथा जनबोलीको प्रयोग गर्नु, सामाजिक धरातलको यथार्थलाई वस्तुगत ढङ्गमा टिप्पणी गर्नु यथार्थवादीको स्वभाव हो । यो स्वभाव रिमालमा छ । उनले आफ्ना नाटकमा सम्भ्रान्त, कुलीन र राजकीय खानदानका पात्रलाई स्थान दिएका छैनन् । रिमालले त नारी वेदना सुनेका छन्, सामाजिक धरातलको यथातथ्य टिप्पणी गरेका छन्, भाषामा आडम्बर र शैलीमा पाण्डित्याइँ रुचाएका छैनन् । सामाजिक यथार्थ धरातलमा आधारित रही कृतिको सृजना गर्न अग्रसर बनेका रिमाल भावुकता, काल्पनिकता, रहस्यात्मकता, ईश्वरवादिता, धार्मिकता, औपदेशिकता, नीतिपरायणता, अलौकिकता वा पारलौकिकता, अतीतोन्मुखता आदि प्रवृत्तिलाई कहिल्यै अवलम्बन गर्न पुगेनन् । रिमालमा सामाजिक सत्यलाई उदाङ्गो पारेर देखाइदिने, सामाजिक यथार्थलाई इमानदारीपूर्वक टिप्पणी गर्ने, जीवन-जगत्‌प्रति वैज्ञानिक दृष्टिकोण राख्ने, मानव जीवनका सबल-दुर्बल, आशा-निराशा, श्लील-अश्लील, सुन्दर-असुन्दर आदि पक्षको सन्तुलित रूपमा चित्रण गर्ने प्रवृत्ति देखिन्छ । यिनी समसामयिक युगजीवनको टिप्पणीमै रमाउने स्रष्टा हुन् । वर्तमान छाडी अतीततर्फ फर्किने प्रवृत्ति पनि रिमालमा छैन । यिनै आधारहरूले रिमाल नेपाली नाटकमा सामाजिक यथार्थवादी सर्जकका रूपमा दरिन आएका देखिन्छन् ।

रिमाल नेपाली साहित्यका मूर्धन्य कवि तथा नाटककार व्यक्तित्व हुन् । अब रिमालका रचनामा केकस्ता प्रवृत्तिहरू देखापर्छन् सो को चर्चातर्फ लागौं ।

**यथार्थवादी चेत**

रिमाल नेपाली नाट्यसाहित्यका यथार्थवादी नाटककार हुन् । रिमालको यस प्रवृत्तिका बारे थेरथोर माथि पनि चर्चा गरिसकिएको छ । यिनी आफ्ना नाटकमा सामाजिक जनजीवनका यथातथ्यलाई अङ्कन गर्न रुचाउँछन् । यिनका नाटकमा काल्पनिक, अयथार्थ तथा भ्रमका कुरा कतै पनि पाइन्न । रिमालले नेपाली नाट्यसाहित्यलाई यथार्थवादी धारमा हिँड्न प्रेरित गरेका छन् । रिमालको यथार्थवादिता विषय, शैलीशिल्प, संरचना, संवाद र भाषामा देख्न पाइन्छ । रिमालका नाटकका विषयवस्तु सामाजिक धरातललाई स्पर्श गर्ने खालका छन् । यिनका मसान र यो प्रेम नाटकका विषय तत्कालीन समाजका नवशिक्षित, उच्च तथा मध्यमवर्गका मानिसहरूसँग सम्बद्ध छन् ।

रिमालको वस्तुजगत् तथा जीवनप्रतिको दृष्टिकोण बौद्धिक र वैज्ञानिक छ । रिमाल भौतिकजगत्‌को वास्तविकता र सामाजिक जनजीवनको यथार्थ चित्रण गर्ने



Scanned by CamScanner

साहित्यिक व्यक्तित्व हुन्। रिमाल सामाजिक जनजीवनको चित्रण यथार्थरूपमा अत्यन्तै इमान्दारिताका साथ गर्दछन् । यिनी मानव जीवनका सबल र दुर्बल, सत् र असत् अथवा आशा र निराशाको समान र सन्तुलितरूपमा चित्रण गर्दछन् । यिनी अलौकिक सत्यमा नभई लौकिक सत्यमा विश्वास गर्छन् । यिनको साहित्यको विषयवस्तु समसामयिक जीवन, समाज, घटना, सामाजिक तथा पारिवारिक समस्यासँग गाँसिएको हुन्छ। काल्पनिकतामा भन्दा वास्तविकतामा आधारित सन्दर्भहरू टिप्न रिमाल सिद्धहस्त छन् । यिनी आफ्ना रचनामा नैतिकताको पाठ सिकाउने, धार्मिक उपदेश दिने गर्दैनन् न त यिनी आदर्शवादी नै देखापर्छन्। कथानकका दृष्टिले महत्त्वहीन तथा गौण पात्रहरूका साथै साधारण घटना, सामान्य तथ्य र मामुली स्थितिहरूको पनि सूक्ष्म र विस्तृत चित्रण गर्ने रिमालले कृत्रिम, आलङ्कारिक, संस्कृतनिष्ट, आडम्बरयुक्त र दुरान्वय खालको भाषा प्रयोग नगरी बोलचालको सामान्य वा स्थानीय भाषाको प्रयोग गर्छन् । यिनको संवादात्मक शैली पनि सामाजिक स्तर र पात्रानुकूलको हुन्छ। यिनले बालकृष्ण समका झैं बौद्धिक, पद्यात्मक तथा लामा संवादको प्रयोग गर्दैनन् न त गर्छन् भीमनिधिको जस्तो आदर्श पक्षको उद्घाटन नै । रिमाल स्थानीय भाषिका र व्यक्तिबोलीको समेत प्रयोग गरी स्वाभाविकता र विश्वसनीयता ल्याउने आफ्नै खालको सहज, सुबोध र सरल प्रकारको विशिष्ट शैलीशिल्प भएका नाटककारका रूपमा देखापरेका छन्। सामाजिक व्यवस्थामा देखापरेका कुरूपता तथा विद्रुपताको निराकरणका लागि विद्रोह गर्ने र परिवर्तनको स्वर बुलन्द पार्ने स्रष्टाका रूपमा देखा पर्ने रिमाल वैज्ञानिक दृष्टि अँगाली सामाजिक यथार्थको वस्तुगत चित्रण गर्न रुचाउँछन् ।

माथि उल्लिखित प्रवृत्तिका कारण रिमाल नेपाली नाट्यसाहित्यमा प्रथम यथार्थवादी नाटककारका रूपमा दरिन पुगेका हुन् । सामाजिक सत्यको फोटोग्राफिक चित्रण गर्ने प्रवृत्ति रिमाल अघिका नाटककारहरूमा पाइन्न । यिनका झैं निम्न र मध्यमवर्गीय पात्रलाई नाटकमा स्थान दिई तिनको सूक्ष्मातिसूक्ष्म चित्रण गर्ने प्रवृत्ति पनि यिनी पूर्वका नाटककारमा देखिन्न। सामाजिक यथार्थको अङ्कन गर्दै समसामयिक जीवन भोगाइलाई स्थानीय परिदृश्यका माध्यमद्वारा इमान्दारिपूर्ण तरिकाले अभिव्यक्त गर्ने प्रवृत्ति पनि नेपाली नाट्यसाहित्यका लागि नौलै थियो । समाजले उपेक्षा गरिराखेको, पुरुषप्रधान समाजले यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता भनेर हिन्दू-दर्शनको आडमा नारी आदर्शको ढोँग फुके पनि नारीहरूलाई समाज तथा घरपरिवारमा अग्रणी भूमिकाका रूपमा देख्न नचाहने प्रवृत्ति रिमालले पनि देखे भोगेका हुन्। तत्कालीन नेपाली समाजमा नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरिने गरेको भए पनि रिमालले नारी वा आइमाईजस्तो तुच्छ, हेय र अपहेलित वर्गलाई नाटकमा सर्वोपरि स्थान दिनुले अनि माथि उल्लेख गरिएका साक्ष्यहरूले रिमाल नेपाली नाट्यसाहित्यका प्रथम यथार्थवादी नाटककारका रूपमा दरिन आउँछन् ।

**गद्यात्मकता**

रिमाल गद्य भाषाको प्रयोग गर्ने साहित्यकार हुन् । यिनले नेपाली कवितामा परम्परभन्दा भिन्न गद्य लयको आमन्त्रण गरी नेपाली कवितालाई नयाँ मोड र भिन्न गति दिने कार्य गरे । कवितामा शास्त्रीय पद्य लयलाई भाँच्दै गद्य लयको आमन्त्रण गरेका रिमालको गद्य लय नेपाली कवितामा यिनका अग्रज बालकृष्ण सम, देवकोटा र यिनका समकालीन र अन्य भूपी शेरचन, हरिभक्त कटुवाल, मोहन कोइराला, बैरागी काइँला प्रभृत्ति कविहरूको प्रयोगका कारण निकै लोकप्रिय र स्थापित समेत बन्यो । रिमालले नेपाली कवितामा मात्र नभएर नाटकमा पनि सरल गद्य भाषाको आमन्त्रण



Scanned by CamScanner

गर्न पुगेका छन् । आधुनिक नेपाली नाट्य जगत्का अग्रणी व्यक्तित्व बालकृष्ण सम मुख्यतः पश्चिमी महान् नाटककार शेक्सपियरबाट प्रभावित देखिन्छन् । समले पूर्वीय साहित्यले अवलम्बन गरिराखेको सुखान्त नाट्यलेखन परम्परा अनि पूर्वीय साहित्य सिद्धान्तले भन्ने गरेको दुःखान्तं ननाटकम्को मान्यता तोड्दै दुःखान्त नाटक लेखी अनि शेक्सपियरका झैं (Blank-verse) अन्त्यानुप्रासविहीन अनुष्टुप छन्दका ढाँचामा नाटक रची नेपाली नाटकलाई नयाँ गति तथा नवीन दृष्टिकोण दिए। त्यस्तै रिमालले पनि नेपाली नाट्य जगत्लाई सरल गद्य भाषा र यथार्थवादी चिन्तन दिई नयाँ मोड दिने कार्यको आरम्भ गरे ।

नेपाली नाट्यसाहित्यमा गोपालप्रसाद रिमालले गद्य लयको आमन्त्रण मात्र गरेनन् त्यसलाई शक्तिशाली बनाउने र नेपाली कवितामा स्थापित तुल्याई त्यसको सतत परम्परा बसाउने सम्मको काम रिमालबाट भएको छ। रिमालको गद्य लय नेपाली कवितामा स्थापित बनेको पद्य लयभन्दा कुनै पनि दृष्टिले कमजोर मान्न सकिन्न । यिनका आमाको सपना, जङ्गी निसान हाम्रो, परिवर्तन, तिमी को ? एक दिन एकचोटि आउँछजस्ता कवितामा यिनको गद्य भाषा कति बलियो छ भन्ने कुरा स्वतः पुष्टि हुन्छ । तल केही नमुना हेरौं:-

"हो, त्यो आउँछ,
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ ।
अब म उठें, गएँ ।"

(आमाको सपना, २)

हाम्रो धर्म के ? लडाइँ-
पृथ्वीनारायण शाहको जस्तो
बहादुर शाहको जस्तो
रणबहादुर शाहको जस्तो ।

(आमाको सपना, १५)

काम, क्रोध र लोभ यी तीन तमोद्वार हुन्,
यो होश कसलाई भएको हो साथी ?
म त न आफ्नो खुशीले आँखा खोल्ने हुँ,
न आफ्नो खुशीले आँखा चिम्लने हुँ, साथी !
यो होश कसलाई भएको हो साथी ?

(आमाको सपना, २२)

रातो र चन्द्रसुर्जे, जङगी निसान हाम्रो ।
जिउँदो रगतसरि यो, बल्दो यो सान हाम्रो ॥

(आमाको सपना, ३४)

माथिका सन्दर्भबाट रिमाल बलिया गद्यका कवि हुन् भन्ने प्रमाणित हुन्छ ।

बिम्बात्मकता तथा प्रतीकात्मकता

रिमाल बिम्ब र प्रतीकको प्रयोग गर्ने स्रष्टा हुन् । यिनका कवितामा नवीन बिम्ब र प्रतीकको आयोजन भेटिन्छ। बिम्ब र प्रतीकको कलात्मक सजधजका कारण यिनका रचनाहरू निकै शक्तिशाली बनेका हुन्छन् । यिनी आफ्ना रचनामा अलङ्कारको समुचित आयोजनमा पनि सिद्धहस्त देखिन्छन्। यिनका रचनामा देखिने बिम्ब, प्रतीक तथा अलङ्कारका नमुनाहरू तल हेरौं:-

आमा त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ ।
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ ।
... हेरौला, त्यो हुरी भएर आउनेछ,
तिमी पात भएर पछ्याउनेछौ !
उहिले त्यो जीवनलोकबाट झरेर जूनजस्तै पोखिँदा
सारा जडता सगबगाएको थियो, बा ।

(आमाको सपना, १/२)

अथवा कथाका राजकुमारझैं देशभ्रमण गर्दागर्दै
राक्षसले लुटिएको सुनसान शहरमा आइपुग,
एकलासको बगैंचामा सुतिरहेकी मलाई एक्कासी फेला पार,
मलाई बाबुआमा भन्न कर परिरहेका राक्षसहरूबाट



Scanned by CamScanner

छुटकारा दिन कम्मर कस,

(आमाको सपना, ३)

गाईसरि छन् साधु जोजो यहाँ जगत्मा ।
सबको सरन बलियो जङ्गी निसान हाम्रो ।

(आमाको सपना, ३४)

हामी बादलजस्तै गुटुमुटु पनि भएका छौं;
त्यो बादलमा इन्द्रधनु पऱ्यो,
झरी लाग्यो, हुरी आयो,
अनि हामी आकाशजस्तै सङ्ला पनि भयौं,

(आमाको सपना, ३६)

माथिका उद्धरणहरूमा रिमालले बिम्ब, प्रतीक र अलङ्कारको राम्रो प्रयोग गरेका छन् । यिनका कवितामा प्रयुक्त बिम्ब तथा प्रतीकहरू ज्यादै सरल, संवेद्य, चित्ताकर्षक र कलात्मक हुने कुराको साक्ष्य माथिका उद्धरणबाटै प्रष्ट हुन्छ । रिमालका कवितामा झैं नाटकमा भने बिम्ब र प्रतीकहरूको आयोजन त्यति सशक्त र कलात्मक ढङ्गले मुखर भएको नपाइए पनि रिमालले सन्दर्भ अनुकूल नाटकमा पनि काव्यात्मक र आलङ्कारिक अभिव्यक्तिको उपयोगमा आफूलाई पछि पारेका छैनन् । प्रस्तुत छ एक उद्धरणः-

यो मासु राँकिएर आएको, मासुका यी लुँदाहरूमा रगत उम्लिरहेछ । तर तिनीहरूलाई सेलाउने राम्रो बाटो पनि त चाहियो नि ? रगत सधैं उम्लिरहन्न, मासु चाउरिहाल्छ । मायामा सुकेको रगत बेश, स्याहारमा झुम्रो भएको मासु बेश । जीवन जीवनमा हराओस् । (मसान, ६)

थसुल्ली मोरी घरभरिकी भैदी । म नअटाउने भएँ । बजै, यो लोग्नेमान्छेको जातलाई मासुको थुप्रो भए पुग्दो रहेछ । (मसान, ६)

**नारीसमस्यामूलकता**

निरङ्कुश राणाशासनका अवधिमा नेपालीहरू एकातिर शासकहरूको अत्याचारले थिचिएको र अर्कातर्फ नेपाली समाज विविध सामाजिक र सांस्कृतिक रुढिले जेलिएकाले त्यस अवस्थामा नेपालमा सामाजिक तथा सांस्कृतिक जागरणको परिकल्पनासम्म गर्न सकिँदैनथ्यो । निरङ्कुशताको भासमा जकडिएका नेपालीहरू त्यस अवधिमा शासकहरूको विरुद्धमा केही बोल्न सक्तैनथे । रिमालका समयमा जनमुक्ति, स्वतन्त्रता, प्रजातन्त्र अनि मानवअधिकारका बारेमा सबै मौन थिए । राणाहरूको निरङ्कुशताका अघिल्तिर साराको होस गुम थियो । नेपाली समाज एकातिर राणाहरूको निरङ्कुशतन्त्रले अठ्याइएको थियो भने अर्कातिर सामाजिक कुरीति, कुसंस्कार र रुढिवादले थिलथिल्याइएको थियो । सास फेर्न पनि गाह्रो पर्ने र आँखा खोल्न पनि साह्रो पर्ने तत्कालीन अवस्थामा रिमालले जुन आँट, हिम्मत र जोश देखाए त्यो सबैका लागि नौलो मात्र नभएर समग्र युगकै लागि चुनौती पनि थियो । सङ्गीनका धारमा हिँड्न पनि नहिचकिचाउने र राइफलका गोलीहरू देखेर पनि नतर्सने हक्की व्यक्तित्वका रूपमा देखापरेका रिमालले स्वाभिमान गुमाउन चाहेनन्, नैतिकता बेच्न खोजेनन् अनि स्वावलम्बीपन पन्छ्याउन पनि इच्छाएनन् । एक निडर, पराक्रमी, साहसी तथा जुझारु योद्धाका रूपमा देखापरेका रिमाल समग्र युगमाथि धावा बोल्ने व्यक्तित्व थिए । उनले विद्रोह गर्नुलाई, मन नपरेको कुराको विरोध गर्न पाउनुलाई आफ्नो जन्मसिद्ध अधिकार ठाने । उनी हावाको सानै झोक्कामा हुइँकिने पतकर थिएनन् उनी त विशाल हुरी झेल्न उडेको चरो थिए जो ठूलो झञ्झा र आँधीमा पनि कहिँल्यै आत्तिएनन् । उनका पखेटा यति बलिया थिए कि जो विशाल आँधीलाई झेल्नकै निम्ति बनेका थिए ।

रिमालले आफूपूर्वका सर्जकहरूले नजर नपुऱ्याएको क्षेत्रमा लेखनीलाई गति दिए । नवीनताको उद्घाटन गर्नु उनको ध्येय रह्यो । त्यसैर यिनी नौलोपनका पर्याय नै बने । यसैको परिणतिस्वरूप



Scanned by CamScanner

रिमालले दुनियाँले अदना, अबला ठानेको; तुच्छ र हेय जात मानेको नारीवर्गलाई विद्रोही बनाए । अत्याचार सहने होइन त्यसको मुकाबिला गर्ने आँटिला, हिम्मतिला, साहसी तथा पराक्रमी वीराङ्गनाका रूपमा नारीहरूलाई खरो रूपमा उतारे । रिमालका नाटकका नारी चरित्र कस्ता छन् एउटा नमुना हेरौं:-

कृष्ण- (अझै अर्को त्यान्द्रो समातेर) पोइलाई यसरी छाडेर जानु तिम्रो कर्तव्य हो ?

युवति- आमा गुहारेर केही भएन, दयाको खुट्टा परेर केही चलेन । अब लट्ठी देखाएर तर्साउन खोजेको ? बल्ल आफ्नो सच्चा स्वरूपले देखापर्नु भो... पोइ मैले यो मसान पनि छोड्न नपाउने ? आफूलाई चाहिँ जे गरे पनि हुने अधिकार, अर्कालाई बिराउनै नहुने कर्तव्य । यो कहाँको न्याय हो ? तपाईं मलाई साँच्चै नै छोड्दिनँ भन्नुहुन्छ भने मैले तपाईंलाई अघि नै भनिदिइसकेकी छु मेरो लाश लिएर बस्नोस् । (एकैछिन पछि) एक किसिमले म तपाईंकी बिहाइते पनि त हुन आइनँ । म त तपाईंकी भोगिनी, रखौटी ।

कृष्ण- मलाई तिमीले जीवनभरको दुःखी तुल्याएर जान लाग्यौ ।

युवति- तपाईंले मेरो जीवन नै खल्लो तुल्याइदिनुभो । (मसान, ६३) ।

माथिको उद्धरणबाटै स्पष्ट हुन्छ रिमालका नाटकमा नारीहरू कति समस्याग्रस्त छन् भन्ने कुरा । युवतीले आफ्नो लोग्ने कृष्णबाट आफूलाई रखौटी र भोग्या बनाइएको ठान्न पुगी मसानमा एकदिनसम्म पनि नबस्ने अठोट गरेकी छ । कृष्ण नारीलाई भोग्या र यौनतृष्णा मेट्ने साधन मात्र देख्न पुग्छ । युवतीलाई उसले झुक्याएर औषधी खुवाई बाँझी तुल्याएको छ । युवती समयमै आफ्नो श्रीमान्को करतुत थाहा पाउन नसक्दा आफू उपर मातृस्नेह वा मातृवात्सल्यका तृष्णाले सौता हाल्न पुगेकी छ । सौता हाल्नु उसको वा ऊभित्रको वात्सल्यप्रेमको उपज हो । कृष्णले विनाकारण, विनाअपराध दुई जनाको स्त्रीको जीवन बरबाद तुल्याएको छ । उसकै कारण दुलही सोह्र वर्षकै कलिलो तथा लाऊँलाऊँ र खाऊँखाऊँकै उमेरमा मृत्युको मुखमा धकेलिएकी छ भने युवती पनि त्यति सुन्दर घर-गृहस्थी त्यागी अनिश्चित भविष्यको भुमरीमा हाम्फालेकी छ । त्यस्तै कृष्णकै घरमा दासी जीवन व्यतीत गरेकी बाग्मती पनि आफ्नो श्रीमान्को करतुतद्वारा घरबाट निकालिएकी छ । त्यसैसँग सम्बद्ध एक उद्धरण हेरौं:-

बाग्मती- ... मेरो माइततिर पनि घरतिर पनि एक मानाको पूरा जोरजाम छ । हजुरलेजस्तै मैले पनि एउटा छोरा पाएँ । पहिलेदेखिन्कै माया छँदै थियो । झन् छोरो पाएपछि थपिएला भनेको त निष्ठुरी पापीले अर्कीलाई पो ल्याएर घरभित्र हुलिदियो । अनि घरमा टिक्नै सकिनँ थसुल्ली मोरी घरभरिकी भैदी । म नअटाउने भएँ । बजै, यो लोग्नेमान्छेको जातलाई मासुको थुप्रो भए पुग्दो रहेछ । (मसान, ४२) ।

रिमालका नाटकका सम्पूर्ण नारीपात्र पुरुषहरूको अत्याचार र उत्पीडनबाट ग्रसित भए पनि उनीहरू आफूमाथि भएको अत्याचार सहेर बस्ने खालका छैनन् । रिमालका नाटकका नारीपात्रहरू हिम्मतिला र विद्रोही खालका छन् । आवश्यक परेका बेला उनीहरूमा विद्रोह गरेर हिँड्ने आँट पनि देखिन्छ । रिमालको यो प्रेम नाटकका शशि र गङ्गा पनि समस्याग्रस्त नारी पात्रका रूपमा देखापरेका छन् । यो प्रेम नाटकमा शेखरका कारण तीन जनाको भविष्य सखाप भएको देखिन्छ । शेखरकै कारण उसकी श्रीमतीको मृत्यु हुन पुग्छ भने अर्कातर्फ गङ्गाको श्रीमान् पनि उसकै कारणले मृत्युवरण गर्न पुगेको छ । उता गङ्गा विधवा बन्नुको कारण पनि ऊ



Scanned by CamScanner

नै हो । शेखरकै दुष्चक्रमा परी विधवा बनेकी गङ्गाले शेखरको भित्री मनसाय बुझ्नेपछि कम्ती आक्रोशित बनेकी छैन । तलको उद्धरण त्यसैको साक्ष्य होः-

गङ्गा- शशि ! ए शशि ! (शशि देखापर्दछे) शेखरहरूले अहिले आउँछौं भनेका छन् क्यारे हैन ?

शशि- (नसुनिने गरी) हो ।

गङ्गा- तिनीहरूलाई आएपछि अबदेखि तिमीहरू यहाँ नआओ भनिदिनुपर्छ । (फर्केर हेर्दा शशिलाई उही उभिएको देखेर) जा छोराकाँ । (शशिलाई आफूलाई ढोकाबाट च्यातेर लगेझैं गरेर जान्छे) । (गङ्गा सिरानीमुनिबाट सलाई झिक्छे, कन्तुरबाट चिट्ठीहरू त ल्याइसकेकी छ । अनि खोकिलाबाट एउटा तस्वीर झिकेर पहिले त्यसलाई सलाई लाउँछे । अनि अरू चिट्ठीहरूलाई । यसैबीचमा शशि एकचोटी देखा परेर सब जाँचबुझ गरी गइसकेकी हुन्छे । गङ्गा कागजहरू बलेको हेरिरहन्छे) । (यो प्रेम, ६६)

गङ्गाले शेखरलाई आत्मिकप्रेम गरेकी हुन्छ । उसले शेखर नामलाई सदैव आफ्नो हृदयमा सजाइरहँदा र आफ्नो विवाहित पतिलाई उचित प्रेम दिन नसकेकै कारण उसको लोग्नेको मृत्यु हुन पुगेको छ । शेखर कृष्णझैं नारी सौन्दर्यलाई, नारी अस्मितालाई र प्रेमको शाश्वततालाई धज्जी उडाउने पात्र हो । तलको उद्धरण त्यसैको पुष्टि गर्दछः-

गङ्गासितको मेरो सम्बन्ध प्रेम हुँदै हैन । ... मैले डरले मात्र हो त्यस्तो बिघ्न बदमाशी नगरेको, मन नभएर हैन । मुखले मात्र प्रेम प्रेम भनेर चिच्याएर के गर्नु सानुबाबू । मैले गङ्गासित गर्न खोजेको त्यो बदमाशी हो । प्रेम स्रेम केही हैन किनभने, किन त्यसरी आत्तिएको हैं तिमी ? पहिले कुरा त सुन्, किनभने गङ्गासित बदमाशी गर्न उत्तिको डर थिएन, त्यो प्रेमको नाउँमा बिक्न सक्दथी । (यो प्रेम, पृ. ३५/३६)

उपर्युक्त कथनमै शेखरले गङ्गाप्रति गरेको बदमासीको खुलासा गरेको छ । उसका कथनहरूबाटै ऊ कतिसम्म विश्वासघाती र बदमास छ भन्ने कुरा पुष्टि हुन्छ । शेखर प्रेमको नौटङ्की रच्दै नारीहरू माथि यौन अत्याचार गर्ने मतिभ्रष्ट पुरुष हो । शेखरले गङ्गालाई प्रेमिका ठानेकै छैन । ऊ स्वयंले गङ्गालाई प्रेम नभई बदमासी गरेको खुलासा गर्नुबाट शेखर काम निर्देशित वा असत्वृत्तिजन्य चरित्र हो भन्ने कुरा पुष्टि हुन्छ । उसले नारीहरूलाई भोग्या र रखौटीभन्दा अर्को रूपमा देखेकै छैन । नारीलाई पुरुषका खेलौना र पुतली मात्र ठान्ने ऊ पठित भएर पनि अत्यन्तै घीनलाग्दो र भोगी देखिन्छ । बाहिरतिर चोचोमोचो मात्र मिलाउने र चोसे प्रेम गरेको नौटङ्की रच्ने शेखरले आफ्नी श्रीमतीलाई उचित प्रेम र स्नेह नदिएकै कारण उसको मृत्यु भएको छ । जसको प्रमाण उसकै प्रस्तुत कथनले नै पुष्टि गर्छः-

सब उसलाई यसै त भन्थे- आहा नानी ! तिमीले देउताजस्तो पोइ पाएकी छौ । नानी तिमी कति भाग्यमानी ! कत्रो झूट ! उता भाग्यमानी नानी ! भाग्यमानी ठहरिन । बाहिरचाहिँ हँसिलो मुख लाउदै हिँड्दथिन् नानी । भित्रभित्रै पाकेको कोही देख्दैनथ्यो । यता म देउताचाहिँ राम्रो व्यवहारको ढोलो विषको मात्रामा मात्रा दिनहुँ थप्दै जान्थें, मलाई वाह वाह मिलिरहेको हुन्थ्यो । गङ्गा झन्झन् मतिर लहसिरहेकी हुन्थी, म झन्झन् राम्रो व्यवहार गर्दै जान्थें होला । ओहो ! त्यसरी मारें हगि त्यल्लाई मैले एकदम झ्यालढोका बन्द गरेर, मुखमा बुजो कोचेर, घाँटी अठ्याएर । (यो प्रेम, पृ. ३०)

कति धोका, कत्रो नाटक; कहाँसम्मको विश्वासघात । शेखरले आफ्नो अत्याचार, विश्वासघात र अपराधको खुलासा माथिको उद्धरणमा आफैं गरेको



Scanned by CamScanner

छ । यो प्रेम नाटककै पुरुषपात्र सानुबाबू पनि घरमा अँगालोभरिकी स्वास्नी हुँदाहुँदै बाहिरतिर षोडशीहरूको खोजीमा छुनछुनाउँदै हिँड्ने यौनपिपासु चरित्रका रूपमा देखापरेको छ । ऊ पनि घरकी स्वास्नीलाई बेवास्ता गरी शशिलाई दाउमा पार्ने प्रयासमा तल्लीन भएको देखिन्छ । उसले शशिको गरिबीप्रति सहानुभूतिशील बनेझैं गरी र उसको सरलता र सोझोपनको फाइदा उठाउँदै मोज लुट्न खोजेको छ । प्रस्तुत कथन त्यही बताउँछः-

सानुबाबूले नाटकको सुरुमै शशिलाई फसाउन घरमा ऊमात्र एक्लै भएका बखतमा भेट्न गएको छ । शशिको सुन्दरताको वर्णन गर्दै आफ्नी स्वास्नीको बदख्वाइँ गर्न उद्यत देखिएको सानुबाबूले शशिलाई माया गरेको, शशिलाई आफ्नै ठान्ने गरेको अभिव्यक्ति यसरी प्रस्तुत गरेको छः-

सानु.- मान्छे त राम्री होस् बा तँ ! निक्कै राम्री । तर हेर्, तैंले के यस्तो चुत्थो पाउडर ...

(यो प्रेम, पृ. ३)

सानु.- तैले ऐले लाएजस्तो तेरा कतिवटा सारी छन् हँ ? अस्ति पनि यही लाएको देखेथेँ । यही एउटै मात्रै ? मेरी स्वास्नीको त ...

शशि- के स्वास्नी-स्वास्नी भनेर चिच्चाइरह्या, छिः !

सानु.- त्यो त हेर्न । आफू म त्यसलाई असल-असल कुरा ल्याएर दिन्छु, लाउन जाने पो, ढङ्गै छैन । फेरि अनुहार हेरे । अब त जे मागे पनि चड्कन पो दिने विचार गरेको छु ।

शशि- चड्कन देऊ कि अरू थोकै, मलाई के वास्ता !

सानु.- हेर्, मेरी स्वास्नी त के भन्थी भने के, उसको माइतीतिरको नाताबाट तँ उसकी बहिनी पर्छेस् रे तू त मेरी साली पर्छेस् रे, क्या हो त साली नानी ! (यो प्रेम, पृ. ४)

सानु.- साँच्चै तैंले पो सम्झाइस् । कुरैकुरामा मैले त भुसुक्क बिर्सेको ।

शशि ! ऐले म सानुबालाई भेट्न आएको पनि यही कुराले हो । अहिले कुन्नि कुन ठाउँमा हो खाली छ रे, दाइले मलाई सानुबालाई गएर दरखास्त दिनू भनिदे भनेर पठाउनुभएको । सकेसम्म दाइले जर्नेलसाहेबसित भनसुन गरिदिनु हुन्छ रे । ...

शशि- लौ, बा सानुबाबू ! है त ? बालाई जागिर नगराई हुन्न । दाइलाई तिमीले पनि राम्ररी भन है ।

सानु.- तैंले भन्नुपर्छ र ! मौकामा तिमीहरूको निम्ति गर्न म बाँकी राखुँला, लौ तैं भन् बाँकी राखुँला ? म त सानुबालाई, तँलाई कहिले पनि बिर्सन्नँ । तँ पो हामीलाई वास्ता राख्दिनस् !

शशि- के वास्ता ? आम्मै, हामीले हेरविचार गर्नुपर्ने जस्तो तिमीहरूको त्यस्तो हाम्रोजस्तो अवस्था के छ र ? हामीले के तिम्रो, के वास्ता ?

सानु.- हैन, हैन, मैले त्यस्तो भन्या त हैन । हेरविचार भनेको कहाँ हो र ? मेरो भनाइ के भने आफ्नो भन्ठानेर पराइ नठान्या खण्डमा त कहिलेकाहीं यसो दिउँसो बस्न तैंले हामीकहाँ आउन हुन्न ? कहिल्यै आइस् ? यसो आउन हुन्न आफ्नो भन्ठानेर ?

(यो प्रेम, पृ. १०/११)

सानुबाबूका उपर्युल्लिखित आफ्नी स्वास्नीको बदख्वाइँ, शशिको रूपलावण्यको वर्णन, शशिसँग सालीको नाता खुट्याइँ, शशिका पितालाई जागिर लगाइदिने आश्वासन सबै झुट्टा र बकमफुसे कुरा हुन् । ऊ शशिलाई कसरी फसाउन सकिन्छ भन्ने ध्याउन्नमा लागेको छ । शशिलाई 'साली' भनेर गिज्याउनुबाटै ऊ शशिसँग के गर्न चाहिरहेछ भन्ने कुरा पुष्टि हुन्छ ।

नारी समस्यालाई रिमालले आफ्ना नाटकमा जुनरूपमा चित्रण गरे त्यो नेपाली नाट्यसाहित्यकै पहिलो प्रयास थियो । रिमालपूर्वका पहलमानसिंह स्वाँर,



Scanned by CamScanner

बालकृष्ण सम, भीमनिधि तिवारी प्रभृत्तिका नाटकमा यस्तो खालको नारी चेतना पाइन्न । नेपाली समाजमा व्याप्त नारी अत्याचारको चित्रण गर्दै उनीहरूलाई विद्रोह गर्न लगाई नारी मुक्तिको स्वर घन्काउनु रिमालको नौलो प्रयोग र नयाँ प्रयत्न थियो । रिमालले नारी र पुरुषबीचको प्रेमलाई नयाँ अर्थ दिएका छन् । यिनका दुवै नाटकमा नारी समस्यालाई घनीभूत रूपमा उठान गरिएकाले रिमाल नेपाली नाट्यसाहित्यका पहिला नारी समस्यामूलक नाटककारका रूपमा देखापरेका छन् ।

**क्रान्तिकारी तथा विद्रोही चेतना**

रिमाल विद्रोही चेतना भएका कवि तथा नाटककार हुन् । यिनले सामाजिक विकृति तथा विद्रुपताका विरुद्धमा लेखनीलाई बेजोडरूपमा अगाडि बढाएका छन् । यिनका नाटक तथा कवितामा उक्त स्वर प्रबल रूपमा मुखर भएको भेटिन्छ । तलको उद्धरण त्यसैको नमुना हो:-

(क) म गर्छु देश-सेवा बल देऊ लौ मलाई
मलाई होस् सबैको आनन्द औ भलाई
तिम्रै गरी पुकारा अर्पण गरेर भेटी
हामी भयौं फुका सब दासत्वलाई मेटी
ए शम्भु (वा देवी) लौ मलाई बल देऊ लौ मलाई । (उपाध्याय, १४ : २०४९)

(ख) बखत भयो यही हो बेला नजर उघारी हेरीदेऊ
त्यो दिलबाट नभए हटाई उज्यालो हावा फैलाइदेऊ
जो देख्छौ हालत भित्री तहको तिमीलाई अन्य भनुँ म कसरी ?
जो सुन्छौ आवाज भित्री मनको तिमीलाई बैरी भनुँ म कसरी ?
हे देवी ! दुर्गे ! जगतकी आमा पुकारा हाम्रो सुनिदेऊ
हामी नेपाली हाम्रो यो भाव सबमा फिँजाइदेऊ । (पूर्ववत्)

माथि उल्लिखित भक्तिगानबाटै रिमालभित्र दासत्वप्रति कति आक्रोश थियो अनि उनी कति स्वतन्त्रताप्रेमी थिए भन्ने कुरा अवगत हुन्छ । रिमालमा तल्कालीन व्यवस्थाका विरुद्धमा एक किसिमको विद्रोही चेतना वा भनौं क्रान्तिकारी भावना जागृत भैसकेको थियो । त्यसैर त उनी पशुपति र शोभाभगवतीमा बिहान-बेलुकी माथि उल्लिखित भक्तिगान मीठो पाराले वाचन गरी जनमानसमा चेतना फैलाउन र शासकहरूका विरुद्धमा एकताबद्ध हुन आह्वान समेत गर्न पुग्थे । यिनका कवितामा राष्ट्रियता र क्रान्तिकारी चेत कसरी मुखर भएको देखिन्छ त्यसको पनि अध्ययन गरी हेरौं :-

रातो र चन्द्रसुर्जे, जङ्गी निसान हाम्रो
जिउँदो रगतसरि यो, बल्दो यो सान हाम्रो ॥
हिमाल झैं अटल यो, झुकेन यो कहिल्यै ।
लत्रेन यो कहिल्यै जङ्गी निसान हाम्रो ॥
यो जन्मदै जगत्मा कैयौं प्रहार आए ।
साम्राज्य दुई हारे, हारेन सान हाम्रो ॥
जबसम्म चन्द्रसुर्जे आकाशमा रहन्छन् ।
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो ॥
गाईसरि छन् साधु जोजो यहाँ जगत्मा ।
सबको सरण बलियो, जङ्गी निसान हाम्रो ॥
(आमाको सपना, ३४)

रिमाल राष्ट्रिय अस्मिता, देशभक्तिको भावना, आत्मगौरव, जातीय स्वाभिमान र उत्साहका स्रष्टा थिए भनिएन भने यिनीप्रति अन्याय हुन जान्छ । माथिको कविताले नै रिमालको राष्ट्रिय स्वाभिममानको भावनालाई पुष्टि गरिसकेको छ । रिमालका रचनाहरू रुन्चे भावनाले नभई उत्साहले भरिपूर्ण देखिन्छन् । यिनका कवितामा अभिव्यक्त क्रान्तिकारिता र विद्रोही चेतनाको अर्को नमुना पनि साभार गरौं :-



Scanned by CamScanner

एक जुगमा एक दिन एकचोटि आउँछ
उलटपुलट, उथलपुथल, हेरफेर ल्याउँछ
लाटासुधा बोल्न थाल्छन्, चल्छ ओठ दुःखको
सहे भनी सम्झिएका ईख फेर्न उठ्तछन्
गए भनी नदेखिएका फर्कीफर्की आउँछन्
सुते भनी फ्याँकिएका जुरुजुरु हिँड्छन्
खरानी हुन्छ भरभराउँदो, हुरी चल्न थाल्दछ
कायर पनि वीर हुन्छन् वेग चल्छ जोशको
हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ
एक जुगमा एक दिन एकचोटि आउँछ ।

(आमाको सपना, ३४)

माथिका कविताबाटै प्रष्ट हुन्छ कि रिमाल क्रान्ति र हुङ्कारका सर्जक थिए भन्ने कुरा । रिमालमाजस्तो सच्चा क्रान्तिकारिता र विद्रोही चेतना यिनी अघि र पछिका स्रष्टाहरूमा यति चोटिलो र धारिलो रूपमा प्रस्फुटन भएको फेला पर्दैन । वास्तवमै रिमाल जोश, उत्साह, हाँक र हुङ्कारका कवि थिए । रिमाल शदीयौंदेखि जरा गाडेर बसेको निरङ्कुशतालाई जनआन्दोलनको आँधीले हुत्याउन चाहन्थे । उनी परिवर्तन चाहन्थे; हेरफेर, उलटपुलट चाहन्थे । यिनी राज्य र समाज यथास्थिमै रहेको पटक्कै रुचाउँदैनथे । यिनी समुन्नति चाहन्थे, अग्रगमन चाहन्थे, नियमितताको क्रमभग्नता चाहन्थे । यिनका रचनाले त्यसैको प्रमाण पेस गर्छन् । यिनी देशमा प्रजातन्त्र फलेफुलेको हेर्न चाहन्थे । यिनी चाहन्थे देश विकास र समाज सुधार । त्यसैका निम्ति साहित्यका माध्यमबाट यिनी हरेक नेपालीलाई सचेत र जागरुक तुल्याउन कस्सिए । यिनका रचनामा राष्ट्रिय स्वाभिमान, नेपालीको वीरता र क्रान्तिकारी चेत भरिएकैले त आज पनि हामी देश सङ्कटममा पर्दा, देशभित्र निरङ्कुशता हाबी हुन लाग्दा हामी यिनकै रचनाहरूको खोजी गर्छौं । रिमालले आफ्ना सृजनामा देशभक्तिको भावना, राष्ट्रिय अस्मिता, जातीय स्वाभिमान र क्रान्तिकारी स्वर उच्च ढङ्गले प्रकट गरेका छन् । रिमाल दासता स्वीकार्ने अनि निरङ्कुशतालाई टुलुटुलु हेरेर बस्ने स्वभावका व्यक्ति थिएनन् । उनी त सामन्तका किल्लाहरूमा धावा बोल्न चाहन्थे । निरङ्कुशताका पर्खालहरू फोड्न चाहन्थे र अत्याचारका विरुद्धमा भिड्न चाहन्थे । त्यही चेतना उजागर गर्न यिनले साहित्यलाई माध्यम बनाए । हुन पनि एउटा सचेत कलाकारका लागि समाजलाई दीक्षित गर्ने साहित्य भन्दा अर्को कुन माध्यम उपयुक्त हुन्छ र ! रसियन कलाकार माक्सिम गोर्कीले त्यहाँको जनक्रान्तिलाई सफल बनाउन साहित्यलाई नै त उपयोग गरेका थिए । प्रसिद्ध वामविचारक तथा रसियन जननेता लेनिनको 'गोर्की नभएका भए रसियन जनक्रान्ति सफल हुने थिएन' भन्ने कथन त्यसैको प्रमाण हो । परिवर्तका हिमायतीहरू जनता र देशप्रति भइरहेका अन्याय, अत्याचार, दमन अनि बेइमानी सहेर बसिरहँन सक्दैनन् । रिमालले तत्कालीन निरङ्कुशताबाट उकुसमुकुस भइरहेको नेपाली समाजमा जागरण ल्याउनका लागि अनि जनतालाई आफ्नो अधिकार खोसेर ल्याउने हिम्मत दिलाउनका लागि साहित्यलाई माध्यम बनाए । हुन पनि देशलाई सङ्कट पर्दा सचेत कलाकर्मीले गर्ने असल कर्म यही नै त हो नि । रिमाल निरङ्कुश शासकहरूसँग झुक्ने अनि उनकै भजन गाएर व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुब्ने व्यक्ति थिएनन् । उनले त्यसो गरेको भए किन पो बहुलाउनु पर्थ्यो र ? रिमाल निरङ्कुशहरूका लागि डरलाग्दा झञ्झा थिए, आँधीबेहेरी थिए ।

रिमालका नाटकमा पनि कवितामा झैं विद्रोही चेतना मुखर भएको भेटिन्छ । यिनका नाट्यपात्रहरू विशेष गरी नारी पात्रहरू आफूमाथि भइरहेको अत्याचार र धोखा सहेर बस्ने खालका छैनन् । यिनका नारी पात्रहरू परेका बेला विद्रोह गर्न र आफूप्रति भइरहेको अत्याचारको भण्डाफोर गर्न पनि पछि पर्दैनन् । रिमालका नारी पात्रहरू पिन्चे र रुन्चे स्वभावका देखिन्नन् ।



Scanned by CamScanner

उनीहरूमा पुरुषविना पनि बाँच्न सकिन्छ । उनीहरूमा पुरुषको रखौटी बनेर बस्नुभन्दा एक्लै, आफ्नै निर्णयले पनि आत्मस्वाभिमानपूर्वक जिउँन सकिन्छ भन्ने चेतना देखिन्छ । तलको उद्धरण त्यही बताउँछ :-

गङ्गा- खोल्ने त ? हैन लाइदे । जोगी हुन्छु भनेर मलाई घुर्की लगाएको त हो त्यल्ले ।

शशि- तपाईंले विधवा भएर पनि छरितो-सुकिलो भएको मन परेन भनेको हैन ?

गङ्गा- ए, त्यसैले हो क्यारे ऊ जोगी हुन लागेको । हैन ? मलाई देखेर अलि नाक चेप्र्याएको त मैले पनि सम्झेको छु । हो, त्यसो पनि भनेको हो । मन परेन रे ! बुझिस् शशि ! हामीलाई सती तुल्याएर पाए भने, जिउँदै आगोमा हाल्न खोज्ने यस्तैहरू हुन् । तर सती नै हुनुपरेदेखि मैले जस्तो गरे भएन ? जुन उद्देश्यको आगोमा तेरो भिनाज्यू जले त्यसैमा म पनि जले भएन ? उनले भनेजस्तै गरी म यो छोरालाई मान्छे तुल्याउँछु, त्यति गरे म सती भइनँ ।

शशि- उसो भए ऊ जोगी हुन्न त ?

गङ्गा- हुँदैन (एकछिनपछि) तर शेखर हो बेर पनि छैन ।

शशि- बेर छैन ?

गङ्गा- हो । ढोका लाइसकिस् हैन ? लौ आ, यहाँ बस् ।

सानुबाबु- (ढोका घचघचाउँदै बाहिरबाट)

शशि- गङ्गा ! (एकछिन सन्नाटा)

शशि- ( ... ) तिमीहरू अबदेखि नआओ रे ।

शेखर- (... ) हो ।

गङ्गा- हो, जाओ । ( यो प्रेम, ६९ )

माथिको उद्धरणमा प्रेम गरेको बहानामा नारीसौन्दर्य र स्त्रीको अस्मितामाथि खेलवाड गर्ने यौनपिपासु शेखर र सानुबाबूप्रति गङ्गा र शशिले गरेको विद्रोह देखाइएको छ । मसान नाटकमा पनि यस्ता सन्दर्भहरू प्रशस्त छन् । एउटा उद्धरण :-

युवति- अझ पनि मलाई साथमा लैजान पुगेको छैन ? प्रायश्चित गर्न अझै बाँकी छ र ? यतिको माया गरिसकेपछि पाप जरुर पखालिइसकेको होला । तपाईंसित म कहाँ सँगै जाने ? आज त तपाईंको र मेरो बाटो छुट्टिन्छ । तपाईं आफ्नो बाटो लाग्नोस् म आफ्नो लिन्छु ।

कृष्ण- ( ... ) एक्लै ?

युवति- एक्लै ? हो, एक्लै त हो त । म एक्लै हुन जान लागेको । पोइल जान लागेको होइन ।

कृष्ण- (जसले यस्तो जवाफ पाउँला भनेर चिताएकै थिएन) । हरे !

युवति- स्वास्नीमान्छेहरू पनि एक्लै निर्भय हिँड्न सक्छन् । ( मसान, ६१)

युवतीले आफ्नो मातृत्व लुटिएको, बाँझी तुल्याइएको थाहा पाएपछि आफ्ना श्रीमान्का विरुद्धमा विद्रोह गरेकी छ । रिमालले कवितामा निरङ्कुशताका विरुद्ध, सामन्तवाद र दासताका विरुद्धमा विद्रोह गरेका छन् भने यिनका नाटकको विद्रोह पुरुषहरूको हैकमवादी सोँच र नारीहरूलाई घरकी पुतली र यौनप्यास मेट्ने साधन मात्र ठान्ने पुरुष मानसिकताका विरुद्धमा परिलक्षित देखिन्छ ।

आमा, त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ ।
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ ।
त्यसको कम्मरमा झुण्डिएको शीत झैं टल्कने
तिमी एक हतियार देख्नेछौ,
त्यसैले ऊ अधर्मसित लड्नेछ !
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्नेछौ,
तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ ।"



Scanned by CamScanner

हो र आमा ?
"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ;
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि;
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि;
तर त्यो मीठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !
त्यो तिमी नै हौला भन्ने
मेरो यौनवभरिको सपना थियो !
जे होस् त्यो आउँछ;
म आमा हुँ, सारा सृजनशक्तिको मुख भएर
म भन्न सक्तछु,
त्यो आउँछ,
...
हो, त्यो आउँछ
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ ।
भन म उठें, गएँ ।
तर त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो ।"

(आमाको सपना, १/२)

रिमालको क्रान्तिकारी तथा विद्रोही चेतनाको उत्कर्षका रूपमा प्रतिष्ठित यस कवितामा रिमालमा निहित प्रजातन्त्र र स्वतन्त्रताप्राप्तिप्रतिको भोक उच्च रूपमा प्रकट भएको देखिन्छ । निरङ्कुशताका अगाडि झुक्न र घुँडा टेक्न नजान्ने रिमाल हुङ्कार र आगो उकेल्ने कवि हुन् भन्ने साक्ष्य प्रस्तुत कविताले प्रमाणित गर्दछ । रिमाल त क्रान्तिका पक्षमा बिगुल फुक्ने कविका रूपमा देखापरेका छन् । नाटकमा प्रयोग गरिने संवादात्मक शैलीलाई कवितामा यति मीठो पाराले प्रयोग गरी झञ्झा र तुफानका कविता रच्ने रिमाल हालसम्मकै नेपाली कविताका एक्लो एकलव्य हुन् भन्दा अत्युक्ति नहोला ।

**सरल भाषाशैली**

रिमालमा देखा पर्ने अर्को प्रवृत्ति हो सरल भाषाशैलीको उपयोग । रिमाललाई जटिल, दुरुह तथा क्लिष्ट भाषा मन पर्दैन । यिनी प्रयोगवादी झैं अमूर्त लेखन र चेतनप्रवाह शैलीको प्रयोग गरी रचनालाई असम्प्रेष्य र दुर्बोध्य तुल्याउँने सर्जक पनि हैनन् । यिनलाई आफ्ना कृतिमा बौद्धिकता र दार्शनिकता प्रदर्शन गर्न पनि मन पर्दैन । रिमाल त सरल रूपमै प्रकट हुन्छन् । सरलतामै मूर्त हुनु यिनको स्वभाव हो । रिमाललाई जटिलता र दूरान्वय मन पर्दैन । त्यसो त रिमाल बक्रोक्ति र व्यङ्ग्यार्थमा खोजिरहनु पर्ने सर्जक पनि हैनन् । रिमाल नाटक विधामा अधिकांश रूपमा अभिधार्थमै मूर्तिकरण भए पनि कविताका सन्दर्भमा भने यिनी ध्वन्यार्थ र व्यञ्जनार्थमा मूर्त भएको पनि फेला पर्छन् । यिनको आमाको सपना भित्रका आमाको सपना, तिमी को ? प्रति ..., परिवर्तनजस्ता कवितामा यो प्रवृत्ति देखापर्छ । नाटकका सन्दर्भमा रिमाललाई खोज्नु लक्ष्यार्थका तहसम्म पनि पुग्नु पर्दैन । समीक्षकहरू भन्ने गर्छन्, "कुशल वा उच्च स्तरको कवि वा साहित्यकार व्यङ्ग्यार्थमा बोल्छ, मध्यमस्तरको लक्ष्यार्थमा र अधम खालको अभिधार्थमा ।" तर प्रस्तुत कथन रिमालको नाट्यकारिताका सन्दर्भमा अलि मेल खाँदैन । उनको कवि व्यक्तित्व ध्वन्यार्थ, व्यङ्ग्यार्थ नै छ तर नाटकीय व्यक्तित्वमा यो कथन त्यति, जँच्दैन । रिमालको भाषा सरल हुन्छ । उनी तत्समबहुल भाषाको प्रयोग गर्दैनन् न त गर्छन् ताना शर्माका झैं झर्रा शब्दको प्रचुर उपयोग नै । उनी त जनबोली समात्ने कलाकारका रूपमा देखापरेका छन् । यथार्थवादीहरू चोसे बन्न जान्दैनन् । उनीहरू उच्च बौद्धिक तथा दार्शनिक तवरले पनि प्रकट हुन्नन् । उनीहरू सरल र सबैले बुझ्ने भाषामै मूर्त बन्छन् । उनीहरूको लेखनमा



Scanned by CamScanner

आडम्बर पाइन्न न त पाइन्छ वेदान्तको भुसिलो डकार नै । रिमालको नाटकीय भाषा त्यसैको साक्ष्य प्रमाणित गर्दछ । एक उद्धरण :-

कृष्ण- अहिले यस बेला कहाँ जाने अब ? भोलि सँगसँगै जाने ।
युवति- हैन, म अहिले नै जान्छु ।
कृष्ण- पर्दैन, अहिले जान ।
युवति- हैन, तपाईं अहिले केही पनि नखाने ?
कृष्ण- अहँ । पेट टन्न छ । खूब खाइयो पास्नीको भोज ।
युवति- अलिकति दूध पनि नखाने ?
कृष्ण- अहँ ।
युवति- नत्र म ल्याइदिन्छु । बेर भो ।
कृष्ण- अहिल्यै के त । खान परे भरे खाउँला ।
युवति- वाग्मती, ए वाग्मती !
वाग्मती- (नेपथ्यमा) हजुर !
युवति- बाजेको दूध लिएर आ ।
कृष्ण- पर्दैन भन्या । म खान्नँ । हैन, तिमी बस न, किन उभिरहेकी ?
(वाग्मती एक गिलासमा दूध लिएर आउँछे ।)
युवति- लगेर त्यो टेबिलमा राखिदे । हो लौ जा ।
(वाग्मती निस्कन्छे)
कृष्ण- तिम्री बहिनी त माइत गइन् हैन ?
युवति- (अलि ढीलो) अँ, हो । हैन उल्लाई तपाईंले फ्याँकी नै राख्ने अठोट गर्नु भो कि कसो ? विचरी कति ननिको मानेर गई ।

(मसान, २५)

गङ्गा- यो कुरा पनि तैंले पत्याइनस् हगि ? खैं तिमीहरूले पत्याउने कुरा कस्तो हुन्छ म त केही पनि थाहा पाउन्नँ । तँ त्यसरी पत्याउन्नस् तर मलाई पूरा पत्यार छ तेरो भिनाज्यूको जीउ लिदिने पनि यही मेरो विषालु मन हो ।
शशि- हैन दिदी ! हैन केही पनि हैन । के यो धामी बकेजस्तो बकिरहेकी ! दिदी, तपाईं ?
गङ्गा- मजस्ती बोक्सीलाई नबकाई त कहाँ छोड्न हुन्छ र ?
शशि- भो, भो ।
गङ्गा- भन्छन् नि पोइ छँदाछँदै अर्को लोग्नेमान्छेलाई मनमा खेलाउनु त परै जाओस् हेरे मात्र पनि आयु घट्छ भनेर । त्यो कुरा एकदम ठीक हो । मैले तेरो भिनाज्यूको आयु घटाएकी हुँ ।

(यो प्रेम, ५९)

यहाँ हामीलाई आफ्नो
अशक्यता नै प्रिय छ,
त्यसलाई छोप्ने अहङ्कार नै प्रिय छ !
त्यो उदाङ्ग पार्न खोज्ने तिमी को ?
यहाँ हामीलाई यो अलमल नै प्रिय छ,
यो धरमर नै प्रिय छ;
तर, हामी त्यसोलाई त्यसो भन्न चाहँदैनौं;
त्यो भन्ने तिमी को ? (आमाको सपना, २६)

माथि साभार गरिएका उद्धरणहरूको विश्लेषणबाटै रिमाल आफ्ना नाटक तथा कवितामा कति छोटो, मीठो र सरल भाषाको प्रयोग गर्छन् भन्ने कुरा पुष्टि हुन्छ । रिमालमा न त तत्सम शब्दप्रतिको मोह छ, न त आगन्तुक शब्दकै । पात्रको स्तरअनुकूलको भाषा प्रयोग गर्न रिमाल सिद्धहस्त देखिन्छन् । रिमालमा संस्कृत साहित्यका नाटककार कालिदासका झैं स्त्री, नोकर र पुरुष तथा राजकीय व्यक्तित्वले बोल्ने भाषामा फरकपन पाइन्न । उनी नाटकका सम्पूर्ण पात्रलाई एउटै भाषा बोल्न लगाउँछन् । त्यसो त नेपाल खाल्टोमा एउटा मात्रै भाषा रहेको स्थिति पनि छैन । नेपालभित्र यत्रो विधि भाषिक विविधता छ तर पनि रिमाललाई नेपाली भाषाका अतिरिक्त अन्य भाषाले लोभ्याउन सकेका छैनन् । काठमाडौं खाल्टोभित्रै त्यत्रो नेवारी समुदाय छ; उनीहरूले प्रयोग गर्ने त्यत्रो समृद्ध नेवारी भाषा छ । अनि अर्कातर्फ



Scanned by CamScanner

नेपालभित्र विमातृभाषी नेपालीहरूले बोल्ने नेपाली भाषामै पनि त्यत्रो विधि अन्तर छ। नेपाली भाषाको पनि त्यति धेरै भाषिका, उपभाषिका छन् तर रिमाललाई त्यसको मोहले पनि आकर्षित गरेको छैन। रिमाल नेपाली भाषाको मानक रूपमै रमाएका छन्। रिमालले आगन्तुक भाषा हिन्दी र अङ्ग्रेजीको मोहलाई पनि पछ्याएका छैनन्। आधुनिक भनाउँदाहरूले, आफूलाई शिक्षित, पठित भन्न रुचाउनेहरूले अङ्ग्रेजीप्रति कति विघ्न मोह राख्छन् तर त्यस्ता ढोंगी र आडम्वरीहरू वा भनौं बोक्रे प्रवृत्तिलाई पनि रिमालले पटक्कै रुचाएका छैनन्। यिनको भाषा सरल भइकन पनि सरस छ र त्यही सरसताभित्र गहनता पनि छ। अनावश्यक रूपमा आदर्शको लेप लगाउने र परिष्कारका नाममा बोक्रेपनलाई पछ्याउने प्रवृत्तिदेखि पनि रिमाल अछुतो छन्। भाषामा सङ्क्षिप्तता ल्याउन उनी उसलाई नभनेर उल्लाई, अबेरलाई बेर, अहिले नै लाई अहिल्यै, भनेको लाई भन्या आदि रूपको प्रयोग गर्न पुगेको उदाहरण माथिकै संवादमा पाइन्छ। उनका कृतिमा फेला पर्ने भाषा स्वाभाविक र आडम्बरमुक्त छ। यिनै प्रमाणहरूका आधारमा रिमाल सरल भाषाका साहित्यकार हुन् भन्ने कुराको पुष्टि हुन्छ।

### अल्पपात्र तथा नारीबहुलपात्रको उपयोग

रिमालको यो प्रवृत्ति उनका कवितामा नभई नाटकमा देखापर्छ। रिमालले आफ्ना नाटकमा आवश्यक मात्र र थोरै पात्रको प्रयोग गर्छन्। अधिक पात्रको प्रयोगले कृति भद्रगोल पार्ने प्रवृत्ति रिमालमा छैन। रिमाल नाटकमा धेरै पात्रको प्रयोग गरी नाट्यशिल्प र संरचनामा जटिलता ल्याउने नाटककार हैनन्। यिनी आवश्यक मात्रै र थोरै पात्रको प्रयोग गरी नाटकीय कथानक वा विषयवस्तुलाई आस्वाद्य पार्ने नाटककार हुन्। रिमालका नाटकहरू रैखिक कथानक ढाँचामा रचिएका हुन्छन्। भग्नक्रम तथा वक्रशैली रिमाललाई मन पर्दैन।

रिमालको मसान नाटकमा कृष्ण, भोटु, युवती (हेलेन), दुलही, वाग्मती, सासू, ससुरा, नोकरहरू, नोकर्नी र अन्य पात्रहरू देखापर्छन्। नाटकमा कृष्ण र युवतीले नायकत्वको भूमिका निर्वाह गरेका छन्। दुलहीको भूमिका पनि सहनायिकाका रूपमा देखापर्छ। अन्य पात्रहरू सहायक भूमिकामा छन्। नाटकमा कृष्ण र युवती सक्रिय चरित्रका रूपमा देखापर्छन्। यिनीहरूको उपस्थिति नाटकको आरम्भदेखि अन्त्यसम्म छ। वाग्मतीको उपस्थिति अघिल्लो आधाको दृश्य-५ बाट पछिल्लो आधाको दृश्य-४ सम्म छ। दुलही कृष्णकी दोस्री श्रीमती भएकाले यसको उपस्थिति अघिल्लो आधाको दृश्य-२ बाट पछिल्लो आधाको दृश्य-४ सम्म छ। दुलही अघिल्लो आधाको दृश्य-२ मा पन्ध्र वर्षको उमेरमा भित्र्याइएकी छे भने पछिल्लो आधाको दृश्य-४ मा सोह्र वर्षको उमेरमा एउटा छोरो जन्माई श्रीमान्बाट उचित प्रेम र स्नेह नपाउँदा त्यसैका कारण चिन्ताव्याकुल भई मृत्युवरण गर्न पुगेकी छ। भोटु अघिल्लो आधाको शुभारम्भ दृश्य-१ देखि दृश्य-२ सम्म मात्र देखापरेको छ। कृष्णले युवतीका मनमा अन्तर्निहित वात्सल्यप्रेमको तिर्खा मेटाइदिन दोस्री श्रीमती नभित्र्याइञ्जेलसम्म भोटुको उपस्थिति देखिन्छ। कृष्णको धर्मपुत्रका रूपमा पालित ऊ कृष्णले सन्तानका निम्ति दुलहीलाई भित्र्याएपछि विस्थापित भएको छ। कृष्णकी आमा कतै आमा सम्बोधन र कतै सासू नामको सम्बोधनले नाटकमा उपस्थित भएकी छे। भोटुको दाज्यू तीनवटा संवादमा (अघिल्लो आधाको दृश्य-२ मा) उपस्थित भई हराएको छ। नाटकमा नोकर र नोकर्नीको उपस्थिति अघिल्लो आधाको दृश्य-२ र दृश्य-४ मा देखिन्छ। दृश्य-४ मा नोकरहरू छैनन्। नोकर्नी मात्र देखापरेकी छ। नाटकमा ससुराको उपस्थिति अघिल्लो आधाको दृश्य-२ मा पाँच ठाउँमा बुहारी (दुलही) भित्र्याउने बेला मात्र देखापरेको छ। नाटकको सुरुदेखि अन्त्यसम्म देखापर्ने दुलही पनि नाटकमा बिहे भएपश्चात्



Scanned by CamScanner

धेरै ठाउँ देखापरेकी छे । यसरी हेर्दा मसान नाटकको कूल संवाद ६७६ मध्ये युवतीको संलग्नता २४५ वटा संवादमा देखापर्छ । कृष्ण १७८ वटा संवादमा उपस्थित छ । भोटु ६ वटा संवादमा संलग्न भएको देखिन्छ । नोकर्नी २६ वटा संवादमा उपस्थित छे । पहिलो नोकर ४ वटा र अर्को नोकर ५ वटा संवादमा संलग्न देखिन्छन् । नोकर ७ वटा संवादमा उपस्थित भएको छ । भोटुको दाज्यू ३ वटा संवादमा देखापर्छ भने धेरैजसो- एउटा संवादमा उपस्थित छन् । ससुरो बुहारी (दुलही) लाई भित्र्याउँदा ५ वटा संवादमा देखिएको छ । दुलही १०० वटा संवादमा संलग्न भएकी देखिन्छे भने बाग्मती ६१ वटा संवादमा सहभागी भएकी छ ।

मसान नाटकको माथि उल्लिखित संवादात्मक क्रियाकलापमा सहभागी भएकाहरूको आधारमा विश्लेषण गर्दा नाटकको नायकत्वको भूमिकाका रूपमा देखापर्ने कृष्ण सुरुदेखि अन्तिमसम्म कूल पृष्ठ संख्या ६२ (अठारौं प्रकाशन २०६३ बमोजिम) मध्ये २५ वटा पृष्ठहरू क्रमशः ८ देखि १४, १९ देखि २३, ४० देखि ४६, ५४ देखि ५९ गरी जम्मा २५ वटा पृष्ठहरूमा अनुपस्थित देखिन्छ । ऊ नाटकको नायक हो । नाटकको शुभारम्भ उसकै संवादबाट भएको छ र अन्त्य पनि उसकै संवादबाट भएको देखिन्छ । नाटककी केन्द्रीय पात्र युवती नाटकमा क्रमशः, १, २०, ४१ देखि ४३, ४७ देखि ५०, ५५ र ५६ गरी जम्मा ६२ पृष्ठमध्ये ११ वटा पृष्ठमा मात्र अनुपस्थित देखिन्छे । नाटकीय संवादमा सबैभन्दा बढी संवादहरू यसकै उपस्थितिमा खर्चिएका छन् । नाटकको दोस्रो पृष्ठदेखि वा भनौं अघिल्लो आधाको दोस्रो पृष्ठदेखि पछिल्लो आधाको दृश्य-३ सम्म वा अन्तिम पृष्ठ र संवादसम्मै यसको भूमिका देखिन्छ । नाटकीय संवादको तेस्रो स्थानमा आउने सहनायिकाका रूपमा देखापर्ने दुलही अघिल्लो आधाको दृश्य-४ पोइका घरमा भित्र्याइएपश्चात् संवादात्मक क्रियामा सहभागी देखिन्छे यो पनि नाटकका सबै पृष्ठमा आएकी छैन । यसको भूमिका दृश्य-४ (अघिल्लो आधाको) बाट पछिल्लो आधाको दृश्य-४, पृष्ठ-५८ सम्म (मृत्युवरण नगरुञ्जेल) जम्मा २२ वटा पृष्ठहरूमा देखापर्छ । नाटककी अर्की महत्त्वपूर्ण नै मान्नुपर्ने पात्र बाग्मती अघिल्लो आधाको दृश्य-५ बाट पछिल्लो आधाको दृश्य-४ सम्म जम्मा २२ वटा पृष्ठहरूमा देखापरेकी छ । यी बाहेक नाटकका अरू पात्रहरू त्यति उल्लेख्य छैनन् । मसान नाटकमा नाटकीय संवाद र नाटकीय पृष्ठ संख्याहरूमा पात्रहरूको उपस्थितिलाई हेर्दा नारी पात्रहरूकै बाहुल्यता देखिन्छ । नाटकमा महत्त्वपूर्ण भूमिका खेल्ने पात्रहरू पनि नारीहरू नै छन् । नाटकको कुल संवाद सङ्ख्या ६७६ मध्ये ४०६ संवादमा नाटकका केन्द्रीय तथा सहायक पात्रका रूपमा नारी पात्रको संलग्नता देखिन्छ । अर्कातर्फ नाटकको केन्द्रीय तथा सहायक जे भने पनि एक्लो देखापर्ने कृष्ण जम्मा १७८ वटा संवादमा देखापर्छ । यस आधारमा विश्लेषण गर्दा मसान नाटक नारी पात्रको अधिक प्रयोग गरिएको वा नारी बहुल पात्र भएको नाटक हो भनी पुष्टि हुन्छ ।

रिमालको अर्को नाटक यो प्रेममा पात्रहरू क्रमशः आमा, शेखर, गङ्गा, सानुबाबू, शशि, भाइ र काले देखा पर्दछन् । यो नाटकका प्रमुख पात्रहरू शेखर, गङ्गा, सानुबाबू र शशि हुन् । शेखरकी आमा पनि नाटककी उल्लेख्य पात्रका रूपमा देखापरे पनि यसको भूमिका गौणजस्तै छ । नाटकमा कुल ७५६ संवाद छन् । त्यसमध्ये यस नाटकमा सबभन्दा बढी संवादमा सानुबाबू देखापर्छ । यसले २२९ वटा संवादमा आफ्नो सहभागिता जनाएको छ । यो नाटकको प्रथम अङ्कको पृष्ठ २ बाट तृतीय अङ्कको पृष्ठ ६९ सम्म (सातौं प्रकाशन २०६२ अनुसार) देखापर्छ । नाटकको संवादात्मक क्रियामा सानुबाबूपश्चात् शशि-२०९ वटा संवादमा उपस्थित



Scanned by CamScanner

भएकी छ। यो नाटकको शुभारम्भ गर्ने पात्र हो। यसको भूमिका नाटकको सुरुदेखि अन्तिमसम्म देखापर्छ। नाटकमा तेस्रो संवादात्मक क्रियामा सहभागी पात्र गङ्गा हो। यो १५२ वटा संवादमा सहभागी भएकी छे। यसको उपस्थिति नाटकको प्रथम अङ्कको पृष्ठ १६ बाट देखापर्छ। नाटकको समापन यसकै संवादबाट भएको छ। नाटकको चौथो पात्र अथवा संवादात्मक क्रियामा चौथो स्थानमा देखापरेको पात्र शेखर हो। यो नाटकका १०२ वटा संवादमा सहभागी भएको छ। यो नाटकको द्वितीय अङ्कबाट मात्र उपस्थित भएको छ। नाटकमा लामा-लामा संवादमा उपस्थित यो पात्र नाटकको तृतीय अङ्कको पृष्ठ ६९ सम्म देखापरेको छ। नाटककी अर्की स्त्री पात्र शेखरकी आमा ४२ वटा संवादमा उपस्थित छे।

संवादमा सहभागिताको आधारमा तथा उपस्थिति र केन्द्रीयताका आधारमा चर्चा गर्दा यो प्रेममा स्त्री पात्रले ४०३ संवाद ओगटेका छन् भने पुरुष पात्रले ३३१ वटा। नाटकमा सन्दर्भ विशेषले शेखरकी श्रीमती, गङ्गाको छोरो र श्रीमान् पनि आएका छन्। तर उनीहरूको संवादात्मक क्रियाकलापमा कुनै भूमिका देखापर्दैन। यसरी नाटकीय विषयवस्तुको केन्द्रीयता तथा नाटकीय समस्यामा प्रमुख र नाटकीय संवादको सक्रियतामा यो प्रेममा पनि पुरुषका तुलनामा नारी पात्र नै अगाडि देखिन्छन्। यिनै आधारहरूले रिमाल आफ्ना नाटकमा नारीबहुल पात्रको प्रयोग गर्छन् भन्ने कुराको पुष्टि हुन्छ।

रिमालका नाटकमा पात्रहरूको भद्रगोल पनि छैन। मसानमा कृष्ण, युवती (हेलेन), वाग्मती, सासू र दुलहीजस्ता पात्रहरू नाटकको केन्द्रीयतामा देखापर्छन्। अन्य भोटु, ससुरा, नोकर, नोकर्नीहरू, भोटुको दाज्यू गौण पात्रका रूपमा आएका छन्। तैपनि यी पात्रहरू नाटकीय संवादको जम्मा ५७ स्थानमा मात्र देखापरेका छन्। त्यस्तै यो प्रेममा आमा, शेखर, गङ्गा, सानुबाबू, शशिजस्ता पात्रहरूको भूमिका प्रमुख देखिन्छ। यस नाटकमा भाइ र कालेको गौण भूमिका छ भने गङ्गाको श्रीमान् गङ्गाको छोरो र शेखरकी श्रीमती सन्दर्भ विशेषले स्मरण मात्र गरिएका, नाटकीय संवाद र अभिनयमा सहभागी नभएका नेपथ्यगत पात्र हुन्। यिनै साक्ष्यहरूका आधारमा रिमाल अल्प वा थोरै पात्रको प्रयोग गर्ने नाटककार हुन् भनी विश्लेषण गर्न सकिन्छ।

**द्वन्द्वात्मकता**

रिमालको यो प्रवृत्ति मुख्यतः नाटकविधामै देखापर्छ। जर्ज वनार्ड श को 'No Conflict no Drama' अथवा द्वन्द्वविना नाटक हुनै सक्तैन भन्ने कथनबाटै नाटकका लागि द्वन्द्व कति अपरिहार्य हुन्छ भन्ने कुरा अवगत हुन्छ। द्वन्द्व नाटकको ऊर्जा हो, आत्मा हो। जसरी आत्मा वा ऊर्जाविना चाल, गति वा प्राणको परिकल्पना गर्न सकिन्न त्यस्तै द्वन्द्वविना सफल नाटकको कल्पना गर्न सकिन्न। जीवन-जगत्को अनुकरण गरिने अभिनेयात्मक विधाका रूपमा परिचित नाटकमा द्वन्द्व अपरिहार्य रहन्छ। दुई विरोधी विचार वा दुई भिन्न शक्ति, वृत्ति वा परिस्थितिबीचको द्वन्द्वका कारण नै नाटक जीवन्त बन्छ। द्वन्द्व विकास प्रक्रियाको कारक समेत भएकाले द्वन्द्वविना नाटक जीवन्त बन्न सक्तैन। नाटकमा लैङ्गिक हिसाबले नारी, पुरुष, वर्गीय हिसाबले उच्च, मध्यम, निम्न, वैचारिक हिसाबले बौद्धिक, अबौद्धिक वा पठित, अपठित दार्शनिक, गवाँर तथा अन्य तवरले पनि विभिन्न खालका पात्रहरू ल्याइन्छन्। नाटकमा प्रस्तुत गरिएका विभिन्न चिन्तन र संस्कार बोकेका पात्रबीच वैचारिक टकराव वा चिन्तनगत विमति देखिन्छ। यसरी दुई भिन्न वृत्ति, शक्ति वा विचारबीचको द्वन्द्वकै कारण रिमालका नाटक विकसित भएका हुन्छन्। द्वन्द्वकै कारण रिमालका नाटकहरू सफल र आस्वाद्य बनेका छन्।



Scanned by CamScanner

नाटकीय द्वन्द्व दुई किसिमका हुन्छन्- आन्तरिक र बाह्य । पात्रका मनभित्रका दुई विचार, वृत्ति वा शक्तिबीचको मनोद्वन्द्व आन्तरिक द्वन्द्व हो भने दुई पात्रका भिन्न शक्ति वा विचारबीचको वैचारिक बेमेल बाह्य द्वन्द्व हो। नाटकमा दुवै खाले द्वन्द्वको प्रयोग गरिन्छ। रिमालका नाटकमा बाह्य र आन्तरिक दुवै द्वन्द्वको उपस्थिति पाइन्छ । यिनका नाटकमा राजनीतिक, सामाजिक, सांस्कृतिक, भाषिक, साम्प्रदायिक, धार्मिक, भौगोलिक, वर्गीयजस्ता सर्वाधिक चर्चित र लोकप्रतिष्ठित द्वन्द्व पाइन्न, न त यिनका नाटकमा प्राकृतिक द्वन्द्वकै उपस्थिति देखिन्छ ।

रिमालका नाटकमा सत्ता प्राप्तिका लागि, कुनै वाद वा सिद्धान्तको स्थापनाका लागि, कुनै धर्म वा सम्प्रदायको प्रचारका लागि, कुनै भाषा, संस्कृति, भेषभूषा, रहनसहन र आनीबानीको स्थापनाका लागि द्वन्द्वविधान आयोजना गरिएको छैन । नारीसत्ता नस्वीकार्ने, स्त्रीलाई हीन र अपमानित ठान्ने, नारीअस्तित्व तथा नारी धर्मको महत्ताबोध नगर्ने पुरुष र नारीधर्मको संरक्षण, नारीजागरण, नारीसत्ता, नारीउन्मुक्ति तथा नारी स्वतन्त्रता चाहाने नारीहरूबीचको दुई भिन्न विचारले रिमालका नाटकमा द्वन्द्वको सिर्जना गरेको पाइन्छ । समाजको एउटा वर्ग जो नारीलाई भोग्या र यौनदासीभन्दा अर्को देख्दैन, भोग वा वासना नै नारी र पुरुषबीचको सम्बन्ध अर्थ्याउँछ अनि अर्को वर्ग जो मातृशक्ति, वात्सल्यप्रेम, आत्मिकप्रेम आदिमा विश्वास गर्छ यी दुईबीचको वैचारिक तथा मानसजन्य व्यतिरेकीमा रिमालको नाटकीय द्वन्द्व सघन बन्न पुगेको छ । समाजका सबै पुरुषहरू भोगी, कामी, तथा विषय-वासनादि चाहने छैनन् । नारीसत्ताको महिमा तथा गरिमाबोध गर्ने, नारीधर्मको संरक्षण चाहने पुरुषहरू पनि हाम्रै समाजमा छन् । समाजको एउटा त्यस्तो पुरुष वर्ग छ जो यौन र सांसारिक भोगाविलासमै आफूलाई समर्पित गर्छ । यस्तो खाले पुरुषवर्गको नेतृत्व पश्चिमा नग्न तथा छाडा संस्कृतिबाट प्रभावित आधुनिक पुस्ताको उरन्ठचाउले युवाजमातले गरेको छ । रिमाललाई नारी र पुरुषबीचको सम्बन्धलाई यौनसँग अर्थ्याउने युवा जमातसँग घोर आक्रोश छ। रिमालले मनपर्दी यौनविलास गर्दै हिँड्ने वर्गप्रति आपत्ति जनाएका हुन् । उनले आफ्ना नाटकमा आत्मिकप्रेम र दैहिकप्रेम, मातृशक्ति र यौनशक्ति, रुढ मानसिकता र परिष्कृत मानसिकता, स्त्री र पुरुष, सत्वृति र असत्वृत्ति आदि बीचको द्वन्द्व देखाई मातृशक्ति नष्ट गर्ने पुरुषवर्गको बहिष्कारद्वारा नारीहरूलाई सचेत तुल्याएर मतिहीन पुरुषहरूलाई सही बाटोमा डोऱ्याउने प्रयत्न मात्र गरेका हुन् । रिमालले आफ्नो नाटकमा मूल रूपमा नारी समस्यालाई उभ्याई विवेकहीन र पथभ्रष्ट युवावर्गलाई कुन जुक्ति र उपायले सही बाटोमा ल्याउने भन्ने कडा चुनौती तेर्स्याएका छन् । यिनका मसान र यो प्रेम नाटकका कृष्ण र युवती तथा दुलही यो प्रेम नाटकका शेखर र शेखरकी श्रीमती एवं शेखर र गङ्गा अनि सानूबाबु र शशिबीच यौनशक्ति र मातृशक्तिका बीचको द्वन्द्व देखापर्छ ।

गोपालप्रसाद रिमाल नेपाली नाट्यसाहित्यमा परम्पराभन्दा भिन्दै र नितान्तरूपमा नौलो विषयवस्तुमा मात्र नभई परम्पराभिन्न द्वन्द्वविधान गर्ने सर्जकका रूपमा पनि देखापरेका छन् । यिनका नाटकमा पात्रको मानसिक वा आन्तरिक र बाह्य द्वन्द्वको सबल र प्रभावकारी रूपमा प्रयोग गरिएको छ। यिनका नाटक अवलोकन गर्दा पात्रको मानसिक वा अन्तर्द्वन्द्वभन्दा बाह्यद्वन्द्व अझै प्रभावकारी भेटिन्छ । रिमाल मूलतः नारीसमस्यामूलक नाटककार भएकाले यिनका नाटकमा लैङ्गिक द्वन्द्व अत्यन्तै सबल र प्रभावकारी भएर देखापरेको छ । त्यसो त यिनका नाटकमा वर्गीय वा आर्थिक द्वन्द्वको पनि प्रयोग नभएको त हैन तर यो मार्क्सको द्वन्द्वात्मक भौतिकवादी चिन्तन



Scanned by CamScanner

मुताविकको हुन सकेको छैन । यिनका नाटकमा भौगोलिक वा क्षेत्रीय, राजनीतिक, रङ्गीय आदि द्वन्द्वको आयोजना भएको पाइन्न ।

रिमालका नाटकको मूल द्वन्द्व लैङ्गिक नै हो । पुरुषहरूमा अन्तर्निहित यौनेच्छा र नारीहरूमा अन्तर्निहित मातृत्व वा वात्सल्यप्रेमको भाव नै रिमालका नाटकमा वैचारिक रूपमा देखापर्ने द्वन्द्व हो । रिमालका नाटक यौनेच्छा र मातृत्व भावबीचको वैचारिक द्वन्द्वको परिपाकले उत्कर्षमा पुगेका छन् ।

रिमाल छोटा-मीठा र लघु आयामका कविता तथा नाटक लेखेका छन् । कविताको लघु आयाममा मात्र कलम चलाएका रिमालका फुटकर कविताहरू बढीमा चार पृष्ठ सम्मका छन् । यिनको सबभन्दा लामो कविता नारी चार पृष्ठको त्यसपछि रजतजयन्ती र सान्त्वना ३ पृष्ठका छन् भने अन्य रचनाहरू १ देखि दुई पृष्ठसम्मका छन् । त्यस्तै यिनको यो प्रेम नाटक पृष्ठ ७१ र मसान नाटक ६२ पृष्ठको छ । यिनले आफ्ना नाटकलाई अङ्क र दृश्यमा विभाजन गरेका छन् । यिनको मसान नाटक अघिल्लो आधा र पछिल्लो आधा गरी प्रमुख दुई खण्डमा विभाजित छ भने प्रत्येक खण्डलाई पाँच-पाँच दृश्यमा विभाजन गरिएको छ । त्यस्तै यो प्रेम नाटक तीन अङ्कमा विभाजन गरिएको छ । यस नाटकको पछिल्लो अङ्क तीन दृश्यमा विभाजित छ । यसरी नाटकलाई अङ्क र दृश्यमा विभाजन गर्ने रिमालको आफ्नै विशेषता हो । छोटा नाटकहरू, सङ्क्षिप्त र स्वाभाविक संवादहरू, थोरै पात्रहरू, सहज र सरल भाषा आदिका कारण रिमालका नाटक आस्वाद्य बनेका छन् । अनि अर्कातिर रिमालका नाटकहरू अभिनयका लागि पनि त्यत्तिकै सफल छन् । अभिनेयात्मक धर्म बोकेका यिनका नाटकमा धेरै दृश्य र थुप्रै परिवेशको चित्रण पनि पाइन्न । तसर्थ यिनका नाटक मञ्चीय दृष्टिले पनि सफल नै छन् ।

**निष्कर्ष**

आधुनिक नेपाली साहित्यमा एक युगान्तकारी व्यक्तित्वका रूपमा देखापरेका गोपालप्रसाद रिमालले नेपाली कविता र नाटकका क्षेत्रमा परम्पराभन्दा भिन्न खालको स्वर आमन्त्रण गर्न पुगेका छन् । नेपाली नाट्यसाहित्यले रिमालको आगमनपश्चात् नै यथार्थवादी चेतना प्राप्त गरेको हो भने नेपाली कवितामा पनि मुक्त लयको प्रवर्तन यिनीबाटै हुन पुगेको हो । रिमाल कल्पना र भावुकतामा रम्ने व्यक्ति थिएनन् । नैतिकता र औपदेशिकता रुचाउने स्रष्टा पनि थिएनन् । न त उनमा भाग्यवाद, नियतिवाद, अलौकिकता, आध्यात्मिकता र रहस्यात्मकताप्रति मोह नै जाग्यो । उनी उच्च र उदात्त मानिने पात्र, घटना र परिवेशको चित्रणमा पनि रमेनन् । उनी आत्मगत दृष्टिकोण अँगाल्ने वायवीय प्रवृत्ति भएका स्रष्टा पनि थिएनन् । रिमाल आलङ्कारिकता, चामत्कारिकता र भव्यताजन्य शैली रुचाउने स्रष्टाका रूपमा पनि देखापरेनन् । यति हुँदाहुँदै पनि रिमाल नेपाली साहित्यमा किन ज्वाज्वल्यमान् भास्करका रूपमा उदित भए भन्ने प्रश्न उठ्न सक्छ ? निम्न र मध्यम वर्गीय पात्रको चयन गर्ने रिमाल सरल र सहज शैलीशिल्पमा समाजका साधारण तथा हीन पक्षको प्रस्तुति गर्ने वस्तुगत तथा वैज्ञानिक दृष्टि भएका यथार्थवादी स्रष्टा हुन् । रिमालले कसैले नदेखेको र नरोजेको बाटो रोजे । नेपाली कविता साहित्यमा गद्यात्मकता भित्र्याएर चर्चित बनेका रिमाल गद्य कविताका पर्याय मात्र बनेनन् नारीसमस्यामूलक यथार्थवादी नाटककारका रूपमा समेत प्रतिष्ठित बने ।

रिमाल नयाँ लेख्ने र नौलो मार्ग पहिल्याइदिने स्रष्टा थिए । राणाकालीन परिवेशमा हुर्किएर पनि आफूलाई निडर र खरो व्यक्तित्वका रूपमा उभ्याउन सक्ने रिमाल हिम्मतिला र हक्की व्यक्तित्व थिए । रिमाल



Scanned by CamScanner

कसैको नजर नपुगेको ठाउँमा दृष्टि क्षेपण गर्ने सर्जक थिए । रिमाल आधुनिक जमानाका कवि तथा नाटककार थिए । यिनलाई परम्पराप्रति मोह तथा चासो थिएन । यिनी पुराना, थोत्रा र जीर्ण सामाजिक चिन्तनलाई फेर्न चाहन्थे । यिनी स्वतन्त्रताका सेनानी थिए । हुङ्कार र विगुलमय क्रान्तिका गति गाउँने रिमाल साँच्चै नेपाली साहित्यका दरिला, भरपर्दा र हक्की स्तम्भ थिए ।

रिमाल सङ्ख्यात्मकतामा भन्दा गुणात्मकतामा विश्वास गर्ने सरल भाषाशैलीका स्रष्टा हुन् । यिनको भाषा सरल छ । यिनी पाण्डित्याइँ तथा बौद्धिकताको प्रदर्शन गर्ने उद्देश्यले साहित्य सिर्जना गर्ने स्रष्टा हैनन् । रिमाल त सामान्य जनबोलीको प्रयोग गर्ने स्रष्टा हुन् । रिमालले मञ्चीय वा अभिनयका दृष्लि सफल नाटकका सृजना गरे । रिमालका नाटकमा अल्पपात्र तथा नारीबहुल पात्रको प्रयोग गरेको पाइन्छ । धेरै पात्रहरूको उपस्थितिले नाटक भद्रगोल पार्ने प्रवृत्ति रिमालमा पाइन्न । समग्रमा रिमाल नेपाली साहित्यका गद्य कवि, यथार्थवादी तथा नारी समस्यामूलक नाटककार, विद्रोही तथा क्रान्तिकारी सर्जक, बिम्ब, प्रतीक तथा अलङ्कारका सफल प्रयोक्ता, द्वन्द्वका कुशल आयोजक, सरल भाषाशैलीका स्रष्टा आदिका रूपमा नेपाली साहित्यमा देखापरेका हुन् ।

**सन्दर्भसूची**


उपाध्याय, केशवप्रसाद, साहित्य-प्रकाश, काठमाडौं : साझा प्रकाशन, २०५९ ।

_______________, नेपाली नाटक र नाटककार, काठमाडौं : साझा प्रकाशन, २०६१ ।

_______________, रिमाल : व्यक्ति र कृति, काठमाडौं : साझा प्रकाशन, २०४९ ।

_______________, दुःखान्त नाटकको सृजन परम्परा, काठमाडौं : साझा प्रकाशन, २०५५ ।

चापागाई, निनु, मार्क्सवादी चिन्तनमा सौन्दर्य, काठमाडौं : साझा प्रकाशन, २०६४ ।

जोशी, रत्नध्वज, आधुनिक नेपाली साहित्यको झलक, काठमाडौं : साझा प्रकाशन,२०५० ।

त्रिपाठी, वासुदेव, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग-२, काठमाडौं : साझा प्रकाशन, २०५८ ।

डा. नगेन्द्र, अरस्तुका काव्यशास्त्र, इलाहवाद भारत : भारती भण्डार, सन् १९८६ ।

नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान, २०६० ।

रिमाल, गोपालप्रसाद, आमाको सपना, काठमाडौं : साझा प्रकाशन, २०६३ ।

___________, मसान, काठमाडौं : साझा प्रकाशन, २०६३ ।

___________, यो प्रेम, काठमाडौं : साझा प्रकाशन, २०६२ ।




Scanned by CamScanner

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

शर्मा, ताना, सम र समका कृति, काठमाडौं : साझा प्रकाशन, २०४८ ।

शर्मा, ताना, नेपाली साहित्यको इतिहास, काठमाडौं : साझा प्रकाशन, २०५६ ।



Scanned by CamScanner

# शुक्लागण्डकी नगरपालिकामा भू-उपयोग परिवर्तन

उपेन्द्र पौडेल*

**सार**

*भू-आवरण धरातलीय सम्पदाहरू (कृषिभूमि, जलाशय, चरनभूमि, बुट्यान, ढुङ्गा-बालुवा आदि) हुन् भने भू-उपयोग, सम्पदाहरूको उपयोग हो। मानवले आफ्नो जीवनयापनको क्रममा सम्पदाहरूको उपयोग (भू-उपयोग) गर्दा भू-आवरण र भू-उपयोगको स्वरुपमा पनि सामयिक परिवर्तन हुने गर्दछ। यसै अनुरुप यो अध्ययन पनि शुक्लागण्डकी नगरपालिकामा भू-आवरण/भू-उपयोगको परिवर्तनसँग सम्बन्धित छ। यो अध्ययन सन् १९७८-१९९८, १९९८-२०१५ र १९७८-२०१५ अवधि बीचमा भएका भू-आवरण र भू-उपयोगको अवस्था पत्ता लगाउने उद्देश्यले गरिएको छ। यस अवधिमा शुक्लागण्डकी नगरपालिका ग्रामीण परिवेशबाट नगर (शहर) मा परिणत हुने सङ्क्रमणको अवस्थामा रहेकोले पनि यहाँको भू-आवरण/भू-उपयोग परिवर्तनको स्वरुप सोही अनुरुप भएको छ। यस कार्यका लागि प्राथमिक र सहायक दुवै प्रकारका तथ्याङ्कहरू प्रयोग गरिएको छ। समग्रमा हेर्दा यो अवधिमा बस्ती, कृषिभूमि र वन क्षेत्रमा वृद्धि भएको देखिन्छ भने नाङ्गो जमिन, झाडी-बुट्यान, घाँसे क्षेत्र र बलौटे खुला क्षेत्र घटेको देखिन्छ। यसो हुनुको पछाडि यि क्षेत्रहरु कृषिभूमि र शहरी बस्तीका लागि घर-घडेरीको रुपमा उपयोग हुँदै गएकोले हो भन्ने स्पष्ट छ। वनक्षेत्र बढ्नुका पछाडि विगतमा इन्धनका रूपमा व्यापक उपयोग हुँदै आएको दाउरालाई ग्याँस (LPG) ले विस्थापन गर्नु रहेको छ भने सामुदायिक वन अवधारणाले पनि यसमा थप योगदान पुऱ्याएको छ। यसरी सामयिक रुपमा हुने भू-आवरण/भू-उपयोग परिवर्तनको तथ्यलाई मनन् गरी यसका आधारमा योजना तर्जुमा गरेर यथासमयमा शहरी भू-व्यवस्थापन गर्नु नितान्त आवश्यक छ।*

**मुख्य शब्दहरू**: भू-आवरण, भू-उपयोग, सम्पदा, जीवनयापन, परिवर्तन, धरातल

**परिचय**

भू-आवरण (Land cover) भन्नाले विभिन्न वस्तुहरुद्वारा सतह ओगट्नु वा ढाक्नुलाई बुझिन्छ। धरातललाई जङ्गल, कृषिभूमि, जलाशय, चरनभूमि, बुट्यान, ढुङ्गा-बालुवा आदि विभिन्न वस्तुहरू (स्रोत, सम्पदा) ले ढाकेका हुन्छन्; यसैलाई भू-आवरण भनिन्छ। मानिसले विभिन्न सामाजिक, सांस्कृतिक एवं आर्थिक उद्देश्यले धरातलीय सम्पदाहरू को उपयोग गर्नुलाई भने भू-उपयोग (Land use) भनिन्छ। सामान्यतया भू-उपयोगको स्वरुपलाई भौतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, प्राविधिक एवं राजनीति गतिविधि आदिले निर्धारण गर्दछन् (Sharma and Khanal, 1996)। वास्तवमा भू-उपयोग, मानवद्वारा भू-सम्पदाको उपयोग

*सह-प्राध्यापक पृथ्वीनारायण क्याम्पस

ISSN : 2392-4519 (Print)

Scanned by CamScanner

गरी विभिन्न वस्तुहरुको उत्पादन र उपभोगको क्रममा गरिने सतत् क्रियाकलापहरुद्वारा सिर्जना हुने स्थिति र अवस्था हो ।

सर्सर्ती हेर्दा भू-आवरण र भू-उपयोग उस्तै जस्तो देखिए तापनि यी दुईमा केही आधारभूत भिन्नताहरु छन् । भूसतहमा उपलब्ध विभिन्न सम्पदाहरू, जसले सतहलाई ढाकेर आवरणको रूपमा रहेका हुन्छन, त्यसलाई भू-आवरण ( Land cover ) भनिन्छ र तिनै भू-आवरणको रूपमा उपलब्ध वातावरणीय स्रोत सम्पदाहरूलाई विभिन्न उद्देश्य अनुरुप प्रयोग गर्दा सृजना हुने स्थिति भू-उपयोग हो । अर्थात भू-सतहमा देखिने जैव-भौतिक (Bio-physical) तत्वहरू भू-आवरण हुन भने तिनै भू-आवरण तत्वहरुको उपयुक्त व्यवस्थापन, उपयोग, आपूर्ति व्यवस्था आदि भू-उपयोग हो (FAO, 2000) । उदाहरणका रुपमा, भू-सतहमा रहेका वन-, कृषिभूमि, जलाशय, चरनभूमि, बुट्टयान, ढुङ्गा-बालुवा आदि भू-आवरण हुन् भने वनलाई सामुदायिक वन, राष्ट्रिय निकुञ्ज, चरनभूमि, कृषिवन, बुट्टयान क्षेत्र आदि फरक क्षेत्रहरू निर्धारण गरी पृथक रूपले उपयोग गर्नु भू-उपयोग हो । यसै अनुरुप विभिन्न जलस्रोतले भू-सतह ढाक्नु भू-आवरण हो भने खानेपानी आपूर्ति प्रणाली, मत्स्यपालन, जलविहार, जलविद्युत प्रणाली आदि भू-उपयोगका प्रकारहरू हुन् । कुनै पनि ठाउँको भू-आवरण र भू-उपयोगको अवस्थालाई नियालेर हेर्ने (अवलोकन गर्ने) हो भने यसको स्वरुप स्पष्ट रूपमा दृष्टिगोचर हुन्छ । भू-उपयोग, मानव र वातावरण विचको अन्तरक्रियाको प्रतिफल हो । कुनै पनि ठाउँको भू-उपयोगका अवस्था र स्थिति त्यहिका मानिसको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थासँग सम्वन्धित रहन्छन् (Vink, 1975 ) । सामान्यतया भू-आवरण र भू-उपयोगको वास्तविक तथ्याङ्कहरू धरातलीय

नक्सा ( Topographical Map ), हवाई फोटो ( Aerial Photography ), भू-उपग्रह बिम्ब ( Satellite Image ) आदिको प्रस्तुतीकरणबाट प्राप्त गर्न सकिन्छ ।

भू-आवरण जीवनको महत्वपूर्ण आधार र जीवनयापनका लागि आवश्यक सम्पदा पनि हो । मानव जीवनका सामाजिक, आर्थिक, सांस्कृतिक सबै प्रकारका क्रियाकलापहरू भू-आवरणमै गरिने हुँदा आवश्यकता अनुसार मानिसले विभिन्न स्वरुपमा भू-उपयोग गरिरहेको हुन्छ । यस अनुरुप भू-आवरणका विभिन्न तत्व (सम्पदा) हरूलाई जीवनयापन ( Livelihood ) का क्रममा उपयोग ( Land Use ) गर्दा भू-आवरण र भू-उपयोगको स्वरुपमा पनि सामयिक परिवर्तन आउँछ ; यसलाई भू-आवरण / भू-उपयोग परिवर्तन ( Land Cover / Land Use Change ) भनिन्छ । अफ्र बर्तमान समयमा त सरकारी नीति र प्राविधिक विकासका कारणले पनि भू-आवरण / भू-उपयोगको स्वरूपमा व्यापक परिवर्तन भएको पाइन्छ (Chauhan, 199) । यसरी मानिसद्वारा जीवनयापनको क्रमसँगै सामयिक रुपमा गरिने भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक क्रियाकलापहरूले कुनै पनि क्षेत्र विशेष भू-आवरण र भू-उपयोगको स्वरुपमा परिवर्तन ल्याउने हुँदा भू-आवरण र भू-उपयोग परिवर्तन सम्बन्धि ज्ञान योजना तर्जुमा र स्रोत व्यवस्थापनमा अत्यन्त महत्वपूर्ण रहन्छ ; यसर्थ यसको अध्ययन गरी उपयुक्तरूपले स्रोत व्यवस्थापन गर्नु नितान्त आवश्यक छ ( Lillesand and Kirfer, 1999 ) ।

माथि उल्लेख भए अनुरुप शुक्लागण्डकी नगरपालिका क्षेत्रको सन् १९७८–१९९८, १९९८–२०१५ र १९७८ –२०१५ अवधि बिचमा भू-आवरण र भू-उपयोगको अवस्थामा आएको परिवर्तनको विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

शुक्लागण्डकी नगरपालिका तनहुँ जिल्लाका ५ वटा नगरपालिकामध्ये एक हो । साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दी सहित ३ वटा गाविस मिलाएर २०७१ वैशाख २५ गतेको मन्त्रीपरिषद्को निर्णय अनुसार २०७१ जेठ ७ गतेदेखि दुलेगौंडा बजारमा यसको आधिकारिक कार्यालय स्थापना गरी यो नगरपालिका



Scanned by CamScanner

सञ्चालन हुँदै आएको छ। राजधानी सहर काठमाडौंबाट १७० कि.मि.को दूरी र तनहुँ जिल्लाको सदरमुकाम दमौलीदेखि २१ कि.मि. पश्चिममा पृथ्वी राजमार्गको दायाँबायाँ फैलिएर रहेको यो नगरपालिका पोखरादेखि २५ कि.मि. दक्षिणमा लेखनाथ नगरपालिकासँग जोडिएर रहेको छ । यस नगरपालिकालाई १७ वटा वडामा विभाजन गरिएको छ । यो नगरपालिका २८°००'२२" देखि २८°०६'३०" उत्तरी अक्षांश र ८३°५९'३४" देखि ८४°०९'३४" पूर्वी देशान्तरबीच फैलिएको छ । समुद्र सतहबाट ४३० मि.उचाइ (म्याग्दे खोला र सेती नदीको सङ्गम) देखि १३०५ मि.सम्म (दगाम, कोटडाँडा) को धरातलीय प्रवणता (Slope gradient) रहेको यस नगरपालिकाको कूल क्षेत्रफल ९७.७१ वर्ग कि.मि. रहेको छ। यसको पूर्वमा मनपाङ गाविस; पश्चिममा राईपुर र फिरफिरे गाविसका साथै स्याङ्जा जिल्लाका केही भाग; उत्तरमा फिरफिरे र थप्रेक गाविस साथै कास्की जिल्लाको लेखनाथ नगरपालिका पर्दछ भने दक्षिणमा छाङ, भिमाद र भानुमति गाविसहरू पर्दछन् ।

सामान्यतया शुक्लागण्डकी नगरपालिकाको धरातलीय बनोट ३ प्रकारको छ। यहाँको १३.८४ प्रतिशत भू-भाग समुद्र सतहबाट ४३० मिटरदेखि ५०० मिटर बीचको नदी निर्मित तरा (River Terrace) हरूमा पर्दछ; रहेको देखिन्छ । ४५०० मिटरदेखि ७०० मिटरसम्मको ७.७४ प्रतिशत भू-भाग मैदानी टारहरू (Plain) छ भने ७०० मिटरभन्दा माथिको ३८.४२ प्रतिशत भ-ूभाग पहाडी धरातलयुक्त (Hilly area) छ। यहाँको धरतलीय भिरालोपनमा १०° भन्दाकम ढाल भएको जमीनको क्षेत्रफल २६.९२ वर्ग कि.मि., १०-२०° को ढाल भएको जमिन २७.२० वर्ग कि.मि., त्यसैगरी २०-३०° सम्मको ढाल भएको जमिन २६.५७ वर्ग कि.मि., ३०-४०° ढाल भएको जमिन १३.२७ वर्ग कि.मि. र सबभन्दा थोरै ४०° भन्दामाथि भिरालोपन भएको जमिन ३.७६ वर्ग कि.मि. रहेको छ (स्रोत: *DEM Satellite Image* को सहयोग लिई *GIS* प्रविधिबाट निर्धारण गरिएको ) । यस नगरपालिकामा विभिन्न प्रकारको माटो पाइन्छ । यहाँको कूल ९७.७१ वर्ग कि.मि.क्षेत्रफलमध्ये १६.१२ प्रतिशत क्षेत्रमा Fine loamy माटो, ५.६६ प्रतिशत क्षेत्रमा Fragmental sandy माटो ६.८० प्रतिशत क्षेत्रमा Loamy माटो र ७१.४२ प्रतिशत क्षेत्रमा Loamy Skeletal माटो पाइन्छ - Land Utilization Map, 1978 _

जलवायुका दृष्टिले यो नगरपालिका आर्द्र समशीतोष्ण मनसुन जलवायु प्रदेश अन्तर्गत पर्दछ । यहाँको अधिकतम तापक्रम गृष्ममा ३९° से. र न्यूनतम तापक्रम हिउँदमा ६° से. सम्मको वार्षिक अन्तरमा

चित्र नं. १: शुक्लागण्डकी नगरपालिका





Scanned by CamScanner

**अध्ययन विधि**

यस अध्ययन कार्यमा निम्नानुसारका प्राथमिक तथा द्वितीय तथ्याङ्कहरू प्रयोग गरिएका छन् र ति स्रोतहरुबाट प्राप्त तथ्याङ्कलाई GIS प्रविधिबाट आँकडा निर्धारण गरी भू-उपयोग र त्यसको परिवर्तनको परिमाण निर्धारण गरिएको छ ।

**(क) प्राथमिक तथ्याङ्कका स्रोतहरु :**

- अवलोकन

  सर्वप्रथम नगरपालिका क्षेत्रको सिमाना, वन-जङ्गल, बस्तीहरू, कृषि भूमि, चरन भूमि, सार्वजनिक स्थल आदि क्षेत्रको अवलोकन गरि भू-उपयोगलाई हवाइ फोटो , १९९८ को धरातलीय नक्शा (Topo Map) र गुगल स्याटेलाइट बिम्ब २०१५ (Google Satellite image 2015) को सहयोग लिइ क्षेत्र सत्यापन (Field Verification) गरिएको थियो ।

- जी.पी.एस.सर्भे

  क्षेत्रफल, उचाइ र दूरी निर्धारणका लागि जी.पी.एस. सर्भे विधिको उपयोग गरिएको थियो ।

- स्रोत व्यक्ति अन्तरवार्ता

  नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि, विगतको भू-आवरण/भू-उपयोग सम्बन्धी जानकारीका लागि प्रत्येक वडाबाट २ जना जेष्ठ नागरिकलाई स्रोत व्यक्तिको रूपमा छनोट गरेर खुला अन्तरवार्ता (Open Interview) गरि महत्वपूर्ण जानकारीहरु प्राप्त गरिएको थियो ।

- लक्ष्यित समूह छलफल

  नगरपालिका क्षेत्र र वडाको सिमाना विभाजनका लागि वडाबासीको भेला गराइ उनीहरुको प्रत्यक्ष सम्लग्नताका आधारमा (Focused Group Discussion) धरातलीय नक्शाको मद्दत लिई नगरपालिका क्षेत्र र वडाको सिमाना विभाजन गरिएको थियो ।

**(ख) द्वितीयक तथ्याङ्कका स्रोतहरू**

- १ : २५००० मान नापको Land Resource Mapping Project 1985 द्वारा तयार पारिएको नक्सा र १९९८ मा तयार पारिएको १ : २५००० मान नापको नक्सा ।
- Landsat ETM Satellite Image - 2008, Digital Elevation Model (DEM), Satellite Images and Google Earth Pro Satellite Image हरु ।
- साविक खैरेनीटार गाविस, दुलेगौंडा गाविस, ढोरफिर्दी गाविसका प्रोफाइलहरू साथै विभिन्न सङ्घ संस्थाका प्रतिवेदनहरूको पनि सहयोग लिइएको थियो ।

**परिणाम**

शुक्लागण्डकी नगरपालिकामा भू-आवरण / भू-उपयोग स्वरुप

भू-आवरण/ भू-उपयोग १९७८ : शुक्लागण्डकी नगरपालिकाको भू-आवरण/ भू-उपयोग अध्ययनका लागि सन् १९७८, १९९८ र २०१५ लाई आधार वर्ष मानिएको छ । सन् १९७८ को दशकमा यस नगरपालिकामा भू-आवरण/भू-उपयोगको अवस्था निम्नानुसार रहेको कुरा तालिकामा देखाइएको छ ।



Scanned by CamScanner

तालिका १ : सन् १९७८ मा भू-आवरण/भू-उपयोगको स्थिति

| क.सं. | भू-आवरण/भू-उपयोग विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| ज्ञ | गिट्टी तथा नदी बगर | ३.६८ | ३.७६ |
| द्द | टार, नदी निर्मित किनारी निम्न भूमि | १४.७४ | १५.१० |
| घ | घाँसेभूमि | ७.९१ | ८.०९ |
| द्ध | सालको जङ्गल | १७.८० | १८.२१ |
| छ | मिश्रित वन | २३.०७ | २३.६१ |
| ट | बारी | २७.७४ | २८.३९ |
| ठ | झाडी तथा बुट्यान | ०.४३ | ०.४४ |
| ड | खोरिया एवं खरबारी | ०.६९ | ०.७० |
| ढ | धान खेत | १.६५ | १.६८ |
| | जम्मा | ९७.७१ | १००.०० |

**स्रोत**: *Land Resource Mapping Project, 1985 (On the basis of 1978 aerial Photo, Survey Department).*

**भू-आवरण/ भू-उपयोग १९९८**

सन् १९९८ मा आइ पुग्दा शुक्लागण्डकी नगरपालिकाको भू-आवरण/भू-उपयोगको अवस्थामा केही परिवर्तन भएको देखिन्छ ; जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका २ : सन् १९९८ मा भू-आवरण/भू-उपयोगको स्थिति

| क.सं. | भू-आवरण/भू-उपयोग विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| ज्ञ | नाङ्गो जमिन | ०.०१ | ०.०१ |
| द्द | झाडी बुट्यान | १.८३ | १.८७ |
| घ | नदी कटान भिर तथा खस्ती | ०.२१ | ०.२१ |
| द्ध | कृषिभूमि | ५०.०९ | ५१.२६ |
| छ | नदी निर्मित किनारी भू-भाग | १.२२ | १.२५ |
| ट | वनक्षेत्र | ४०.७१ | ४१.६६ |
| ठ | घाँसेभूमि | १.३१ | १.३४ |
| ड | बलौटे भूमि | २.३३ | २.३८ |
| | जम्मा | ९७.७१ | १००.०० |

**स्रोत**: *Topographical Map, 1998 on the basis of 1996 Arial Photograph, Survey Department.*



Scanned by CamScanner

भू-आवरण/ **भू-उपयोग २०१५**

सन् २०१५ को दशकमा भू-उपयोग र त्यसको व्यवस्थापनमा विगतको भन्दा परिवर्तन हुँदै आएको देखिन्छ। त्यस समयको भू-आवरण/भू-उपयोगको स्वरूपलाई तलको तालिकामा देखाइएको छ :

तालिका ३ : सन् २०१५ मा भू-आवरण/भू-उपयोगको स्थिति

| क.सं. | भू-आवरण/भू-उपयोग विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| ज्ञ | नाङ्गो जमिन | ०.०१ | ०.०१ |
| द्द | बस्ती क्षेत्र | १.१६ | १.१९ |
| घ | झाडी बुट्यान | ०.७६ | ०.७८ |
| द्ध | नदी कटान भिर तथा खस्ती | ०.२१ | ०.२२ |
| छ | कृषिभूमि | ४८.९३ | ५०.०६ |
| ट | नदी निर्मित किनारी भू-भाग | १.२२ | १.२५ |
| ठ | वन क्षेत्र | ४२.४० | ४३.३९ |
| ड | घाँसेभूमि | ०.६९ | ०.७१ |
| ढ | बलौटे भूमि | २.३३ | २.३९ |
| | जम्मा | ९७.७१ | १००.०० |

स्रोतः *Google Earth* ले प्रयोग गरेको *Digital Globe Atrium Image, 2012.*

शुक्लागण्डकी नगरपालिकामा भू-आवरण/भू-उपयोग परिवर्तन

**तालिका** ४: भू-आवरण/भू-उपयोग परिवर्तन स्थिति (१९७८-१९९८, १९९८-२०१५ र १९७८ -२०१५)

(क्षेत्रफल वर्ग कि.मि.)

| क.सं. | भू-आवरण/भू-उपयोग विवरण | १९७८ | | १९९८ | | २०१५ | | परिवर्तन १९७८ -१९९८ | परिवर्तन १९९८ -२०१५ | परिवर्तन १९७८ -२०१५ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल | प्रतिशत | क्षेत्रफल | प्रतिशत | क्षेत्रफल | प्रतिशत | क्षेत्रफल | क्षेत्रफल | क्षेत्रफल |
| १ | नाङ्गो जमिन/ झाडी बुट्यान | ०.४३ | ०.४४ | १.८४ | १.८८ | ०.७७ | ०.७९ | १.४१ | -१.०७ | ०.३४ |
| २ | बस्ती क्षेत्र | ० | ०.०० | ० | ०.०० | १.१६ | १.१९ | ०.०० | १.१६ | १.१६ |
| ३ | नदी कटान भिर तथा खस्ती | ०.२१ | ०.२२ | ०.२१ | ०.२२ | ०.२१ | ०.२२ | ०.०० | ०.०० | ०.०० |
| ४ | कृषि भूमि | ४४.११ | ४५.१४ | ५०.०८ | ५१.२६ | ४८.९३ | ५०.०७ | ५.९८ | -१.१६ | ४.८२ |
| ५ | नदी निर्मित किनारी भू-भाग | १.०१ | १.०३ | १.२२ | १.२५ | १.२२ | १.२५ | ०.२१ | ०.०० | ०.२१ |



Scanned by CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | वन | ४१.३७ | ४२.३४ | ४०.७१ | ४१.६७ | ४२.४० | ४३.३९ | -०.६६ | १.६८ | १.०३ |
| ७ | घाँसे भूमि | ७.९१ | ८.१० | १.३१ | १.३३ | ०.६९ | ०.७१ | -६.६१ | -०.६१ | -७.२२ |
| ८ | बलौटे भूमि | २.६७ | २.७३ | २.३३ | २.३९ | २.३३ | २.३९ | -०.३४ | ०.०० | -०.३४ |
| | जम्मा | ९७.७१ | १००.० | ९७.७१ | १००.० | ९७.७१ | १००.० | | | |

**स्रोतहरु:** *i) Land Resource Mapping Project, 1985 (On the basis of 1978 aerial Photo, Survey Department).*

*ii) Topographical Map, 1998 on the basis of 1996 Arial Photograph, Survey Department.*

*iii) Google Earth* ले प्रयोग गरेको *Digital Globe Atrium Image, 2012.*

**चित्र नं. २ : भू-आवरण / भू-उपयोग परिवर्तनको स्वरूप** (१९७८–१९९८, १९९८–२०१५ र १९७८ –२०१५)




**स्रोतहरु:** *i) Land Resource Mapping Project, 1985 (On the basis of 1978 aerial Photo, Survey Department).*

*ii) Topographical Map, 1998 on the basis of 1996 Arial Photograph, Survey Department.*

*iii) Google Earth* ले प्रयोग गरेको *Digital Globe Atrium Image, 2012.*



Scanned by CamScanner

**निष्कर्ष**

माथिको तालिका नं. ४ र चित्र नं. २ मा देखाइए अनुरुप सन् १९७८-१९९८, १९९८-२०१५ र १९७८-२०१५ को अवधिमा शुक्लागण्डकी नगरपालिका क्षेत्रको भू-आवरण/भू-उपयोग प्रणालीमा सामयिक परिवर्तन आएको देखिन्छ। यी अवधिहरूमा, नाङ्गो जमिन तथा झाडी बुट्यान (Barren land) को स्थितिलाई हेर्दा सन् १९७८ देखि १९९८ को अवधिमा यसको परिमाण बढेको छ भने १९९८ देखि २०१५ को अवधिमा घटेको र १९७८ देखि २०१५ बीचको लामो अवधिमा न्यून दरले बढेको देखिन्छ। शहरीकरणको क्रममा जनसङ्ख्याको चाप बढ्न जाँदा प्राय कृषि भूमि र खुला क्षेत्र शहरी बस्तीमा परिणत हुनजान्छ (Rimal, 2010) । यसै अनुरुप यस नगरपालिकामा पनि बस्ती क्षेत्र (Built-up Area ) लाई हेर्ने हो भने १९७८ देखि १९९८ को अवधिमा यो अति न्यून रहनुले आँकडामा देखिएको छैन भने १९९८ देखि २०१५ को बीचमा यस क्षेत्रमा शहरीकरणको सुरुवातका कारण घरहरु थपिँदै जानाले १९९८ देखि २०१५ र १९७८ देखि २०१५ बीचको अवधिमा यसको क्षेत्र बढेको देखिन्छ। यस अवधिमा नदीकटान भिर तथा खस्ती (Cliff / Cutting ) को स्थिति साबिक नै रही कुनै परिवर्तन नआएको कुरा तथ्याङ्कले देखाएको छ । कृषि भूमि ( Cultivated Land) मा १९७८ देखि १९९८ बीचको अवधिमा व्यापक बृद्धि भएको देखिन्छ भने १९९८ देखि २०१५ को अवधिमा केही घटेको छ। यसो हुनुमा यस नगरपालिकामा शहरीकरणको सुरुवात भई बस्ती क्षेत्रको बिस्तार र शहरी क्रियाकलापको बढोत्तरीले कृषि कार्यमा सङ्कुचन हुन पुगेको देखिन्छ । यद्यपि १९७८ देखि १९९८ को अवधिमा बढेको कृषि भूमिको आँकडाले १९७८ देखि २०१५ को अवधिमा पनि यो बढेको देखिन गएको छ। सन् १९७८ देखि १९९८ को अवधिमा नदी निर्मित किनारी भू-भाग (Edge of Water bodies ) केही मात्रामा बढेको देखिन्छ भने १९९८ देखि २०१५ को अवधिमा स्थिर रहनुले १९७८ देखि २०१५ को अवधिमा न्यून मात्रामा बढेको देखिएको छ। सन् १९७८ देखि १९९८ को अवधिमा इन्धनको एक मात्र स्रोतको रुपमा दाउरा प्रयोग गरिनुले वन क्षेत्र (Forest Area) घट्न गएको छ भने १९९८ देखि २०१५ को अवधिमा शहरीकरणको प्रभाव र इन्धनको रुपमा ग्याँसको (LPG) प्रयोग बढ्न जाँदा दाउराको प्रयोग घटेर वन क्षेत्रमा बृद्धि भएको देखिन्छ । समग्रमा १९७८ देखि २०१५ को अवधिमा वन क्षेत्र बढ्न गएको छ । कृषि क्षेत्र र बस्ती क्षेत्र बढ्नुका कारण यी अवधिहरूमा घाँसेभूमि (Grass Land) को क्षेत्र ठूलो परिमाणमा घट्न गएको देखिन्छ भने कतिपय बलौटे भूमि (Sandy Area) लाई पनि कृषि भूमि र बस्ती क्षेत्रमा परिवर्तन गर्नाले यसको आँकडा पनि घटेको छ ।

शुक्लागण्डकी नगरपालिका २०७१ वैशाख २५ गते घोषित नयाँ नगरपालिका हो । यसर्थ यो शहरीकरणको प्रारम्भिक अवस्थामा नै छ ; यद्यपि ग्रामीण परिवेशबाट शहरको सुरुवाती अवस्थामा आइपुग्दा यसको भू-आवरण/ भू-उपयोगको स्थितिमा परिवर्तनहरू आइसकेको कुरा स्पष्ट देखिएको छ। मानव र स्रोत-सम्पदाका बीच हुने अन्तरक्रियाले भू-आवरण/भू-उपयोगको स्थितिमा क्रमिक रुपले परिवर्तन हुँदै जाने कुरा स्वयम्सिद्द छ। शुक्लागण्डकी नगरपालिकाले पनि शहरीकरणका चरणहरु पार गर्दै जाँदा यो प्रक्रिया अझ द्रूत बन्दै जाने निश्चित छ। यसबाट यहाँको भू-आवरण/भू-उपयोगको स्थितिमा तीब्र रुपले परिवर्तन आउने कुरामा पनि दुई मत छैन । यसरी आउने परिवर्तनले शहरको व्यवस्थापन (Urban Management), यसको सुन्दरता र सहजतामा क्रमिक रुपमा समस्या सिर्जना हुँदै जाने कुरा तथ्याङ्कहरूले इङ्गित गरेका छन् । यसर्थ यसको भू-आवरण/भू-उपयोगको स्थितिबारे सामयिक अध्ययन गरी देखिएका नतिजाअनुरुप शहरी योजना तर्जुमा गरी यसको व्यवस्थापनलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनु पर्ने कुरा अपरिहार्य छ ।



Scanned by CamScanner

**सन्दर्भसूची**

Chauhan, D.S. (1996). Studies in Utilization of Agricultural land. Agra : Educational Publishers, pp. 16-29.

Lillesand, T.M. and Kirfer, J.W. ( 1999 ). *Remote Sensing and image interpretation.* ( 4th ed.). New York: John Wiley and Sons.

LRMP, (1985). *Land Capability Report.* Kathmandu: Land Resources' Mapping Project. Kathmandu, Nepal.

Rimal, B. (2010). *Land Use Change Analysis of Kathmandu Metropolis, Using Remote Sensing and GIS.* Faculty of Earth Science and Environmental Management, Institute of Geography, University of Wroclaw, Poland.

Sharma, P. and Khanal, N.(1996). *Assing the Potential of Market Town in the Mountains: Case Studies from the Hindukush Himalay.* Kathmandu: occasional paper No. 25, ICIMOD, p.2

Vink, A.P.(1975. *Land Use in Advancing Agriculture.* New York: Spring Verlage, Heidelberg Berlin.



Scanned by CamScanner